# पोखराको हेमजाका छन्त्याल जातिको सामाजिक/सांस्कृतिक अवस्था

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत
इतिहास विषयको स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यक्रमअनुसारको
दशौँ पत्रको प्रयोजनका लागि
प्रस्तुत

# शोध-पत्र


**शोधकर्ता**

**मिलन के.सी.**

कक्षा रोल नं. ०४/०७१

त्रि.वि. दर्ता नं. ६-२-२२-१६९४-२०००

परीक्षा रोल नं. ४८०२३५

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण बहुमुखी क्याम्पस, पोखरा


२०७५

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तहको इतिहास विषयको पाठ्यक्रमअनुरूप दशौं पत्रको प्रयोजनका लागि मिलन के.सी. ले **"पोखराको हेमजाका छन्त्याल जातिको सामाजिक/सांस्कृतिक अवस्था"** शीर्षकको यो शोध-पत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो । शोधकर्ताले परिश्रमपूर्वक तयार पार्नुभएको यस शोधकार्यबाट म सन्तुष्ट छु। उक्त शोधकार्यको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०७५/०९/२०

4th January, 2019

..........................................

डा. राधाकुमारी भण्डारी (जि.सी.)

सहप्राध्यापक

इतिहास तथा संस्कृति विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

त्रिभुवन विश्वविद्यालय

मानविकी तथा सामाजिक शास्त्र सङ्काय

## पृथ्वीनारायण क्याम्पस, पोखरा

## इतिहास तथा संस्कृति विभाग

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय स्नातकोत्तर तह इतिहास विषयको दशौं पत्रको पाठ्यक्रमअनुरूप मिलन के.सी. ले **"पोखराको हेमजाका छन्त्याल जातिको सामाजिक/सांस्कृतिक अवस्था"** शीर्षकमा तयार पार्नु भएको शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| १. विभागीय प्रमुख | प्रा.डा. ज्ञानबहादुर कार्की | ............................... |
| २. बाह्य परीक्षक | डा. उमानाथ बराल | ............................... |
| ३. शोधनिर्देशक | डा. राधाकुमारी भण्डारी (जि.सी.) | ............................... |

मितिः २०७५/०९/२७

11th January, 2019

# कृतज्ञता ज्ञापन

कास्की जिल्ला पोखरा महानगरपालिकाको हेमजाका छन्त्याल जातिको सामाजिक तथा सांस्कृतिक अवस्था विषयक प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत इतिहास विषयको दशौं पत्रको प्रयोजनका निम्ति तयार पारिएको हो । यस शोधपत्र तयार पार्ने क्रममा पोखरा महानगरपालिका हेमजामा बसोबास गर्ने छन्त्याल जातिको पहिचान, सामाजिक, सांस्कृतिक, आर्थिक एवं शैक्षिक पक्षको अध्ययन तथा उनीहरूको जीवनमा आएको परिवर्तनलाई यथासम्भव प्रकाश पार्ने जमर्को गरिएको छ ।

नेपाल बहुजाति, बहुभाषी, बहुधार्मिक, बहुसांस्कृतिक, धर्मनिरपेक्ष तथा जातजातिले भरिएको सङ्घीय गणतान्त्रिक राष्ट्र हो । यहाँ मेचीदेखि महाकालीसम्म विभिन्न जातजातिका मानिसहरूको बसोवास भएको पाइन्छ। श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले नेपाललाई "चार जात छत्तीस वर्णको फूलबारी" को रूपमा चित्रण गरेका थिए । यहाँको भौगोलिक बनोट, हावापानी, धार्मिक तथा सांस्कृतिक स्रोतले सम्पन्न विविध जातिको सङ्गम स्थलका रूपमा चर्चित देशको फूलबारीको एउटा फूलको रूपमा रहेको जाति हो छन्त्याल जाति । पर्वतको विकट ठाउँ म्याग्दी जिल्लाको गुर्जाखानीबाट आई हाल कास्कीका विभिन्न ठाउँमा बसोवास गर्दै आएका छन्त्याल जातिका बारेमा यस अनुसन्धानमा प्रकाश पार्न गर्न खोजिएको छ। त्यस क्षेत्रमा रहेका छन्त्यालहरूको सामान्य पहिचान खुल्ने गरी उनीहरूको बसाइसराइको प्रभाव साथै हेमजाका छन्त्यालहरूको सामाजिक, सांस्कृतिक, आर्थिक साथै शैक्षिक पक्षको अध्ययनलाई पनि प्रकाश पार्ने जमर्को गरिएको छ, जसले उनीहरूका बारेमा अध्ययन-अनुसन्धान गर्ने अन्वेषकलाई केही हदसम्म सहयोग पुग्नेछ ।

यस विषयमा विभिन्न भ्रमहरू विद्यमान रहेको अवस्थामा यस जातिको सामाजिक एवं सांस्कृतिक पक्षका बारेमा अत्यन्तै कम मात्रामा जानकारी एवं कुनै पनि आधिकारिक पुस्तक नभएकाले साथै छन्त्याल जातिका बारेमा धेरै नै अनभिज्ञ भएको कारणले यस जातिको विभिन्न पक्षलाई उजागर गर्ने हेतुले यो शोधपत्र लेख्ने उत्प्रेरणा जाग्यो । विभिन्न परिस्थितिका बाबजुद मैले मेरो बुद्धि, विवेक, क्षमता, समय सीमाले भ्याएसम्म वास्तविक सत्यतथ्य प्रकाश पार्ने प्रयास गरेको छु। यस अध्ययनले अध्ययन क्षेत्रका छन्त्याल जातिहरूले आफ्ना बारेमा जानकारी लिन र भावी पुस्तालाई छन्त्यालका बारेमा अध्ययन-अनुसन्धान गर्न सहयोग पुऱ्याउने छ भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

नेपालका जातिहरूमध्ये ५९ जनजातिको सूचीमा सूचीकृत छन्त्याल जातिको समाज एवं संस्कृतिका बारेमा अध्ययन-अनुसन्धान गर्न हौसला प्रदान गर्ने र आवश्यक सुझाव एवम् सल्लाह दिनुहुने पृथ्वीनारायण क्याम्पस इतिहास तथा संस्कृति विभाग र सो विभागका विभागीय प्रमुख प्रा.डा. ज्ञानबहादुर कार्कीप्रति हार्दिक धन्यवाद दिन चाहन्छु साथै विभागका अन्य श्रद्धेय गुरु-गुरुआमाहरूप्रति हार्दिक कृतज्ञता  व्यक्त गर्दछु । आफ्नो कार्यव्यस्तताका बाबजुद पनि अध्ययनमा आवश्यक पर्ने राय, सुझाव, सल्लाह एवम् निर्देशन दिनुभई शोधपत्रलाई पूर्णता दिन अमूल्य योगदान दिनुहुने शोधनिर्देशक  सहप्राध्यापक डा. राधाकुमारी भण्डारीज्यूप्रति म सदैव ऋणी रहने छु। त्यसै गरी मलाई अमूल्य सुझाव, सल्लाह दिनुहुने आदरणीय गुरु डा. दिलबहादुर क्षत्री, उपप्राध्यापक चन्द्रकान्त पौडेल लगायत इतिहास विभागका सम्पूर्ण गुरुजनप्रति पनि हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। अध्ययनका विविध पक्षमा सघाउ पुऱ्याउने छन्त्याल मान्यजनहरू र उत्तरदाताहरूका साथै तथ्याङ्क सङ्कलनमा सघाउ पुऱ्याउने सम्पूर्ण महानुभावहरूप्रति पनि कृतज्ञ छु ।

शोधपत्र तयार गर्ने क्रममा स्थलगत सर्वेक्षण, तथ्याङ्क सङ्कलन आदि कार्यमा मलाई सहयोग गर्नुहुने नेपाल छन्त्याल संघ कास्कीका सचिव बमबहादुर छन्त्यालप्रति आभार व्यक्त गर्न चाहन्छु। साथै अमृत कम्प्युटर सर्भिस न्युरोड पोखरा परिवारप्रति धन्यवाद दिन चाहन्छु। यस तहसम्मको उच्च शिक्षा आर्जन गर्नका लागि मन, वचन र कर्मले सहयोग एवं प्रेरणा प्रदान गर्नुहुने बुबा चित्रबहादुर के.सी. र आमा देवमाया क्षत्री लगायत जीवनलाई सार्थक तुल्याउन सप्रेम सहानुभूति एवम् सहयोग प्रदान गर्ने मेरा श्रीमान् रामबहादुर थापाप्रति विशेष आभार प्रकट गर्दछु।

अन्त्यमा मिति २०७५।९।२० मा भएको यस शोधपत्रको मौखिक परीक्षा (Viva Voce) मा प्राप्त सुझावहरुलाई समेत समेटेर बाह्य परीक्षक डा. उमानाथ बराललगायत इतिहास तथा संस्कृति विभाग परिवारप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दै यो शोधपत्र प्रस्तुत गरेकी छु।

मिति : २०७५/११/१९
3rd March, 2019

**मिलन के.सी.**
**इतिहास तथा संस्कृति विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**पृथ्वीनारायण क्याम्पस**
**पोखरा**

# शोधसार

## परिचय

नेपाल आकारमा एक सानो राष्ट्र भए तापनि अनेकतामा एकता तथा विषमतामा समानता भएको राष्ट्र हो। अर्को शब्दमा भन्नुपर्दा नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक, एवम् बहुजातीय बसोबास रहेको एक भूपरिवेष्ठित तथा गणतन्त्रात्मक मुलुक हो। यहाँ सयौं वर्षदेखि नै विभिन्न जातजाति, भाषाभाषी तथा विभिन्न धर्मावलम्बीहरू विभिन्न स्थानमा बसोबास गर्दै आएका छन्। नेपाल अधिराज्यभरिमा १२८०० को हाराहारीमा रहेको छन्त्याल जाति पोखरा उपत्यकामा ८०० जति रहेका छन्।

छुट्टै भाषा, संस्कृति भएको  छन्त्याल जातिको मुख्य बसोबासस्थल म्याग्दी, बागलुङ र मुस्ताङ रहेको छ। विगतमा तामाखानीको उत्खनन् गर्ने छन्त्याल जाति हाल आएर यो समूह कृषि पेशाको साथसाथै व्यापार, व्यवसाय लगायत वैदेशिक रोजगारीमा समेत संलग्न रहेको पाइन्छ। यस जातिको परम्परा, भाषा, धर्म, संस्कृति गुरुङ, मगर र थकाली समदायसँग मिल्दोजुल्दो रहेको पाइन्छ।

नेपालमा ५९ प्रकारका जनजातिमध्ये छन्त्याल जाति सुविधावञ्चित जनजाति हो। छन्त्याल जातिको पनि आफ्नै भाषा, संस्कृति, रहनसहन, परम्परा रहेको छ। अल्पसंख्यामा रहेका छन्त्याल जातिहरू पनि नेपालका विभिन्न भेकमा छरिएर रहेका छन्। यस सन्दर्भमा कास्कीको हेमजाका छन्त्याल जातिको सामाजिक सांस्कृतिक साथै शैक्षिक र आर्थिक पाटोलाई केलाएर संक्षिप्त रूपमा अध्ययन गरी यहाँ प्रस्तुत गरिएको छ।

## उद्देश्य

प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्यहरू निम्न रहेका छन्।

क) छन्त्याल जातिको ऐतिहासिक पृष्ठभूमिबारे प्रकाश पार्नु।

ख) हेमजाका छन्त्याल जातिको सामाजिक पक्षको अध्ययन गर्नु।

ग) हेमजाका छन्त्याल सांस्कृतिक पक्षको अध्ययन गर्नु।

घ) हेमजाका छन्याल जातिको शैक्षिक, आर्थिक अवस्थाबारे प्रकाश पार्नु।

## ३. शोधविधि

प्रस्तुत अध्ययन छन्त्याल जातिको ऐतिहासिक सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवस्था भएकाले विवरणात्मक रहेको छ। आवश्यक सूचना, तथ्याङ्कहरूको सङ्कलनपछि सान्दर्भिक वर्णन र विश्लेषण गरिएकाले विश्लेषणात्मक र विवरणात्मक अध्ययन संरचनाका आधारमा यो शोध तयार गरिएको छ। यो अनुसन्धान कार्य प्रमुख रूपले निम्न अनुसारका प्राथमिक एवम् द्वितीय स्रोतहरूमा आधारित रहेको छ ।

१. प्राथमिक स्रोतहरू

यस अन्तर्गत प्रत्यक्ष रूपमा समस्यासँग सम्बन्धित कुराहरू बुझी शोधकर्ताले अध्ययन क्षेत्रमा पुगी छन्त्याल समुदायका निश्चित परिवारजनसँग सम्पर्क गरी लिखित रूपमा जवाफ लिने र लिखित रुपमा दिन नचाहने व्यक्तिहरूसँग समेत सम्बन्ध कायम गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट विषयवस्तुमा तथ्याङ्क बटुली अध्ययनलाई यथार्थ बनाउने प्रयास गरिएको छ ।

क) स्थलगत अवलोकन

तथ्याङ्क प्राप्त गर्न स्थलगत अवलोकन गरिएको छ । यस विधिद्वारा छन्त्यालहरूको घर, जीवन, शैली, खानपान, भेषभूषा, सामाजिक, सांस्कृतिक व्यवहार आदिका बारेमा सहभागी भई छन्त्यालहरू बसोबास गरेको स्थलको यथार्थ स्थिति थाहा पाउन यस विधिको प्रयोग गरिएको छ ।

ख) अन्तर्वार्ता/साक्षात्कार

यस अध्ययनको क्रममा प्रश्नावली विधि प्रयोग गरी यस जातिका बारेमा सम्बन्धित व्यक्तिसँग छलफल गरी आवश्यक तथ्याङ्क लिइएको छ। यसै क्रममा सूचनादाताको रूपमा नेपाल छन्त्याल संघ कास्कीका सचिव बमबहादुर छन्त्याल, कैप्रसाद छन्त्याल, सरिमा छन्त्याल, नन्दबहादुर छन्त्याल, कल्पना छन्त्याल, नरमान छन्त्याल, समय छन्त्याल महिला तथा पुरुषहरूसँगको अन्तर्वार्ता तथा साक्षात्कारबाट जानकारी दिइएको छ ।

२. द्वितीय स्रोतहरू

यस अन्तर्गत विभिन्न पत्रपत्रिका साथै छन्त्याल जाति सम्बन्धी पुस्तक, लेख, रचना, शोधपत्र आदिको अध्ययन र लाइब्रेरी अध्ययनबाट उपयोगी सहायक स्रोत सङ्कलन गरी शोधपत्र पूर्ण गराउने प्रयास गरिएको छ ।

क) तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

विभिन्न स्रोतहरू जस्तै : प्राथमिक र सहायक स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई आवश्यकता अनुसार समूहमा विभाजन टेबुलेसन, कोडिङ गरी विश्लेषण गरिएको छ। मूलतः उल्लेखित स्रोतबाट प्राप्त अध्ययन सङ्ख्यात्मक तथा वर्णनात्मक दुवै रूपमा प्रस्तुत गरिएको छ। प्राथमिक स्तरमा उपलब्ध तथ्याङ्कलाई आवश्यकताअनुसार विश्लेषण गरिएको छ ।

**४. अध्ययनको उपलब्धि**

१. मङ्गोल समुदायबाट आएका छन्त्यालहरू आफ्नो छुट्टै किसिमको भाषा, धर्म, संस्कृति भएका जातजाति हुन् । यिनीहरुको गुरुङ, थकाली, तामाङ, मगरको संस्कृतिसँग मिल्दोजुल्दो रहेको छ ।

२. पोखरा महानगरपालिका-२५ हेमजा, म्याग्दी चोकमा बसोबास गर्ने छन्त्याल पर्वत, म्याग्दी, बागलुङबाट आई म्याग्दी चोकमा बसोबास गर्दै आएको पाइन्छ ।

३. छन्त्यालहरू नेपाल अधिराज्यभरमा १२००० को हाराहारीमा बसोबास गरेको पाइन्छ ।

४. यस जातिले आफ्नो भाषा, धर्म, संस्कृति जोगाउन र सांगठनिक रूपमा छन्त्याल संघमार्फत् राष्ट्रिय सम्मेलन/महाधिवेशन गर्दै आएका छन् ।

५. यस जातिको खानी उत्खननबाट निकालिएका तामाको धाउ र ताम्रपत्रमा उल्लेखित विश्लेषणले यिनीहरुको ऐतिहासिकताको परिचय दिएको ।

६. मूलथलो छ्यान्टुङ्ग रहेको र छ्यान्टुङ्गबाट स्थानविशेषको आधारमा छन्त्याल भएको पाइने ।

७. उचित शिक्षा, सहरी जीवनशैली, सुविधायुक्त ठाउँ, रोजगारी आदिका लागि आफ्नो ठाउँबाट बसाइसराइ गरेर आएको पाइन्छ ।

८. यस क्षेत्रमा छन्त्यालहरू विभिन्न थर तथा उपथरका रहेका छन्।

९. एकात्मक परिवारको बाहुल्यता साथै बौद्धधर्मको प्रभाव रहेको ।

१०. महिलाको हकमा सम्पत्तिमा बराबर हक नभए तापनि पालनपोषण र घरको व्यवहारमा समान अवसर दिइएको ।

११. विभिन्न सांस्कृतिक पक्षको जगेर्ना गर्ने उद्देश्यले मुख्य चाडपर्वबाट माघेसंक्रान्ति र

साउनेसंक्रान्तिमा विभिन्न खेलको आयोजना साथै मारुनी र सोरठी नाचबाट पनि मनोरञ्जन लिने गरेको पाइन्छ ।

१२. यस जातिको विवाह संस्कारमा विधवा विवाह वा अन्तरजातीय विवाहलाई पनि स्थान दिइएको पाइयो ।

१३. बिरामी भएको अवस्थामा धामी झाँक्री वा डाक्टर दुवै कहाँ लैजाने गरेको पाइयो ।

१४. हेमजाका छन्त्यालहरू परम्परागत सांस्कृतिक आस्था राख्दै लवाइखवाई, रहनसहन, भाषा, भेषभूषा, बोलीचालीमा परिवर्तन भएको पाइन्छ ।

१५. मृत्यु संस्कारमा छोराले काजकिरिया गर्ने र ज्वाइँ चेला विधिद्वारा किरिया गर्ने प्रचलन बढी रहेको पाइन्छ ।

१६. आर्थिक स्तर उकास्न यस क्षेत्रका छन्त्यालहरूको वैदेशिक रोजगार, नोकरी, व्यवसाय, कृषि पेशामा लागि आफ्नो दैनिकी गुजारेको पाइन्छ भने महिलाहरूले घरको कामकाजको साथै फुर्सदमा अल्लो र सिस्नुबाट धागो निकाली त्यसबाट हर्दुब्लो, झोला, भाङ्ग्रा, स्वीटर बुनेर बेच्ने गरेको पाइयो ।

१७. छन्त्याल जातिका महिलाको शैक्षिक स्तरमा पनि सुधार आएको छ। एकआपसमा मिलेर बस्ने वा समूहमा काम गर्ने बानी छन्त्यालहरूको एक विशेषता नै मान्न सकिन्छ ।

१८. छन्त्यालहरुको आफ्नो भाषा रहेको छ र उनीहरुले नेपाली भाषाको पनि प्रयोग गर्ने गरेको पाइन्छ ।

१९. हेमजामा बसेका छन्त्यालहरूको सोझोपन, सामूहिक भावना, एकआपसको सामीप्यताले गर्दा आफ्नो संस्कृतिप्रति सचेत रहेको पाइन्छ ।

# विषय-सूची


**प्रारम्भिक**

**सिफारिसपत्र**

**स्वीकृतिपत्र**

**कृतज्ञता ज्ञापन**

**शोधसार**

| | | |
|---|---|---|
| **परिच्छेद - एक : शोध परिचय** | | **१-१०** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याकथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | शोधविधि | ४ |
| | १.४.१. तथ्याङ्कको स्रोत र प्रकृति | ४ |
| | १.४.२. तथ्याङ्क सङ्कलन विधि | ४ |
| | १.४.२.१ प्राथमिक तथ्याङ्क | ५ |
| | १.४.२.२ द्वितीय तथ्याङ्क | ५ |
| | १.४.२.३ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण | ५ |
| १.५ | पूर्वकार्यको समीक्षा | ६ |
| १.६ | अध्ययनको महत्त्व | ८ |
| १.७ | अध्ययनको सीमा | ९ |
| १.८. | अध्ययनको संगठन | ९ |
| **परिच्छेद - दुई : छन्त्याल जातिको ऐतिहासिक परिचय** | | **११-२९** |
| २.१ | नेपाली समाजको बनावट | ११ |
| | २.१.१ जनजातिको परिचय | १३ |
| | २.१.२ छन्त्यालहरूको उत्थानका लागि भएका प्रयास वा आन्दोलन | १४ |

२.२ छन्त्यालहरूको ऐतिहासिक परिचय १६
२.३ छन्त्यालहरूको मूल थलो म्याग्दी १९
२.४ नामकरण २२
२.५ कास्की जिल्लामा विद्यमान छन्त्यालहरू २५
२.५.१ जनसङ्ख्या २६
२.५.३ अनुसन्धान क्षेत्रमा छन्त्याल जातिको जनसङ्ख्या विवरण २७
२.५.२ पारिवारिक संरचना २८

**परिच्छेद - तीन : पोखराको हेमजाका छन्त्याल जातिको सामाजिक अवस्था ३०-४३**
३.१ सामाजिक अवस्था ३०
३.१.१ परिवार तथा नाता सम्बन्ध ३१
३.१.२ छन्त्याल जातिका थर तथा उप थरहरू ३२
३.१.३ भाषा ३४
३.१.४ भेषभूषा ३५
३.१.५ खानपिन ३७
३.१.६ विवाह ३८
३.१.६.१ मागी विवाह ४०
३.१.६.२ प्रेम विवाह ४१
३.१.६.३ चोरी विवाह/लतार्ने विवाह (व्याकारवा) ४२
३.१.६.४ अन्तरजातीय विवाह ४३

**परिच्छेद - चार : हेमजाका छन्त्याल जातिको सांस्कृतिक अवस्था ४४-६०**
४.१. सांस्कृतिक अवस्था ४४
४.१.१ चाडपर्वहरू ४४
४.१.१.१ माघे संक्रान्ति ४४
४.१.१.२ साउने संक्रान्ति/राँके संक्रान्ति ४५
४.१.१.३ दशैं ४६
४.१.१.४ तिहार ४७

४.१.१.५ धार्मिक आस्था ४७

४.२ प्रमुख संस्कारहरू ४९

४.२.१ जन्म संस्कार ४९

४.२.१.१ छैंटी ४९

४.२.१.२ न्वारन ५०

४.२.१.३ भातखुवाई ५१

४.२.४ चुडाकर्म (ब्रतबन्ध) ५१

४.२.५ गुन्यूचोली ५१

४.२.६ पुतबधाई/पुटपराउ ५२

४.२.७ चौरासी पूजा ५२

४.२.८ मृत्यु संस्कार ५२

४.२.८.१ अपूर्ण काजकिरिया विधि ५३

४.२.८.२ पूर्ण काजकिरिया विधि ५३

४.२.८.३ दाहसंस्कार तथा अन्त्येष्टि विधि ५४

४.२.८.४ काजकिरिया शुद्ध गर्ने विधि ५५

४.३ मनोरञ्जन ५७

४.३.१ तारो हान्ने खेल ५८

४.३.२ नाच ६०

**परिच्छेद - पाँच : हेमजाका छन्त्याल जातिको आर्थिक तथा शैक्षिक अवस्था ६१-६९**

५.१ जीविकोपार्जनको स्थिति ६१

५.१.१ परम्परागत पेशा ६२

५.१.१.१ शिकार ६२

५.१.१.२ खानी ६२

५.१.२ आधुनिक पेशा ६४

५.१.२.१ कृषि तथा पशुपालन ६४

५.१.२.२ उद्योग तथा व्यापार ६४

५.१.२.३ नोकरी तथा अन्य पेशा ६५

५.२ शैक्षिक अवस्था ६७

५.२.१ पुरुषको शैक्षिक अवस्था ६८

५.२.२ महिलाको शैक्षिक अवस्था ६९

**परिच्छेद - छ : निष्कर्ष** **७०-७२**

सन्दर्भ सामग्री-सूची

परिशिष्टहरू

# परिच्छेद : एक

# शोध परिचय

## १.१. पृष्ठभूमि

नेपाल आकारमा एक सानो राष्ट्र भए तापनि अनेकतामा एकता तथा विषमतामा समानता भएको राष्ट्र हो। अर्को शब्दमा भन्नुपर्दा नेपाल बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक एवं बहुजातीय बसोबास रहेको एक भूपरिवेष्ठित तथा गणतन्त्रात्मक मुलुक हो। यहाँ सयौं वर्षदेखि नै विभिन्न जातजाति, भाषाभाषी तथा विभिन्न धर्मावलम्बीहरू विभिन्न स्थानहरूमा बसोबास गर्दै आएका छन्। नेपालले विश्वको कुल भू-भागको ०.०३ प्रतिशत र एसियाको ०.३ प्रतिशत भू-भाग ओगटेको छ। भौगोलिक रूपमा नेपाललाई हिमाल, पहाड र तराई गरी तीन भागमा विभाजन गरिएको छ। प्रशासनिक दृष्टिमा ५ विकास क्षेत्र, १४ अञ्चल ७७ जिल्ला, ७ प्रदेश, ६ महानगरपालिका ११ उपमहानगरपालिका, २७६ नगरपालिका, ४६० गाउँपालिका गरी जम्मा ७५३ स्थानमा विभक्त गरिएको छ ( सिलवाल २०५८, २)।

२०६८ सालको जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २.६४,९४, ५०४ (दुई करोड चौसठी लाख चौरासी नब्बे हजार पाँचसय चार) रहेको छ। जसमध्ये जनसङ्ख्या वृद्धिदर १.३५ प्रतिशत रहेकोमा पुरुषको ४८.५ प्रतिशत र महिलाको ५१.५ प्रतिशत रहेको छ। २०६८ सालको जनगणनालाई हेर्दा १६.६० क्षत्री, १२.१८ ब्राह्मण, ७.१२ मगर, ६.५६ थारू, ५.८१ तामाङ, ४.९९ नेवार, ४.७५ कामी, ४.३९ मुसलमान, ३.९८ यादव र २.३४ राई रहेका छन्। छन्त्याल जाति पोखरा उपत्यकामा ८०० जति र अधिराज्यभरमा १२,८०० रहेका छन् (जनगणना, २०६८)। स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसूची १ बमोजिम २०७४ असोज २९ गते वर्गीकरण गरेअनुसार हिमाल २०, पहाड २९, तराई १८, मधेस ७ उपत्यकामा ३ गरी ७७ प्रकारका जनजाति रहेको तथ्याङ्क छ र यस अन्तर्गत उन्नतजाति, अति सीमान्तकृत, सीमान्तकृत, सुविधा वञ्चित साथै लोपोन्मुख गरी विभिन्न जातजाति र भाषाभाषीमा विभाजित गरिएको छ (स्थानीय सरकार सञ्चालन ऐन, २०७४: ( असोज २९, अनुसूची १)।

छन्त्याल जाति सुविधा वञ्चित जाति अर्न्तगत पर्दछ । यस अन्तर्गत मगर, गुरुङ, राई, छन्त्याल, ह्योल्मो, जिरेल, लिम्बू पहाडी भेकमा बसोबास गर्ने जनजाति पर्दछन् । छुट्टै यस जातिको मुख्य बसोबास स्थल म्याग्दी, बागलुङ र मुस्ताङ रहेको छ । आजको युगमा पनि नेपालमा ३० प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् । यसलाई विविध जातजातिहरूका बीच देखाउने हो भने अझै पनि सीमान्तकृत साथै सुविधा वञ्चित समूह विकासको कार्यमा वा निर्णय गर्ने कार्यमा वञ्चित नै देखिन्छन् ।

छन्त्याल समुदायका व्यक्तिहरू विगतमा तामाखानीको उत्खनन् गर्थे भने हाल आएर कृषि पेशाको साथसाथै व्यापार, व्यवसाय लगायत वैदेशिक रोजगारीमा समेत संलग्न भएको पाइन्छ । यस जातिको परम्परा गुरुङ, मगर र थकाली समुदायसँग मिल्दो जुल्दो रहेको पाइन्छ ।

छन्त्याल जातिको सामाजिक सांस्कृतिक एवं शैक्षिक पक्षको अध्ययन जातित्वको पहिचानको हिसाबमा एक अपरिहार्य विषयको रूपमा रहेको छ । नेपालका ५९ वटा जनजातिमध्ये छन्त्याल जाति पनि एक हो । छन्त्याल जातिको पनि आफ्नै भाषा, भेषभूषा, संस्कृति, रहनसहन, परम्परा र पहिचानहरू रहेका छन्, जसले समाजमा छुट्टै जातिको अस्तित्वको परिचय दिन्छन् त्यसलाई जनजातिको संज्ञा दिइन्छ । अल्पसङ्ख्यामा रहेका छन्त्याल जातिहरू पनि नेपाल अधिराज्यको विभिन्न भेकका साथै कुना-कुनामा छरिएर रहेका छन् (गुरुङ, २०६७:३) । यस सन्दर्भमा पोखरा (कास्की) को हेमजाका छन्त्याल जातिको सामाजिक-सांस्कृतिक पाटोलाई संक्षिप्त रूपमा अध्ययन गरी प्रस्तुत गरिएको छ ।

## १.२. समस्याकथन

नेपाल बहुजाति, बहुभाषिक, बहुधार्मिक धर्म निरपेक्ष तथा विविध जातजातिले भरिएको संघीय गणतान्त्रिक राष्ट्र हो । यहाँ विभिन्न जातजातिको बसोबास रहेको छ । यो पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म विभिन्न जातजातिको फूलबारीको रूपमा रहेको छ । यसै फुलबारीभित्र पनि समान जातिले समान सुविधा र सहुलियत लिन नसक्दा सबै जातिले विकासको पक्षमा समान अधिकार जमाउन नसकेको अवस्था रहेको छ । यसै वास्तविकतालाई मध्यनजर गर्दा विभिन्न जातिको सामाजिक, सांस्कृतिक, धार्मिक साथै शैक्षिक पहिचान हुनु जरुरी रहेको छ । यस वास्तविकताबाट छन्त्याल जाति पनि अछुतो छैन । यहाँ कतिपय जनजाति, धर्म-संस्कृति, भाषाभाषी लोप भइसकेका छन् भने कतिपय

लोप हुने अवस्थामा पुगेका छन् । छन्त्याल जाति पनि सुविधा वञ्चित समूह अन्तर्गत पर्दछन् । छन्त्याल समुदायको आफ्नो मौलिक, जातिगत, भाषा र सांस्कृतिक संस्कार, धर्म, लवाइखवाई साथै जीवनशैलीको अस्तित्वले छुट्टै पहिचान राखेको छ । यसै क्रममा यो जाति म्याग्दीको गुर्जाखानी प्रवेश गरी आफ्नै संस्कार संस्कृतिमा हुर्कंदै आएका भए तापनि उनीहरूको जीवनशैलीहरूमा पनि बाह्य प्रभाव परेको छ । छन्त्याल जाति सोझो स्वभाव भएका स्वावलम्बी साथै दुर्गम ठाउँमा बसोबास गर्ने भएकाले सूचना जानकारीको खोजी नगर्ने, कम शिक्षित आदि विविध कारणले राजनीतिक, शैक्षिक, आर्थिक क्षेत्रमा समेत पछि परेको मात्र नभई सरकारी सेवा तथा विकास निर्माणको क्षेत्रमा समेत अन्य जाति सरह पुग्न सकिरहेका छैनन् ।

यसै गरी छन्त्याल जातिको पनि विस्तृत अध्ययन नभएको र कतिपयलाई छन्त्याल जाति गुरुङ वा मगर अन्तर्गतकै हुन् भन्ने भ्रम रहेको छ भने मगर समुदायमा हुर्केका छन्त्याल जाति समेत स्वयं दुविधामा रहेको र आफू स्वतन्त्र जाति हो भन्ने जानकारीसमेत नभएको वर्तमान अवस्थामा प्रमाणिक स्रोतहरूको आधारमा कास्की जिल्लाको हेमजामा रहेका छन्त्याल जातिको सामाजिक, सांस्कृतिक एवं शैक्षिक अवस्थाका बारेमा विश्लेषणात्मक अध्ययन गर्न सकिन्छ भन्ने जिज्ञासा नै अध्ययनकर्तालाई यस अनुसन्धनतर्फ आकर्षित गरेको छ । हेमजा (कास्की) का छन्त्याल जातिको ऐतिहासिक, समाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवस्था कस्तो छ ? छन्त्याल जातिको ऐतिहासिक पृष्ठभूमि के हो ? साथै वर्तमान अवस्थामा छन्त्याल जातिको स्थिति कस्तो छ ? भन्ने बारेमा छन्त्याल जातिको ऐतिहासिक पृष्ठभूमिसहित कास्कीको हेमजाका छन्त्यालहरूको सामाजिक तथा सांस्कृतिक अवस्थाका बारेमा अध्ययन गर्नु साथै पुरानो छन्त्याल समाज र वर्तमान परिवर्तित समाजमा के कस्ता भौतिक, सामाजिक, सांस्कृतिक परिवर्तनहरू देखिएका छन् ? भन्ने बारेमा अध्ययन गर्नु नै यस शोधको समस्या रहेको छ ।

## १.३. अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्न रहेका छन् :

(क) छन्त्याल जातिको ऐतिहासिक पृष्ठभूमिबारे प्रकाश पार्नु,

(ख) कास्की जिल्लाको पोखरा महानगरपालिका, हेमजाका छन्त्याल जातिको सामाजिक पक्षको अध्ययन गर्नु,

(ग) कास्की जिल्लाको पोखरा महानगरपालिका, हेमजाका छन्त्याल जातिको सांस्कृतिक पक्षको अध्ययन गर्नु,

(घ) हेमजाका छन्त्याल जातिको आर्थिक र शैक्षिक अवस्थाबारे प्रकाश पार्नु ।

## १.४. शोधविधि

प्रस्तुत अध्ययन छन्त्याल जातिको ऐतिहासिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र आर्थिक अवस्थासँग सम्बन्धित भएकाले विवरणात्मक रहेको छ। आवश्यक सूचना, तथ्याङ्कहरूको सङ्कलनपछि सान्दर्भिक वर्णन र विश्लेषण गरिएकाले विश्लेषणात्मक संरचना विधि प्रयोग गरिएको छ। विश्लेषणात्मक र विवरणात्मक अध्ययन संरचनाका आधारमा यो शोध तयार गरिएको छ। तसर्थ यो शोधपत्र वर्णनात्मक र विवरणात्मक किसिमको छ ।

### १.४.१. तथ्याङ्कको स्रोत र प्रकृति

अनुसन्धानलाई बढीभन्दा बढी व्यवस्थित बनाउने उद्देश्यले प्राथमिक र द्वितीय तथ्याङ्कलाई प्रयोग गरिएको छ। तिनीहरूको प्राप्तिका लागि अनुसन्धानको क्षेत्रमा गएर स्थलगत अवलोकन, अन्तर्वार्ता, साक्षात्कर गर्ने र लक्षित समूहलाई प्रश्नावली तयार पारी स्थलगत भ्रमण गरिएको छ। साथै लिखित दस्तावेजअन्तर्गत ताम्रपत्र आदि पुराना कागजातहरू अलिखित स्रोतअन्तर्गत कला, आभूषण, फोटोहरू समेत प्रस्तुत विवरणमा सङ्कलन गर्ने प्रयास गरिएको छ। सहायक स्रोतलाई प्रयोगमा ल्याउँदै छन्त्याल जातिका बारेमा लेखिएका पुस्तक पत्रपत्रिकाको अध्ययन गरिनुका साथै पूर्वज व्यक्तित्वहरूका शोधपत्र, जनश्रुति, लोककथा, किवदन्ती आदिबाट पनि विवरणहरू सङ्कलन गरी विश्लेषणात्मक र विवरणात्मक रूपमा प्रस्तुत गरिएको छ ।

### १.४.२. तथ्याङ्क सङ्कलन विधि

शोधपत्र तयार गर्ने क्रममा नमुना छनोट गरेपछि तथ्याङ्क सङ्कलन गर्न विभिन्न शोधविधि अपनाइएको छ ।

### १.४.२.१ प्राथमिक तथ्याङ्क

प्रत्यक्ष रूपमा समस्यासँग सम्बन्धित कुराहरू बुझी शोधकर्ताले अध्ययन क्षेत्रमा प्राथमिक स्तरको तथ्याङ्क प्राप्त गर्न निम्न विधि अपनाइएको छ : अध्ययनकर्ता आफै अध्ययन क्षेत्रमा पुगी छन्त्याल समुदायका परिवारसँग सम्पर्क गरी लिखित रूपमा जवाफ दिन नसक्ने साथै नचाहने व्यक्तिहरूसँग समेत पारस्परिक सम्बन्ध कायम गरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट विषयहरूमा तथ्याङ्कहरू बटुली अध्ययनलाई यथार्थ बनाउने प्रयास गरिएको छ ।

(क) स्थलगत अवलोकन

तथ्याङ्क प्राप्त गर्न स्थलगत अवलोकन गरिएको छ । यस विधिद्वारा छन्त्यालहरूको घर, जीवनशैली, खानपान, भेषभूषा, सामाजिक सांस्कृतिक व्यवहार आदिका बारेमा सहभागी भई छन्त्यालहरू बसोबास गरेको स्थलको यथार्थ स्थिति थाहा पाउन यस विधिको प्रयोग गरिएको छ ।

(ख) अन्तर्वार्ता/साक्षात्कार

यस अध्ययनको क्रममा प्रश्नावली विधि प्रयोग गरी यस जातिका बारेमा सम्बन्धित व्यक्तिहरूसँग छलफल गरी आवश्यक तथ्याङ्क लिइएको छ । यसै क्रममा सूचनादाताको रूपमा नेपाल छन्त्याल संघ कास्कीका सचिव बमबहादुर छन्त्याल, नेपाल छन्त्याल संघ कास्कीका अध्यक्ष भक्तबहादुर छन्त्याल, कैप्रसाद छन्त्याल, सरिमा छन्त्याल, नन्दबहादुर छन्त्याल, कल्पना छन्त्याल, नरमान छन्त्याल, समय छन्त्याल महिला तथा पुरुषहरूसँगको अन्तर्वार्ता तथा साक्षात्कारबाट पनि जानकारी लिइएको छ ।

### १.४.२.२ द्वितीय तथ्याङ्क

(क) पुस्तकालय विधि

यस विधिमा विभिन्न पत्रपत्रिका साथै छन्त्याल जाति सम्बन्धी पुस्तक, लेखरचना, शोधपत्र आदिको अध्ययन र लाइब्रेरी अध्ययनबाट उपयोगी सहायक स्रोत सङ्कलन गरी शोधपत्र पूर्ण गराउने प्रयास गरिएको छ ।

### १.४.२.३ तथ्याङ्क विश्लेषण तथा प्रस्तुतीकरण

विभिन्न स्रोतहरू जस्तै प्राथमिक र सहायक स्रोतबाट प्राप्त तथ्याङ्कहरूलाई

आवश्यकता अनुसार समूह-समूहमा विभाजन, टेबुलेसन, कोडिङ, इडिट गरी विश्लेषण गरिएको छ । मूलतः उल्लेखित स्रोतबाट प्राप्त अध्ययन सङ्ख्यात्मक तथा वर्णनात्मक दुवै रूपमा प्रस्तुत गरिएको छ । प्राथमिक स्तरमा उपलब्ध तथ्याङ्कलाई आवश्यकताअनुसार विश्लेषण गरिएको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाल भौगोलिक रूपमा एक सानो एवं भूपरिवेष्ठित राष्ट्र भए तापनि यहाँ बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक एवं विभिन्न जनजातिहरूको बसोबास भएको राष्ट्र हो । तसर्थ कुनै पनि समाजशास्त्री, मानवशास्त्री, इतिहासकार तथा अनुसन्धानकर्ताका लागि छन्त्यालहरूको सामाजिक सांस्कृतिक शैक्षिक तथा आर्थिक पक्षहरू एक महत्त्वपूर्ण सम्पदाका रूपमा रहेको छ । यिनीहरूका बारेमा विस्तृत रूपमा अध्ययन-अनुसन्धान भएको छैन । पछिल्लो समयमा आएर केही अध्ययन अनुसन्धान त भएका छन् तर पनि स्वयम् उनीहरूमा आफ्नो जाति, धर्म, संस्कृतिप्रति चेतना आएको पाइँदैन ।

यसैक्रममा छन्त्याल जातिका बारेमा विभिन्न पुस्तक, पत्रपत्रिकामा विस्तृत जानकारी नभएको र यस जातिको अध्ययन गरिएका शोधपत्र एवम् छन्त्याल संघका मुखपत्र एवम् स्मारिका लेखनमा धेरथोर उल्लेख गरेको पाइए तापनि यथेष्ट रूपमा कहीँ कतै अध्ययन-अनुसन्धान भएको छैन । त्यसैले यस जातिको अध्ययन अपरिहार्य रहेको छ ।

छन्त्याल पहिचानका आयाम (२०७१) गोविन्द छन्त्यालद्वारा लिखित **"छन्त्याल जातिको इतिहास : एउटा पाटो"** लेखमा छन्त्याल जातिको उत्पत्ति साथै पहिचानको निर्माण सन्दर्भमा जोडिने मूलतः दुईवटा दृष्टिकोण प्रस्तुत गरिएका छन् । जस्तो छन्त्यालहरू ठकुरी वंशका हुन की मङ्गोल नश्लका हुन भन्ने कुरालाई चिरफार गरिएको छ । यस वंशअनुसार छन्त्यालहरूको शारीरिक बनोट, सामाजिक सांस्कृतिक, भाषिक मूल्य- मान्यता र अभ्यासहरू ठकुरीसँग केही पनि नमिल्ने तर नेपालका अधिकांश मङगोलियन जातिसँग केही मिल्ने भएकाले छन्त्यालहरू मङगोलियन नश्ल वंशका सन्तान भएको दाबी गरिएको छ । ठकुरी शब्द एकप्रकारको सम्मानित पदवी/उपाधि नै भएको कुरा पुष्टि हुन्छ । इतिहासको लामो काल खण्डदेखि धौलागिरी हिमालको शिरदेखि पूर्व-दक्षिण पश्चिम भिरालो भू-भागमा सदियौंदेखि आवाद गरेर छन्त्यालहरूले तामाखानी खन्ने र कृषि तथा पशुपालन पेसा अँगाली राष्ट्र निर्माण, कर, दान सहयोग लगायत आर्थिक, भौतिक, नैतिक, राजनीतिक, प्रशासनिक,

सांस्कृतिक पक्षहरूमाथि टेवा/योगदान पुऱ्याएको कुराहरूलाई उल्लेख गरिएको छ (छन्त्याल, २०७१ : १-१४) ।

प्रस्तुत पुस्तकमा हरिचन छन्त्यालद्वारा लिखित **"छन्त्याल जातिको पुर्ख्यौली पेसा खानीको ऐतिहासिक नालीबेली"** लेखमा छन्त्याल जाति र खानीको सम्बन्धलाई अलग गर्न नसकिने तथ्यहरू उजागर गरी विश्लेषण गरेर त्यसैको आधारमा उक्त पेसाको इतिहासलाई अभिलेखीकरण गरिएको छ । जुन पेसा छन्त्याल जातिको ज्ञान, सीप र प्रविधिमा आधारित थियो साथै आफैले निर्माण गरेका सामग्री र औजारहरूको सदुपयोग गरिएको थियो र उक्त पेसामा छन्त्यालहरू प्राचीन समयदेखि नै पूर्ण रूपमा संलग्न हुँदै आएका र यस किसिमको अध्ययनबाट जातीय पुर्ख्यौली पेसा खानीको इतिहासको अभिलेखीकरण भई जातीय इतिहास तथा पहिचान निर्माणको निम्ति आधार खडा हुने अपेक्षा गरिएको छ (छन्त्याल, २०७१:७४-१३३) ।

यामबहादुर पुनद्वारा **'पहिचानको आन्दोलन : "छन्त्याल जातिको सन्दर्भ"** लेखमा छन्त्याल समुदायले कहिलेदेखि पहिचानको आन्दोलन शुरु गऱ्यो ? कहाँबाट सुरु गऱ्यो ? भन्ने कुरा र छन्त्याल समुदायको दुई धारका बारेमा चर्चा गरिएको छ । एउटा धार छन्त्याल मगर समुदायभन्दा अलग्गै हो र उनीहरूको छुट्टै भाषा, धर्म र संस्कृति छ भन्ने अर्को राज्यले उनीहरूको जनसङ्ख्या गणना नगरिदिने भन्ने कुराको चर्चा/परिचर्चा गरिएको छ । छन्त्यालहरूले भारतीय र बेलायती सैनिकमा भर्ती हुनका लागि आफ्नो थर परिवर्तन गरी मगरहरूका थर पुन र थापा लेखाएको र छन्त्यालहरूको सङ्ख्यामा कमी हुन आएको कुरा उल्लेख गरिएको छ। यस छन्त्याल जातिले मगरलाई देखाउनका लागि आफ्नो छुट्टै पहिचानका लागि गरेको सङ्घर्षका बारेमा उल्लेख गरिएको छ (पुन, २०७१: ५५-६३) ।

तेजराज शर्माद्वारा लिखित **"म्याग्दी जिल्लामा छन्त्याल जातिको एक अध्ययन"** अप्रकाशित शोधपत्रमा छन्त्याल जातिको परिचयका साथै विभिन्न सामाजिक, सांस्कृतिक आर्थिक पक्षका बारेमा उल्लेख गर्दै यस जातिको उत्पत्ति स्थल म्याग्दी जिल्लाका बारेमा वर्णन गरी विभिन्न पक्षलाई उजागर गर्न खोजिएको छ (शर्मा, २०५९) ।

लोकबहादुर सुनारद्वारा लिखित **"म्याग्दी जिल्ला बेनी बजारको एक समाजशास्त्रीय अध्ययन"** अप्रकाशित शोधपत्रमा छन्त्याल जातिको समग्र सामाजिक, सांस्कृतिक तथा आर्थिक पक्षको अध्ययन र विश्लेषण गरिएको छ। छन्त्याल जातिको व्याख्या गर्दै छन्त्याल महिलाको अवस्थालाई समेत उजागर गरिएको छ (सुनार, २०६६) ।

शास्त्रदत्त पन्तद्वारा लिखित **"धौलागिरीका छन्त्याल"** कृतिमा छन्त्याल जातिको इतिहास भाषा, आर्थिक, सामाजिक अवस्थाको बारेमा छोटो चर्चा गरिएको छ (पन्त: २०५३) ।

जगन्नाथप्रसाद लम्साल र दीनबन्धु थापाद्वारा लिखित **"छन्त्याल भाषा एक भाषा ( खाम कुरा**) नामक लघु शोधपत्रमा छन्त्याल भाषा, जीवनपद्धति, नामकरण र उत्पत्तिको बारेमा उल्लेख गरिएको छ (लम्साल र थापा : २०५५) ।

दिलबहादुर घरब्जाद्वारा लिखित **"छन्त्याल जाति एक परिचय 'ख्योमा'** (**साथीहरू**) ( **घरब्जा : २०५५**) कृतिमा यस जातिको संक्षिप्त परिचय, ऐतिहासिक पृष्ठभूमि तथा छन्त्याल जातिको बारेमा चर्चा/परिचर्चा गरिएको छ ।

उपर्युक्त कृतिहरू, लेख तथा प्रकाशनमार्फत छन्त्याल जातिका बारेमा चर्चा परिचर्चा भएको छ तापनि विभिन्न कृतिका लेखकहरू कसैले भाषामा, कसैले धामीझाँक्री प्रथामा त कसैले विभिन्न क्षेत्रका छन्त्यालको सांस्कृतिक पक्षका बारेमा कलम चलाएको पाइन्छ । तर पोखरा महानगरपालिका हेमजामा रहेका छन्त्याल जातिको बारेमा अध्ययन गरिएको पाइँदैन । तसर्थ प्रस्तुत शोधपत्र हेमजाका छन्त्याल जातिको सामाजिक, सांस्कृतिक, शैक्षिक एवं आर्थिक पक्षका बारेमा एक मौलिक अध्ययन अनुसन्धानमा आधारित रहेको छ ।

## १.६. अध्ययनको महत्त्व

सबै जातिको सामूहिक संस्कृति नै नेपालको संस्कृति हो । पश्चिमी सभ्यता र संस्कृतिको कारण नेपालको मौलिक पहिचानलाई लोप हुन नदिन यस छन्त्याल जातिको सामाजिक, सांस्कृतिक एवं शैक्षिक पक्षको अध्ययन एक महत्त्वपूर्ण सावित हुन पुग्छ । साथै यस जातिको उत्थानमा थप टेवा पुऱ्याउन यस अनुसन्धानले टेवा पुऱ्याउने छ ।

यस अध्ययनले परम्परागत रूपमा पिछडिएको वा हरेक सुविधाबाट वञ्चित भएको छन्त्याल जातिको सामाजिक एवं सांस्कृतिक पक्षका बारेमा सत्यतथ्य र विश्वसनीय विवरण समाजमा वा पाठकसमक्ष राख्ने छ भन्ने विश्वास गरिएको छ । कतिपय ज्ञान, सीप प्रविधि र पेसाहरू निश्चित आदिबासीहरूको जातीय पहिचानसँग जोडिएका हुन्छन् । जसको उदाहरण छन्त्याल जाति र खानी पेसासँग जोडिएको संस्कृति र कडा चट्टान फोरेर तामाखानी सञ्चालन गर्ने पुर्खाको ज्ञान, सीप र प्रविधि तथा उनीहरूले प्रयोग गरेका परम्परागत औजारहरू साथै सरकारको नीति र राज्यलाई तिर्नुपर्ने कर समेत समावेश गर्न

खोजिएकोले यस अध्ययनको व्यावहारिक तथा सैद्धान्तिक महत्त्व रहेको छ ।

यसका साथसाथै मौखिक रूपमा मात्र सीमित छन्त्याल जातिको खानी पेसालाई व्यवसायमूलक गराउन र स्थानीय स्रोत-साधनको पहिचान गरी छन्त्यालहरूको प्रयोग गरी छन्त्याल जातिको पहुँच अगाडि बढाउनका निम्ति सम्पूर्ण छन्त्याल जातिको संरक्षण र सम्वर्द्धन गर्न यो अध्ययन उपयोगी हुनेछ । छन्त्यालको सामाजिक, सा.स्कृतिक, आर्थिक एवं शैक्षिक अवस्थाको जानकारी पाठकसमक्ष प्रस्तुत गरी नेपालका उच्च वर्गीय र सरकारको ध्यानाकर्षण गराई यस जातिको विविध पक्षका बारेमा सहयोग पुऱ्याउनु यस अध्ययनको महत्त्व रहेको छ ।

## १.७ अध्ययनको सीमा

नेपालमा पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म र उत्तरको हिमाली भेगदेखि दक्षिणमा तराईका (समथर) फाँटसम्म विभिन्न जनजातिहरू छरिएर रहेका छन् । ती सबै उत्तिकै महत्त्वपूर्ण भए पनि समय र स्रोतको अभावमा सबैको अध्ययन सम्भव भएन । तसर्थ भौगोलिक हिसाबले पोखरा महानगरपालिका वडा नं. २५ हेमजा क्षेत्रभित्र बसोबास गर्ने छन्त्यालहरूको अध्ययन गर्ने र विषयगत हिसाबले छन्त्यालहरूको सामाजिक, सांस्कृतिक, शैक्षिक तथा आर्थिक पक्षको अध्ययनलाई यहाँ सीमावद्ध गरिएको छ ।

## १.८. अध्ययनको संगठन

यस शोधकार्यलाई व्यवस्थित र प्रभावकारी तरिकाले प्रस्तुत गर्न यो शोधपत्रलाई छ परिच्छेदमा विभाजन गरिएको छ ।

परिच्छेद-१ शोध परिचय : यस शीर्षक अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, शोधविधि, पूर्वकार्यको समीक्षा, अध्ययनको महत्व, अध्ययनको सीमा, अध्ययनको संगठनका बारेमा उल्लेख गरिएको छ ।

परिच्छेद-२ छन्त्याल जातिको ऐतिहासिक परिचय शीर्षक अन्तर्गत नेपाली समाजको बनावट, छन्त्यालहरूको मूल थलो म्याग्दी, नामकरण, कास्की जिल्लामा विद्यमान छन्त्यालहरू, जनसाङ्ख्यिक अवस्था, अनुसन्धान क्षेत्रमा छन्त्याल जातिको जनसङ्ख्या विवरण यस परिच्छेदमा समेटिएको छ ।

परिच्छेद-३ पोखरा हेमजाका छन्त्याल जातिको सामाजिक, सांस्कृतिक अवस्था

अन्तर्गत पोखराको हेमजा-२५ म्याग्दीचोकका छन्त्याल जातिको सामाजिक अवस्था, परिवार, नाता सम्बन्ध, एकात्मक र संयुक्त परिवार, छन्त्याल जातिका थर तथा उपथरहरू, भाषा, धर्म, भेषभूषा, खानपिन, विवाह आदिको विवरण यस परिच्छेदमा दिइएको छ ।

परिच्छेद-४ यसमा हेमजाका छन्त्याल जातिको सांस्कृतिक अवस्था अन्तर्गत चाडपर्वहरू, माघेसंक्रान्ति, साउनेसंक्रान्ति/राँकेसंक्रान्ति, दशैं, तिहार, झाँक्री प्रथा, प्रमुख संस्कारहरू, छैठी, न्वारन, भातखुवाइ, चूडाकर्म (व्रतबन्ध), गुन्युचोली, पुटपुराउ, चौरासी पूजा, मृत्यु संस्कार, अपूर्ण काजकिरिया विधि, पूर्ण काजकिरिया विधि, दाहसंस्कार तथा अन्त्यष्टि विधि, काजकरिया शुद्ध गर्ने विधि, मनोरञ्जन तारो हान्ने खेल, सोरठी, ख्याली, सालैजो, भैलोनाचको बारेमा उल्लेख गरिएको छ ।

परिच्छेद-५ हेमजाका छन्त्याल जातिको आर्थिक तथा शैक्षिक अवस्था अन्तर्गत जीविकोपार्जनको स्थिति, शिकार, खानी, कृषि तथा पशुपालन उद्योग तथा व्यापार, नोकरी तथा अन्य पेशा, पुरुषको वा महिलाको शैक्षिक अवस्थाका बारेमा व्याख्या गरिएको छ ।

परिच्छेद-६ यस अन्तर्गत सारांश तथा निष्कर्ष एवं परिपशष्ट समावेश छ । यसको अतिरिक्त सन्दर्भ सामग्री सूची, नेपालका जातिहरूको तालिका सूची, फोटो सूची, चित्र सूची, गीतको नमुना आदि समेत यसको परिशिष्टमा समेटिएका छन् ।

# परिच्छेद : दुई
# छन्त्याल जातिको ऐतिहासिक परिचय

## २.१ नेपाली समाजको बनावट

मानव विकासको सन्दर्भमा चर्चा गर्दा त्यो कुनै एकै ठाउँबाट भएको मानिएको छैन कि धेरै ठाउँहरूको यात्रा र लाखौं वर्षको दौरानमा मानव पछिल्लो रूपमा देखा परेको हो ( कार्की, २०६८:२) । नेपालमा आदिमानवको विकास भएका पर्याप्त आधारहरू देखिन्छन् । हिमाली क्षेत्र, महाभारत पर्वत शृङ्खला तथा तराई क्षेत्रका साथै काठमाडौं उपत्यका आसपासका क्षेत्रको अध्ययन, अनुसन्धान तथा उत्खननले तिनीहरूलाई प्रमाणित गरेका छन् । तर पनि नेपालमा भएका विभिन्न जातजातिका मानिसहरू जति छन् तिनीहरूमा ती आदिमानवका वंशजहरू अहिले को हुन् भनी छुट्याउन सक्ने प्रमाणहरू भने छैनन् । जे भए तापनि नेपाल मानवका पुर्खाहरू हुर्के, बढेको ठाउँ हो तर तिनीहरूका सन्तान, दरसन्तान यिनै हुन् भनेर ठोकुवा गर्ने अवस्था छैन र पछिल्ला विभिन्न कालखण्डहरूमा नेपाल भूमिमा विभिन्न स्थानबाट बसाइ सराइ गरी आएको आधारमा यहाँ आदिवासी, आप्रवासीका जुन अवधारणाहरू आएका छन् तिनीहरूको खास अर्थ राख्न मिल्दैन । वास्तवमा यहाँ प्रवेश गरी यस भूमिमा नै आफूलाई समर्पण गरेका पुर्खाका सन्ततिहरू आज जुन स्थितिमा विद्यमान छन् तिनीहरू सबैबाट नै यो नेपाली समाजको निर्माण भएको छ (कार्की, २०६८:४) ।

आजको नेपाली समाज कसरी बन्यो र तिनका पूर्वज को थिए भन्ने कुरामा हामीले विचार गर्नुपरेको छ । नेपाली समाजको संरचना निर्माणमा हाम्रा पुर्खाहरूले निकै नै संघर्ष गर्नु परेको थियो (शर्मा, २०३९:१-११) ।

लिच्छविकालीन अभिलेखहरूको व्याख्या गर्ने क्रममा नेपालका प्रसिद्ध विद्वान् धनबज्र बज्राचार्यले भनेका छन्, "जात अनुसारको पेशा गर्दै जानाले नै लोकलाई सुखी तुल्याउँछ भन्ने धारणा त्यस बेला थियो । तर आफूलाई मनपरेको पेशामा लाग्ने स्वतन्त्रता उहिले थिएन । आफ्नो जातको धर्म (पेशा) छोडी अर्कै पेशातिर लागे 'धर्मसङ्कट' हुन्छ र यसले लोकको नाश गर्छ भन्ने धारणाले त्यस बेला जरो गाडेको थियो (बज्राचार्य, २०५३:२९८) । तत्कालीन समयमा वर्णव्यवस्थालाई कडाईका साथ लागू गराउने योजनाहरू बढिरहेका

थिए । हिन्दू वर्णव्यवस्थाभित्रमा विभिन्न वर्णहरूमा पेशा वा कामको विभाजन गरिएको थियो । तदअनुरूप ब्राह्मणको काम पढ्ने/पढाउने, दान लिने/दिने आदि थियो भने राज्यको रक्षा गर्ने/प्रशासन चलाउने कार्य क्षत्रिय वर्णका मानिसहरूको थियो । यस्तै गरी वैश्य वर्णमा राखिएका मानिसहरूको कार्य व्यापार, व्यवसाय गर्ने, कृषि कार्य गर्ने आदि थियो भने शुद्र वर्णका मानिसहरूको काम माथिका सबै वर्णका मानिसहरूको सेवा गर्ने भन्ने थियो ( कार्की, २०६८:५) ।

यसरी नेपाली समाजमा यसको बनावट प्राचीनकालदेखि हालसम्मको अवधिमा आइपुग्दा जातपात र छुवाछूतमा निकै नै भेदभावपूर्ण अवस्थालाई गुजार्दै अहिलेको अवस्थामा आएको पाइन्छ । यसै क्रममा जातीय 'छुवाछूत'को प्रथा सामाजिक कलङ्कको रूपमा रहेको पाइन्छ । नेपाली समाजको संरचनाको कुरा गर्दा यहाँको भूमिमा मानव सभ्यताका पर्याप्त अवशेषहरू प्राप्त भएका छन् तर ती आदिमानवका पुर्खाहरूका वंशजहरू वर्तमान नेपालमा को-को हुन् भनेर भन्न सकिने आधारहरू छैनन् । मानव सभ्यताका अवशेषहरूका आधारमा पुष्टि गर्न नसकिए तापनि नेपाली समाजको संरचना भने लिच्छविकाल अगाडिबाट नै भएको हो (वैद्य र अन्य, १९९३:३) । प्राचीन नेपाली समाजको निर्माण मूलतः आर्य र मङ्गोल सम्प्रदायका मानिसहरूबाट भएको पाइन्छ । यी दुई सम्प्रदायका मानिसहरू मध्ये आर्य सम्प्रदायका मानिसहरूका पुर्खा भारत तर्फबाट र मङ्गोल समुदायका मानिसहरूका पुर्खा चीनको तिब्बत क्षेत्र तथा भारतको उत्तर-पूर्वी क्षेत्रबाट आएका हुन् (कार्की, २०६८:१०) ।

आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी समुदाय, उत्पीडित वर्ग, गरिब किसान र मजदुरलाई समानुपातिक समामवेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक, सामाजिक न्यायको हक अन्तर्गत व्यवस्था गरेको छ (नेपालको अन्तरिम संविधान, २०६३:२३) ।

अहिलेको वर्तमान संविधानले व्यवस्था गरे अनुरूप सामाजिक न्यायको हक अन्तर्गत पछाडि परेका महिला, दलित, आदिवासी, जनजाति, मधेशी, थारु, अल्पसंख्यक, अपांगता भएका व्यक्ति, सीमान्तकृत, मुस्लिम, पिछडा वर्ग, लैंगिक तथा भौतिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रूपले विपन्न खस आर्यलाई समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक रहने कुराको स्पष्ट व्यवस्था गरेको छ (नेपालको संविधान, २०७२:१८) ।

वास्तवमा नेपाली समाजभित्र घुलमिल भएर रहेका विभिन्न जातजातिका मानिसहरूको साझा फूलबारी हो नेपाल। नेपालको सामाजिक इतिहासको क्षेत्रमा यो एक महत्त्वपूर्ण अनुसन्धानात्मक पक्षका रूपमा विद्यमान छ। यस परिवेशमा यो भन्न सकिन्छ कि, इतिहासको विभिन्न कालखण्डमा अझ ईसापूर्व सयौँ वर्ष अगाडि नै यस पूण्यभूमिमा हाम्रा पुर्खाहरूको आगमन भएको हो र हामी ती पुर्खाहरूका वंशज अहिले को आदिवासी, को अप्रवासी होइन सँगसँगै को गुरुङ, को मगर, को बाहुन, को क्षत्री, को छन्त्याल, को राई, को लिम्वू, को पहाडी, को मधेशी सबै एक हौँ र यो हाम्रो साझा घर हो भन्ने भावनालाई आत्मसात गरी यसको विकासको मार्गलाई समाउनु परेको छ। यसरी सम्पूर्ण जनजातिको भाषा, धर्म, संस्कृति, शिक्षाको सन्दर्भलाई उजागर गरी विभिन्न कुरीतिहरूलाई अन्त्य गर्दै विभिन्न जातीय संरचनाहरूलाई समाहित गरी जातीय समानतातर्फ समाजलाई उन्मुख गराउनुपर्दछ (कार्की, २०६८:१३)।

### २.१.१ जनजातिको परिचय

विभिन्न संस्कृति पहिचान बोकेको नेपालमा विभिन्न धर्म, संस्कृति, रीतिरिवाज, चालचलन मान्ने मानिसहरूको पनि बसोबास रहेको छ। यस अन्तर्गत ५९ वटा जनजातिमध्ये छन्त्याल जातिपनि एक जनजाति हो। यसर्थ जनजाति भन्नाले आफ्नै धर्म, संस्कृति, रहनसहन, भेषभूषा, पहिचान र इतिहास बोकेका सांस्कृतिक समूहलाई जनाउँछ। तिनै सूचीकृत आदिवासी जनजातिहरूलाई सरकारी मानवीय सूचकांङ्क २०५८ को आधारमा ५ वर्गमा विभाजन गरिएको छ :

(क) लोपोन्मुख समूह : १) कुसुन्डा २) वनकरिया ३) राउटे ४) सुरेल ५) हायू ६) राजी ७) किसान ८) लेप्चा ९) मेचे १०) कुशवाडिया

ख) अति सीमान्तकृत समूह : १. माझी २) सियार ३) ल्होमी (शिङ्सवा) ४) थदाम ५) धानुक ६) चेपाङ ७) सतार ८) थामी-झागड ९) बोटे १०) दनुवार ११) बरामु

(ग) सीमान्तकृत समूह : १) सुनुवा २) थारु ३) तामाङ ४) भुजेल, ५) कुमाल ६) राजवंशी ७) गन्गाई ८) धिमाल ९) भोटे १०) दराई ११) ताजपुरिया १२) पहरी १३) ताक्पेगोला १४) डोलमो १५) फ्रि १६) भुगाल १७) लार्के १८) ल्होपा १९ दुरा २० वालुङ

(घ) सुविधा वञ्चित समूह : १) गुरुङ २) मगर ३) राई ४) लिम्बू ५) छैरोतन ६) ताँवे ७) छन्त्याल ८) जिरेल ९) तिन गाउँले थकाली १०) बाह्र गाउँले ११) मार्फाली थकाली

१२) शेर्पा १३) याख्खा १४) न्यायी १५) ह्योम्चो

(ङ) उन्नत समूह : १) नेवार २) थकाली (आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान केन्द्रीय कर्यालय सानेपा साँचल ललितपुर मितिः २०६०।११।०८ मा सम्पन्न सङ्घीय परिषदको बैठकले सर्वसम्मतिबाट अनुमोति)

छन्त्याल नेपालको ५९ जनजातिमध्ये एक सुविधा वञ्चित जनजाति हो। माथिको सूचीकृत आदिवासी जनजातिहरूमध्ये राज्यको सबै सेवा सुविधा वा पहुँचबाट टाढा रहेको छन्त्याल जाति एक सुविधा वञ्चित जनजाति हो। मुख्य उद्गम तथा बसोबास स्थल म्याग्दीको गुजाखानी र बागलुङ जिल्लाबाट बसाइसराई गरी देशका विभिन्न ठाउँमा मुख्यतः पोखरा, काठमाडौँ, बुटवल, गुल्मी, दाङ, रुकुम, मुस्ताङ, कविवस्तु, सुर्खेत, पर्वत, चितवन, नवलपरासीमा र अन्य जिल्लामा फाट्टफुट्ट बसोबास गरेका छन् (बमबहादुर छन्त्याल, भेटवार्ता)। यसका साथै आफ्नै भाषा, संस्कार, संस्कृति भएको ५९ सूचीकृत जनजातिभित्र परेको। गुरुङ, थकाली, तामाङ, मगरसँगको संस्कृतिसँग मिल्दोजुल्दो सुविधा वञ्चित समूह अन्तर्गत पर्दछ छन्त्याल जाति।

### २.१.२ छन्त्यालहरूको उत्थानका लागि भएका प्रयास वा आन्दोलन

आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्द्धन गर्ने व्यवस्था नेपालको संविधान २०७२, भाग ४ को राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व को (ञ) सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीतिको सं २६ मा उल्लेख गरे अनुरूप छन्त्याल जातिले पनि आफ्नो धर्म, शिक्षा, संस्कृति साथै पहिचानको अस्तित्वको जगेर्ना गर्न खोजेको पाइन्छ जसलाई निम्न अनुसार वर्णन सकिन्छ।

१) संस्थापकः छन्त्यालहरूको 'सर्वमान्य' स्व. दिलबहादुर घरब्जा छन्त्याल

२) २०३६ सालमा 'छन्त्याल हित उपसमिति' गठन भएको

३) २०४३ 'उक्त संस्थालाई परिवर्तन गरी छन्त्याल परिवार संघ' नामकरण गरी वैधानिक संस्था नाएको।

४) अन्य संस्थापक सहयोगी सदस्यहरूमाः

१. मनिचन घरब्जा छन्त्याल

२. चित्रबहादुर घरब्जा छन्त्याल

३. देवेन्द्र रोका

४. बमबहादुर घरब्जा छन्त्याल

५. विशप्रसाद घरब्जा छन्त्याल

६. भक्तबहादुर तघब्जा छन्याल

७. दिपबहादुर भलम्जब छन्याल रहेका

५) २०४८ माघमा प्रथम राष्ट्रिय सम्मेलन बागलुङमा सम्पन्न भयो

६) २०४९ मा केन्द्रीय समिति पुनः २०४३ को 'छन्त्याल परिवार संघ' लाई संशोधित विधान अनुसार 'नेपाल छन्त्याल संघ' बनाएको र हाल त्यही नामले संस्था चली आएको छ ।

७) २०५२ साल माघ २०-२२ गते बेनी म्याग्दीमा प्रथम राष्ट्रिय महाधिवेशन सम्पन्न ।

८) २०५३ माघमा दोस्रो राष्ट्रिय सम्मेलन बुर्तिबाङ बागलुङमा सम्पन्न ।

९) २०५५ माघ ८-१० मा बुटवल रूपन्देहीमा दोस्रो राष्ट्रिय महाधिवेशन सम्पन्न ।

१०) २०६१ माघ ८-१० सम्म मनमैजु काठमाडौँमा तेस्रो राष्ट्रिय महाधिवेशन सम्पन्न ।

११) २०६६ माघ ८-११ सम्म पोखरा कास्कीमा चौथो राष्ट्रिय महाधिवेशन सम्पन्न ।

१२) २०७० माघ १०-१८ बुर्तिबाङ, बागलुङमा पाँचौँ राष्ट्रिय महाधिवेशन सम्पन्न ।

१३) २०७३ माघ १५-१८ पोखरा कास्कीमा छैठौँ राष्ट्रिय महाधिवेशन सम्पन्न

(स्रोत नेपाल छन्त्याल संघका अध्यक्ष भक्तबहादुर छन्त्याल र सचिव बमबहादुर छन्त्यालबाट प्राप्त) ।

नेपालको जनगणना, २०५८ अनुसार यहाँ १०१ जातिका मानिसहरू बस्दछन् भने २०६८ अनुसार १२५ जातजातिका मानिसहरू बस्दछन् । विभिन्न जनजातिका मानिसहरूमा अनेकौं भाषा, धर्म, सम्प्रदाय तथा आ-आफ्ना संस्कृतिहरू विद्यमान छन् । भाषागत रूपबाट

हेर्दा नेपालमा ९२ भाषाको प्रयोग पाइन्छ । यहाँ हिन्दू, बौद्ध, मुसलमान, क्रिश्चियन, जैन आदि धर्मावलम्वीहरू आ-आफ्ना धर्म, संस्कृति निर्वाध रूपले मानिरहेका छन् । विशेषतः अभ्र २०४६ सालको जनआन्दोलन पश्चात् नेपाली समाजमा आ-आफ्ना भाषा, धर्म, भेषभूषा आदिको संरक्षण र सम्वर्द्धनमा विशेष जोड दिँदै आएको पाइन्छ । यी सबै आधारहरूबाट पुष्टि हुन्छ कि, नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक तथा बहुसांस्कृतिक विशेषतायुक्त मुलुक हो जसलाई नेपालको अन्तरिम संविधान, २०६३ मा पनि स्पष्ट रूपले लिपिवद्ध गरिएको छ (नेपालको अन्तरिम संविधान, २०६३:७) ।

यसर्थ अन्तमा जनजाति उत्थानका दौरानमा राज्यको पहुँचसम्म आफ्नो भाषा, धर्म, संस्कृतिको उजागर गर्ने हेतुले छन्त्याल जाति पनि आफ्नो राष्ट्रिय सम्मेलन, सभा, समारोह, महाधिवेशन गरी जातीय पहिचानका आन्दोलनमा लागिपरेको पाइन्छ ।

एउटै मालामा नेपाली जाति समेटिने र विकसित हुने बाटोहरूको खोजी गर्दै विभिन्न संस्कृति र स्वावलम्वीपनका उदाहरणको रूपमा खानी पत्ता लगाई आफ्नो गुजारा चलाउने छन्त्याल जाति पनि ५९ प्रकारका जनजाति मध्ये एक हुन् । आफ्नै भाषा, धर्म, संस्कृतिमा आफ्नो पन देखाउने एक जनजातिको रूपमा यिनीहरू आउँछन् । यसरी जातीय समानतालाई विकसित हुने बाटाहरू खोजी एकता र समानतातर्फ लम्किनु आजको समाजको आवश्यकता हो ।

## २.२ छन्त्यालहरूको ऐतिहासिक परिचय

बहुआयमिकता, सामाजिक-सांस्कृतिक बहुलता, भाषिक र भौगोलिक विविधता नै नेपालको विशेषता हो । नेपालमा मुख्यतः इन्डो आर्यन वा ककेसस 'मङ्गोल' 'द्रविड' नश्ल/वंशजका मानव समुदायहरूको बसोबास रहेको छ भने 'भारोपेली', 'भोट-बर्मेली', 'द्रविड' 'मुण्डा'/आग्नेय' र 'कुसुण्डा' भाषा परिवारका वक्ताहरू रहेका छन् । ती नश्ल/वंशज र भाषा परिवारका उत्पत्ति कथा र इतिहास निर्माणसम्बन्धी आ-आफ्नै ऐतिहासिक पाटोहरू रहेका छन् (गुरुङ, २००४: ४२१) ।

नेपालमा बसोबास गर्ने जुन कुनै जात/जातिहरूको आफ्नै किसिमको ऐतिहासिक विरासत, सामाजिक-सांस्कृतिक विशेषता, धार्मिक मूल्यमान्यता र आर्थिक जीवन पद्धति रहेका छन् । डा. हर्क गुरुङका अनुसार, 'लिपिबद्ध नभएका जातिको किंवदन्ती र कथामात्र हुन्छ । तिनको पनि धेरै महत्व हुन्छ किनभने लिपिबद्ध इतिहास शासकहरूको थरवान हो

भने मौखिक कथन जनजातिको अतीतको चिनारी हो। यस्ता कथनहरूको सङ्कलन, प्रकाशन र टीकाटिप्पणीबाट जनजातिको इतिहासको उठान गर्न सकिन्छ। डा. हर्क गुरुङले भनेजस्तै 'छन्त्याल' जातिको पहिचान निर्माण (उत्पत्ति कथा) पनि इतिहास सम्बन्धी लिखित सामग्रीहरूको कमीले गर्दा भनाइ कथ्य तथा मौखिक कथन जाति वा समुदायमै आधारित हुनुपर्ने देखिन्छ। तथापि 'छन्त्याल' शब्द, पहिचान, इतिहास के-कसरी कहिले व्युत्पत्ति/निर्माण भयो भन्ने भरपर्दो आधिकारिक तथ्य र प्रमाण भेट्न इतिहासको साङ्गोपाङ्गो थाहा पाउन भने निकै कठिन र चुनौतीपूर्ण कार्य भएको छ (छन्त्याल, २०७१: २)।

'छन्त्याल' जातिको उत्पत्ति र पहिचानका सन्दर्भमा मूलतः दुईवटा कोणहरूबाट भनाइहरू बाहिर आएका छन्। इतिहासको कुनै कालखण्डमा 'छन्त्याल'हरूका पुर्खा-अग्रज 'ठकुरी' वंशका थिए। त्यसैले छन्त्यालहरू 'ठकुरी' वंशका सन्तान हुन्। अर्को भनाइ अनुसार र छन्त्यालहरूको शारीरिक बनोट, सामाजिक-सांस्कृतिक, भाषिक मूल्य-मान्यता र अभ्यासहरू 'ठकुरी'हरूसँग केही पनि नमिल्ने तर नेपालका अधिकांश मङ्गोलियन समुदायसँग मिल्ने भएकोले छन्त्यालहरू मङ्गोलियन नश्ल-वंशका सन्तान भएको दाबी गरिन्छ। यिनै दुईवटा धारणाका आधारमा छन्त्यालहरूको इतिहासलाई प्रस्ट्याउनुपर्ने र व्याख्या विश्लेषण गर्नुपर्ने देखिन्छ। यसर्थ छन्त्याल जातिको इतिहासका आयामहरूमाथि गहिरो अध्ययन अनुसन्धान हुन सकेको छैन। अत्यन्तै न्यून प्रकाशित लेख-रचना र केही 'मिथ' का आधारमा व्याख्या, विश्लेषण गर्दा सत्यताको कति नजिक पुग्न सकिने वा नसकिने एउटा पक्ष हो तर छन्त्याल आदिवासी जनजाति इतिहास र पहिचानविहिन थिएन र छैन पनि (छन्त्याल, २०७१:३)।

निष्कर्षमा के भन्न सकिन्छ भने छन्त्यालहरूको इतिहाससँग जोडिएको 'ठकुरी' छन्त्यालको वंशज नभई पदवी/उपाधि मात्र भएको वा छन्त्यालहरूको शारीरिक बनोट, सामाजिक-सांस्कृतिक मूल्य-मान्यता, धर्म, संस्कृति, चालचलन, प्रथा, परम्परा, रीतिरिवाज लगायत आर्थिक, राजनीतिक जीवन पद्धति मङ्गोलियन नश्लका जाति/समुदायसँग प्रत्यक्ष मिल्दछ। यिनीहरूको भाषा भोट-बर्मेली परिवार अन्तर्गत पर्ने र अधिकांश धार्मिक कार्यहरू प्रकृतिपूजकका रूपमा गरिने भएकोले छन्त्यालहरू मङ्गोलियन नश्ल/वंशजका जाति/समुदाय हुन्। नेपाल सरकार आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार सूचीकृत ५९ आदिवासी जनजातिमध्ये अल्पसङ्ख्यक तथा सुविधा वञ्चित

समूहमा पर्ने एक आदिवासी जनजाति हो, छन्त्याल। इतिहासको लामो कालखण्डदेखि धौलागिरी हिमालको शिरदेखि पूर्व-दक्षिण-पश्चिम भिरालो भूभागमा आवाद गरेर छन्त्यालहरूले तामाखानी खन्ने र कृषि तथा पशुपालन पेशा अँगाले। उनीहरूले राष्ट्रराज्य निर्माणमा 'भेजा', 'कर', 'दान' सहयोग लगायत आर्थिक, भौतिक, नैतिक, राजनीतिक, प्रशासनिक, सामाजिक-सांस्कृतिक पक्षहरूमाथि योगदान पुऱ्याउँदै आएका छन्। यसर्थ छन्त्यालहरूले आदिवासी जनजाति पनि छुट्टै र पृथक पहिचानका साथ समाजमा आफूलाई स्थापित गरे। यसरी सदियौंदेखि आफ्नो थातथलोका प्राकृतिक सुन्दरता र आफ्नै संस्कृति र संस्कारसँग रमाउँदै भिन्न पहिचान निर्माण गरेका समुदाय हुन्, छन्त्याल आदिवासी जनजाति।

ऐतिहासिक दस्तावेजहरूलाई नियाल्दा छन्त्यालहरूको पुर्ख्यौली इतिहास झल्काउने केही ताम्रपत्रहरू निम्नानुसार छन्-

१) कुइनेखानी गाउँमा प्राप्त ताम्रपत्र : म्याग्दी जिल्लाको कुइनेखानी गाउँमा बस्ने स्व. श्री मुख्खा कालु घर्ती छन्त्याललाई रोज भेडा चराएको बारे झगडा भएको वि.सं. १६५४ सालको ताम्रपत्र ३ थान छ। यी तीन ताम्रपत्र यसप्रकार छन्:

क) वि.सं. १६५४ सालको ताम्रपत्र थान-१

ख) वि.सं. १६५७ सालको ताम्रपत्र थान-१

ग) वि.सं. १६५२ सालको ताम्रपत्र थान-१

यिनमा भएका अक्षरहरू नबुझिने भएकाले पुरातत्व विभागका पूर्वकर्मचारी हेमराज शाक्यले नन्दी नगरी लिपि भन्नुभएको छ (सुनार, २०६६:६३)।

२) झिङ्खानीमा प्राप्त ताम्रपत्र : वि.सं. १८३८ सालको ताम्रपत्रमा "श्री श्री श्री ३ भीम मल्ल राजाका पालामा पारी व्यलडाँडा वारि नकल डाँडा छिपछिपेपानी तामाको जरो घरको टुप्पो चकुले श्री झिंखानीलाई पुर्ख्यौली बानी दियौ" यसरी यो क्षेत्रको सम्पूर्ण जग्गामा खानी खन्ने अधिकार छन्त्याल जनजातिमा आयो। सरकारी वन ऐलानी तथा पर्ती जग्गा अतिरिक्त कसैको व्यक्तिगत जग्गामा खानी खन्ने अधिकार छन्त्याल जातिलाई दिइयो।

३) कृति बम मल्लको ताम्रपत्र : अर्को ताम्रपत्र छन्त्याल जनजातिलाई श्री धवनधाने (कसैले सही उच्चारण नगरेर धोल्धाने) राजा कृतिबम मल्लले वि.सं. १८२९ सालको ताम्रपत्रमा मौलो ईजरा छुट्याइदिएका छन् (सुनार, २०६६:६४)।

४) श्री झिङ्खानीमा रहेको टक्सार : यसमा काटेको तामाको पैसा म्याग्दीको

मंगलेखानीमा छ। यसका अतिरिक्त यी छन्त्याल घर गाउँमा ढाल, तरबार, खुँडा, पाथी र तामाको भ्रुण्डो भएको पाथी, सुसे पाथी तामाको उहिलेको धनु, ठोक्रोहरू पनि भेटिएका थिए। यसले के जनाउँछ भने तत्कालीन छन्त्याल समाजमा माना, पाथी, ठक, तराजु र अन्य आर्थिक क्रियाकलाप विकसित भइसकेको थियो (पन्त: २०५३: ३२)।

ऐतिहासिक भाँडाकुँडाहरूबारे छन्त्याल जातिहरू निकै नै अगाडि थिए र यी जनजातिहरू मेहनती, इमान्दार र लगनशील, प्राविधिकहरू थिए तर तत्कालीन समयमा पर्याप्त तालिमको अभावले यिनीहरूले भनेजस्तो कार्य गर्न पाएका थिएनन्। केही सीमित गाउँहरूमा प्राप्त उनीहरूका प्राचीन भाँडाकुँडाहरूले यसैको गाथा अव्यक्त रूपमा गाउँछन्। यी भाँडाकुँडाका बारेमा एउटा रोचक जनश्रुति छ।

खानी खन्दा खन्दा तामा नपाइएकोले छन्त्यालहरूले अति नै दुःख पाएछन्। अतः ती दुःखी छन्त्यालहरूले राती सुत्ने बेलामा वन देउतीलाई पुकार्दै भनेछन् रे "हे वनदेउतीनी ! सिमे, भूमे हामीलाई खानीभित्रबाट तामा निकाल्न सारै दुःख र कष्ट भयो। अब हामीहरूलाई सहयोग गर्न यी खानी भएको भिर, पहाडहरूमाथि पहिरो चलाइदेऊ, खोलानालाले बगाइदेउ।" यसरी देउतिनी, सिमे, भूमेलाई पुकार गरी धूप, धुँवार गर्दा साँच्चै नै देउतीनीले उपवास बसेकोलाई सपनामा देखाए र भोलिपल्ट खानी भएका पहाडहरूमा पहिरो चलाइदिन्छन् रे ! यही पहिरोबाट तामाका धाउका पत्रपत्र पुरेका चाक्लाहरू फेला पारेछन् रे। हो, त्यही तामाका धाउको सधैंका लागि चिनोका रूपमा राख्न एक-एक वटा रोचा बनाइराखेका छन् भन्ने भनाइ छ। यो रोचामध्ये एउटा म्याग्दी जिल्ला द्याहारखर्क गाउँ निवासी रत्नदेवी घरब्जाको घरमा छ। यस भाँडामा दुई मुरी अन्न अट्न सक्छ। यसको उचाइ ढकनी सहित ४.४ फुट, गोलाइ ७.४ र तौल १५ धार्नीको छ। तसर्थ यसले छन्त्याल जनजातिको सिंगो इतिहासको गाथा गाउँछ (परिशिष्ट, ४)।

## २.३ छन्त्यालहरूको मूल थलो म्याग्दी

नेपालमा हाल ७७ जिल्ला मध्ये म्याग्दी जिल्ला पश्चिमाञ्चल विकास क्षेत्रको धौलागिरी अञ्चलमा पर्दछ। यस जिल्लामा विभिन्न प्रकारका जनजातिको बसोबास रहेको छ। म्याग्दी जिल्लामा अन्य जातिको तुलनामा मगर जातिको जनसङ्ख्या अधिक छ। यस जाति पनि अन्य जाति सँग मिलेर बसोबास गरेको पाइन्छ। यसरी विभिन्न जातिहरू आपसमा मेलमिलाप गरी समन्वयको भावना राखी मिलेर बसेको पाइन्छ। यसर्थ त्यस क्षेत्रमा अनुपम मेलमिलाप र सहिष्णुताको भावना विद्यमान छ (शर्मा, २०५९:२३)।

छन्त्यालहरूको पुस्ताको इतिहास पल्टाउँदा कहाँबाट कुन नश्ल र वंशजबाट आएका भन्ने कुरामा विविधता पाइन्छ। मोहनबहादुर मल्ल, होमनाथ सुवेदी, शास्त्रदत्त पन्त, दिलबहादुर घरब्जा छन्त्याल लगायतले केही छन्त्याल अग्रजहरूका भनाइका आधारमा छन्त्यालहरू ठकुरी वंशका सन्तान भएको तर्क पेस गरेका छन्। केभिन भिङ्राज छन्त्याल र हरिचन डाँडामारे छन्त्यालले आफ्नो अध्ययनमा छन्त्यालहरूको शारीरिक बनोट, सामाजिक सांस्कृतिक चालचलनको आधारमा उनीहरू मंगोलियन भएको दाबी गरेका छन्। मोहनबहादुर मल्लले 'मधुपर्क' पत्रिकाको 'छन्त्याल जाति' शीर्षक लेखमा 'छन्त्यालहरूका पुर्खा ठकुरी वंशका थिए र सिञ्जाबाट बसाई सरी म्याग्दी र बागलुङ्को विभिन्न क्षेत्रमा गएर बसोबास गर्नेहरू 'छन्त्याल भनेर चिनिए' भनेर लेखेका छन्। तत्कालीन समयमा इतिहास लेख्ने चलन हेर्दा हाम्रो समाजमा पढेगुनेका मान्छे अत्यन्त कम र वंशावली लेखिएको नहुँदा अबुद्धहरूले लेखेको वंशावली पछि सार्दा विराए र लेखकहरूले ठीकसँग नलेखिएकोले मल्लको लेखले छन्त्यालहरूको वंश ठकुरी हुन भन्ने भनाइ आफैँमा विरोधावास पूर्ण भएको पुष्टि हुन्छ (छन्त्याल, २०७१:६-७)।

म्याग्दी जिल्लाको गुर्जाखानी, कुइनेमंगले, मल्कावाङ, ठाडाखानी, चौरखानी, पाखापानी, भकिम्ली, बरञ्जाखानी, ङ्गेताकम ओखरबोट, दम्वाङ्, अर्मन र निस्कोट तापाखानी आदि स्थानमा छन्त्यालहरूको बसोबास स्थल थियो। विभिन्न अनुसन्धान अनुसार सबै एकै ठाउँमा बसी जीविकोपार्जन गर्न धौ धौ भएको अवस्था र सरकारलाई भेजा (कर) तिर्न समेत नसकेको अवस्थामा खानी खन्न बन्द गरी खेतीपाती गर्न लागेको पाइन्छ (छन्त्याल, २०७१: ८-९)।

इशापूर्व ३१०० मा मंगोलियादेखि पामिर पठारभित्रका भू-भागमा भीषण प्रलय भएकाले मंगोलहरू बसाइसराइँ गरी हिमालदेखि दक्षिणतर्फ लागेको सङ्केत मिल्दछ। वर्तमान म्याग्दी जिल्लाको दक्षिण पश्चिममा प्राचीन कालमा थापाहरूको राज्य रहेको कुरा स्पष्ट हुन्छ। 'भाष' शब्दले थर नभएर वंश जनाउँछ। तिब्बती भाषामा 'मंगोल' समुदायको बसोबास प्राचीन कालदेखि नै पाइन्छ। यसरी मंगोलियन समुदाय अन्तर्गतकै जनजातिकै समानान्तर रूप  यस छन्त्याल जातिको बसोबास पनि म्याग्दी, बाग्लुङ्ग लगायतका विभिन्न खानी भएका क्षेत्रहरूमा अत्याधिक भएको पाइन्छ।

छन्त्यालहरूको मूल थलो म्याग्दीमा नै भएको पाइन्छ। आजको समयमा बेनी बजारमा बसोबास गर्दै आएका छन्त्याल समुदाय म्याग्दीका विभिन्न छन्त्याल वस्तीहरू

जस्तै कुइनेखानी, मंगलेखानी, गुर्जाखानी, भिङ्खानी, दाना, दार्बा, ताकम आदि विभिन्न ठाउँबाट बसाइँसराई गरेको पाइन्छ। यसबाट छन्त्याल जातिको प्रारम्भिक वासस्थान विभिन्न खानीहरू भएको स्थानमा नै थियो भन्ने देखिन्छ (छन्त्यालहरूको प्रारम्भिक मूल थलो गुर्जाखानीको हालसालै खिचेको तस्बिर परिशिष्ट ४ मा देखाइएको छ)।

विशेष गरी राणाकालीन समयमा छन्त्यालहरूले अत्याधिक मात्रामा खानी खनेर जिविकोपार्जन गर्ने गरेको पाइन्छ। पछि त्यसबाट जिविकोपार्जन गर्न नसकी र सरकारलाई चर्को भेजा (कर) तिर्न समेत नसकेपछि उनीहरूले अन्य व्यवसाय अगाल्नु परेको थियो। त्यसैताका अन्य क्षेत्रबाट छुटिएर छन्त्याल समुदायको बेनी बजारमा प्रवेश भएको पाइन्छ। आफ्नो पुर्ख्यौली पेशालाई छाडेपछि छन्त्यालहरू कृषि व्यवसाय, पशुपालन व्यापार वैदेशिक रोजगार जस्ता विभिन्न व्यवसायलाई अँगालन पुगेका छन्। कतिपय संस्कार छन्त्याल जातिको बढी मगर जातिसँग मिल्ने देखिन्छ। दुवै मंगोलियन समुदाय र कतिपय संस्कारहरू समेत मगरहरूसँग मिल्दाजुल्दा हुने भएकाले यसो हुनु स्वाभाविक हो (पुन, २०७१:५६-६०)।

यद्यपि छन्त्यालहरूको शासन गरेको अरू भरपर्दो तथ्य प्रमाण भने भेटिएको छैन। तैपनि छन्त्यालहरूको 'मिथ' अनुसार सिञ्जा उपत्यका वरिपरि शासकहरूका लागि उच्चस्तर ओहदामा बसी सघाउने गरेको दावी गर्छन्। यसरी इतिहासको कुनै कालखण्डमा शासन गरेवापत र समाजमा प्रतिष्ठित पदवी वा उपाधि पाएको लिएको दिएको भन्न सकिन्छ (छन्त्याल, २०७१: ७)।

छुट्टै भाषा, धर्म, भौगोलिक क्षेत्र, ऐतिहासिक निरन्तरता र सामूहिक भावना छ भन्ने दाबी सहित नेपालको आदिवासी जनजातिमा सूचीकरण भएका छन् छन्त्याल जाति। म्याग्दी जिल्लामा बस्ने विभिन्न जाति जनजाति मध्ये छन्त्याल जाति पनि यस जिल्लामा बसोबास गर्ने अल्पसंख्यक जाति हो। यो जातिको सबभन्दा ठूलो बस्ती र जनसङ्ख्या म्याग्दीमा नै पर्छ। छन्त्यालहरूको बस्ती भएको सबैभन्दा ठूलो गाउँ म्याग्दी जिल्लाको गुर्जाखानी भएको पुष्टि हुन्छ। यस गुर्जाखानी म्याग्दी जिल्लाको सबैभन्दा माथिल्लो चुरेन हिमालको काखमा अवस्थित छ। त्यसैले म्याग्दी जिल्लामा "गुर्जाभन्दा माथि गाउँ छैन, टुपीभन्दा माथि ठाउँ छैन" भन्ने भनाइ प्रचलित छ। यस जिल्लामा छन्त्याल जातिको कूल सङ्ख्या ४८३६ छ भने घर सङ्ख्या ७८० छ। आजको अवस्थामा आइसक्दा पनि गुर्जाखानीमा अवस्थित छन्त्यालहरूले आफ्नो बसोबासस्थलको लालपुर्जा नपाएको अवस्था छ (गौतम, २०७५ 'ख')।

नेपालमा विकासक्षेत्र, पर्यावरणीय तह, ग्रामीण र शहरी इलाका अनुसार छन्त्याल जातिको जनवितरणको विवरण यसप्रकार छ-

| जात/जाति | जम्मा सङ्ख्या | ग्रामीण शहरी | | पर्यावरणीय तह | | |
|---|---|---|---|---|---|---|
| | | शहरी | ग्रामीण | हिमाल | पहाड | तराई |
| छन्त्याल | ११,८१० | १५३३ | १०,२७७ | ८७ | १०४५५ | १२६८ |
| महिला | ६,५६५ | ८११ | ५,७५४ | ३८ | ५.७०८ | ८१९ |
| पुरुष | ५,२४५ | ७२२ | ४,५२३ | ४९ | ४७४७ | ४४९ |

| विकास क्षेत्र नं. | पूर्वाञ्चल | मध्यमाञ्चल | पश्चिमाञ्चल | मध्य प. | सुदुर प. |
|---|---|---|---|---|---|
| छन्त्याल | 64 | 1033 | 9970 | 705 | 38 |
| महिला | 46 | 596 | 5488 | 404 | 21 |
| पुरुष | 18 | 437 | 4482 | 311 | 7 |

*स्रोत: केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, सन् २०११ )वि.स. २०६८) मा आधारित*

माथिको विवरण अनुसार छन्त्यालहरूको पहाडी इलाकामा सबैभन्दा बढी वस्ती रहेको छ। विकास क्षेत्रका आधारमा सबभन्दा बढी पश्चिमाञ्चलमा रहेका छन् भने सबै भन्दा कम वसोवास सुदुर पश्चिमाञ्चलमा रहेको छ। त्यसरी नै सहरी भन्दा ग्रामिण इलाकामा वसोवास वढी छ। २०६८ सालको जनगणना अनुसार म्याग्दी जिल्लामा छन्त्यालहरूको सङ्ख्या जम्मा ७,९०० रहेको र त्यसमध्ये हिन्दु ४६००, बौद्ध ३०००, क्रिश्चियन १००, अन्य २०० रहेको छ। यस क्षेत्रमा अन्य जातिमा पनि विभिन्न धर्मालम्बीहरू भए तापनि यिनीहरूको बीचमा धार्मिक सहिष्णुताको भावना छ।

## २.४ नामकरण

नेपाल विभिन्न जातजातिको साझा फूलबारी हो। ती सबै जाति विशेषको नामकरणका पछाडि विभिन्न कारणहरू रहेका हुन्छन्। नेपालका जातिहरूको नामाकरणलाई अध्ययन गर्ने हो भने जयस्थिति मल्लको पालादेखि नेपालीहरूलाई ४ वर्ण ३६ जातमा विभाजन गरी नामाकरण गरेको उल्लेख वंशावलीमा पाइन्छ (शर्मा, २०५९: ३७)। तत्कालीन समयमा पनि नेपालमा विभिन्न जातिहरूको नामाकरण कामको आधारमा सम्बोधन भएअनुसार पाठपूजा र पुरेत्याइँ गर्नेलाई पण्डित छालाको काम गर्नेलाई चर्मकार, सुनको

काम गर्नेलाई सुनार, फलामको काम गर्नेलाई लोहार, गीत गाउनेलाई गन्धर्व, कपडा धुने धोबी, ज्योतिष शास्त्रको अध्ययन अध्यापन गर्ने गराउनेलाई ज्योतिष त्यस्तै ज्योतिषिबाट अपभ्रंश हुँदै जोशी/जैसी नामाकरण भएका धेरै उदाहरणहरू नेपाली समाजमा विदितै छन् ।

उत्पत्तिको दृष्टिले हेर्दा छन्त्याल जाति परापूर्व कालमा भोट (तिब्बत) बाट कर्णालीको सिंजा छार्काभोट हुँदै हालको बागलुङ र म्याग्दीको उत्तरपश्चिम सिमाना नजिक 'छयान्टुङ्ग' भन्ने इलाका वरिपरि आएको देखिन्छ । यस छयान्टुङ्ग भन्ने ठाउँमा आई बसोबास गरेकोले त्यहाँ बसेका छन्त्याललाई छयान्टङ्गे भन्दाभन्दै स्थान विशेषका आधारमा छन्त्याल थर भएको वा नामाकरण भएको मानिन्छ । यसबारे सत्यतथ्य कुरा पत्ता लगाउन बाँकी नै छ । यस जातिले खानी पत्ता लगाउन माटो सुँघेर, चाखेर, आवाजबाट निलोतुथो, अन्तर ज्ञान अनुभव, दैवीशक्ति, बाढीपहिरो आदिको आधारमा खानी पत्ता लगाउँथे (छन्त्याल, २०७१: ९२-९३) । यो जातिको पनि अन्य जातिको जस्तै नामाकरणको पछाडि विभिन्न भनाइहरू पाइन्छन् । छन्त्यालहरू पहिला छान्टुङ्ग भन्ने ठाउँमा आएर बसेका थिए । त्यहाँ बसेकाले छयान्टङ्गे भन्दाभन्दै स्थान विशेषका आधारमा छन्त्याल थर भएको हो भनिन्छ ( पन्त, २०५३: ४-५) ।

अर्को भनाइअनुसार "शाही थरका ठकुरीको जनै छिनेछ । जनै छिनेपछि बोल्न हुँदैनथ्यो तर उसले "जनै छिन्यो" भनेछ । यो गल्तीले गर्दा शाही डराएर 'जनै छिन्यो जनै छिन्यो' भनेर भागेछ । भागेर उसले शिकार र खानीसम्बन्धी काम गर्न शुरु गरेछ । यही जनै छिन्योबाट अपभ्रंश हुँदै छन्त्याल भयो" भनी छन्त्याल जातिलाई ठकुरीको वंशसँग जोडिएको पनि पाइन्छ (सुवेदी, २०३२: ७) । छन्त्यालहरू शुरुमा रुकुमबाट शाही राजाको साथमा आई छुन्तुङ भन्ने गाउँमा बसेकोले सोही छुन्तुङ भन्ने ठाउँको नामबाट छन्तेल भए (मेचीदेखि महाकाली, २०३१: ६३३) ।

तिब्बत-बर्मेली भाषा परिवारमा गणना गर्न सकिने छन्तेल समुदायको मूल थलो कहाँ हो भन्ने कुराको पत्ता नलागेको हुनाले शुरुमा यिनीहरू ढोरपाटन नजिकको 'छन्तुघाट' र पर्वतको 'छन्तुङ्ग' गाउँमा बसेकोले छन्तेल भनिएको हो भनी नगेन्द्र शर्माले आफ्नो कृति नेपाली जनजीवनमा उल्लेख गर्नुभएको छ । छन्त्यालहरूको पुर्ख्यौली पेशा खानी खन्ने भएकोले यिनीलाई खनेल र आग्री पनि भनिन्छ । बाहुनलाई 'काठा' थकालीलाई टाकूल भन्ने जस्तै छन्त्यालहरूलाई आग्री भनिन्छ ।

नेपालका धेरै जातिहरूको नामाकरण कि त कामको आधारमा कि त स्थान

विशेषको आधारमा भएको हो। छन्त्यालहरूको तत्कालीन पेशा खानी खन्ने भएकोले उनीहरूलाई खनेल र छन्त्यालहरूको खानी खन्ने मुख्य हतियार टागा वा छिना खेलाउने छिनेल भई कामका आधारमा छिनेलबाट अपभ्रंश भएर छन्तेल हुँदै छन्त्याल नामाकरण भएको सम्भावना पनि त्यत्तिकै देखिन्छ। छन्त्यालहरूको नामकरणको सम्बन्धमा विभिन्न भनाइहरू पाइए तापनि यिनीहरूले खास आदिम ठाउँ 'छयान्टु हो भन्ने भाव सबै भनाइमा पाइन्छ। यसर्थ अन्य ठोस प्रमाणहरू नपाउँदासम्म त्यही स्थानको नामबाट छन्त्याल जातिको नामकरण भएको मान्नुपर्छ (अधिकारी, २०५३: १३१-१३२)।

स्थान विशेषको आधारमा उत्पत्ति भएका अन्य केही थर वा जातिहरू

सुवाडा - सुवेदी

छानी - छन्त्याल

गोताम - गोतामे/गौतम

सापकोट - सापकोटा

पराजुल - पराजुली

नेपा - नेपाल (शर्मा, २०५९:३९)।

तत्कालीन खस राज्यमा प्रचलित पद/दर्जा (काम) तथा स्थानका आधारमा नामकरण भएका जातिहरू वर्तमान नेपालमा भएको पाइनछ। नेपालका धेरै जातिको नाम स्थान विशेषको आधारमा रहनु, तीमध्ये छन्त्याल जातिको आदिम ठाउँ छन्तु/छुन्तुङ/छयान्टु हो भन्ने भाव सबै भनाइहरूमा पाइनु, छन्तु/छुन्तुङ/छ्यान्टुको उच्चारण मिल्दोजुल्दो भई त्यसबाट अपभ्रंश भएर छन्त्याल हुने सम्भावना बढी हुनु आदि कारणले यस जातिको नामकरण यिनीहरूको आदिम बसोबासस्थल छयान्टुबाट भएको हो भन्न सकिन्छ। नेपाल छन्त्याल संघ कास्कीको कार्यालयका सचिव बमबहादुर छन्त्यालको भनाइमा पनि छयान्टु/छन्टु/छुन्टुङ्गबाट छन्त्याल भएको हो भन्ने कुरा दर्शाइएको छ। त्यसैले छयान्टु भन्ने स्थानको नामबाट नै यस छन्त्याल जातिको नामाकरण भएको देखिन्छ।


यसै अवस्थामा अध्ययन गरिएको क्षेत्र हेमजाको म्याग्दी चोकमा बसोबास गर्ने छन्त्यालहरू पनि म्याग्दीको गुर्जाखानी र बागलुङ जिल्लाबाट आएकाले म्याग्दीचोक नामकरण भएको छ। प्रायः गरी म्याग्दी चोकमा म्याग्दी जिल्लाबाट आएका छन्त्यालहरू रहेका छन्।

## २.५ कास्की जिल्लामा विद्यमान छन्त्यालहरू

प्रकृतिको अनुपम उपहार कास्की जिल्ला सुन्दरताको हिसावले निकै राम्रो मानिन्छ। हरिया डाँडापाखाले गर्दा यो क्षेत्र पशुपालनका दृष्टिमा अत्यन्तै उपयोगी मानिन्छ। यति मात्र नभएर उब्जाउ भूमि र बसोबासका दृष्टिले पनि कास्की जिल्ला अत्यन्त उपयोगी छ। कास्की जिल्लाको कूल क्षेत्रफल २०१७ वर्ग कि.मि. छ (पन्त, २०५३:४-५)। नेपालको सबैभन्दा बढी पानी पर्ने ठाउँ हुनाले यस क्षेत्रलाई नेपालको चेरापुञ्जी पनि भनिन्छ। मनसुनी हावाले ल्याएको आर्द्रता उत्तरतिरका हिमालहरूमा ठोक्किएर बढीभन्दा बढी पानी पर्ने ठाउँ नै कास्की हो। नेपालको पर्यटन व्यवसायको लागि पनि प्रख्यात ठाउँ नै हो कास्की जिल्ला।

कास्की जिल्लाका जाति र जनजातिको जनसंख्या विवरण (प्रतिशतमा)

कास्की जिल्लामा बसोवास गर्ने विभिन्न जातजाति, जनजाति, आदिवासीहरूमा ब्राह्मण, क्षेत्री, ठकुरी, सार्की, कामी, दमै, गुरुङ, मगर, राई, लिम्बू, तामाङ, शेर्पा, भूजेल, थकाली, नेवार, थारु, माझी, गाईने छन्। साथै छन्त्याल जाति पनि कास्कीमा ८०० जति र नेपाल अधिराज्यमा १२ हजारको हाराहारीमा रहेको अध्ययनले देखाउँछ। कास्की जिल्लामा बसोबास गर्ने विभिन्न जाति जनजातिको जनसंख्या विवरण निम्न अनुसार रहेको देखिछ।




*स्रोत : www.ddckaski.gov.np (075/8/25)*

नेपाल छन्त्याल संघ कास्कीका सचिव बमबहादुर छन्त्यालबाट प्राप्त जानकारी वा उनीहरूको डाटा सङ्कलन अनुसार छन्त्यालहरू कास्कीको विभिन्न स्थानमा निम्नअनुसार रहेका छन्:

| ठाउँ | घरधूरी |
|---|---|
| हेमजा | ४५ |
| नदीपुर | १६ |
| लामाचौर-१९ नं. | ५० |
| दिप-१६ नं. | ४५ |
| रामबजार | १० |
| भेडीफारम | ६ |
| लेकसाईड | ६ |
| रिट्टेपानी | १० |
| बिरौटा | ६ |
| जम्मा | १९४ |

*स्रोतः नेपाल छन्त्याल संघ, नदीपुर, कास्की घरदैलो विवरण*

उपर्युक्त विवरणबाट कास्की जिल्लाभरिमा जम्मा १९४ घरधुरी रहेको छ । सबैभन्दा बढी हेमजा, लामाचौर-१९ र दिप-१६ मा बढी छन्त्यालहरूको बसोवास रहेको छ । यसरी पोखराको बिरौटा, राष्ट्र बैंकचोक आदि विभिन्न ठाउँहरूमा पनि छन्त्यालहरू छरिएर रहेको पाइएको छ । कास्कीमा हेमजालाई मूल केन्द्रबिन्दु बनाएर यस अध्ययन तयार पारिएको छ ।

छन्त्यालहरू म्याग्दीको गुर्जाखानी, कुइनेखानी, मंगलेखानी वा बागलुङबाट बसाइँसराई गरेर देशका विभिन्न ठाउँमा बसोबास गर्दै आएका छन् । यसै क्रममा हेमजा साथै कास्कीका विभिन्न ठाउँमा राम्रो शिक्षा आर्जन गर्ने, सुविधायुक्त वातावरणको खोजी गर्ने साथै विभिन्न रोजगारीको प्राप्तिको लागि दुर्गम गाउँबाट विस्थापित भई कास्कीका विभिन्न ठाउँमा बसोबास गरेको पाइन्छ ।

### २.५.१ जनसङ्ख्या

छन्त्याल जाति नेपालमा प्राचीनकालदेखि नै बसोबास गर्दै आइरहेको आदिवासी जनजाति अन्तर्गत पर्ने छुट्टै जाति हो । राष्ट्रले छन्त्याल जातिका बारेमा छुट्टै राष्ट्रिय जनसङ्ख्या तथ्याङ्क विभागमा समावेश नगरेका कारण साथै सरकारी निकायबाट हरेक दश-दश वर्षमा गरिने राष्ट्रिय जनगणनामा छन्त्याल जातिबारे बेग्लै सङ्ख्या आधिकारिक

रूपमा सार्वजनिक तथा प्रचारप्रसार गरिएको छैन । यसर्थ छन्त्याल जातिको जनसङ्ख्यालाई मगर समाज वा मगर जातिअन्तर्गत समावेश गर्दै आइरहेका कारण यी जातिका छुट्टै जनसङ्ख्या विवरण प्रकाशमा ल्याइएको थिएन ।

नेपाल छन्त्याल संघको आफ्नै पहलमा जनगणना गरी प्रकाशनमा ल्याएको तथ्याङ्क अनुसार छन्त्याल जातिको जनसङ्ख्या लगभग १२,००० हाराहारीमा देखाइएको छ भने छन्त्यालहरूको २०६८ सालको जनगणना अनुसार आदिवासी जनजातिको वर्गीकरणअनुसार आदिवासी जनजातिको बसोबास हिमालमा १९, पहाडमा २३, भित्री मधेशमा ७, तराईमा १० गरी नेपाल अधिराज्य भरी ५९ प्रकारका जनजातिका रूपमा रहेको छ ।

सानो देश नेपाललाई विभिन्न जाति तथा जनजातिको साझा फूलबारीको रूपमा पाउनु एउटा अवसर पनि हो । नेपालमा रहेका जनजाति र तिनीहरूको जनसङ्ख्यालाई परिष्टिट-१ मा राखिएको छ ।


राष्ट्रिय जनगणना २०६८ अनुसार नेपालको कुल जनसङ्ख्याको ०.०४ प्रतिशत अर्थात् ९८१४ छन्त्यालको जनसङ्ख्या रहेको छ ।

### २.५.३ अनुसन्धान क्षेत्रमा छन्त्याल जातिको जनसङ्ख्या विवरण

अनुसन्धान क्षेत्रको छन्त्याल जातिको जनसङ्ख्यालाई वृत्तचित्रमा प्रस्तुत गरिएको छ-

चार्ट नं. २.१

हेमजाका छन्त्याल जातिको महिला र पुरुषको जनसंख्या विवरण




*स्रोत : स्थलगत अवलोकन, २०७५।०८।०५*

अनुसन्धान क्षेत्रबाट प्राप्त तथ्याङ्क अनुसार हेमजा बजारमा छन्त्यालहरूको ४५ घरधुरीमा जम्मा जनसङ्ख्या २२५ रहेको छ। जसमध्ये महिलाको सङ्ख्या १२५ र पुरुषको सङ्ख्या १०० रहेको छ। यस तथ्याङ्कअनुसार पुरुषको सङ्ख्या महिलाको भन्दा कमी रहेको देखिन्छ।


### २.५.२ पारिवारिक संरचना

पारिवारिक संरचनाभित्र मानिले त्यस समुदायको समाजको मूल्य, मान्यता, रीतिरिवा, चालचलन र व्यवहार सिक्दछ। समाजबाट नै मानिसले आफ्नो आवश्यकता पूर्ति गरेको हुन्छ। यसर्थ आफ्नो सामाजिक समुदायबाट अलग रहन सक्दैन। छन्त्याल जातिमा पनि सामाजिक संगठनको स्वरूपलाई हेर्दा यस समूहमा व्यक्ति, परिवार, समूह, नेतृत्व, नातेदारी व्यवस्था, नारीको स्थान, संस्कार र चालचलन आदिलाई उललेख गरिएको छ।

परिवार मानव समाजको एक संस्था हो। यसको महत्व धेरै छ। मानव विकास र सामाजिकीकरणका लागि परिवार एक प्रमुख तत्व मानिन्छ। यसै क्रममा परिवारलाई एकात्मक र संयुक्त गरी दुई भागमा वर्गीकरण गरेको पाइन्छ। लोग्ने, स्वास्नी र छोराछोरी मात्र सम्मिलित परिवारलाई एकात्मक परिवार भनिन्छ, जसको परिवार संख्या सानो हुन्छ। लोग्ने, स्वास्नी, छोराछोरी, विवाहित वा अविवाहित छोराछोरी, नाति, नातिनी आदि सम्मिलित परिवार जसको परिवार संख्या ठूलो हुन्छ त्यसलाई संयुक्त परिवार भनिन्छ। यसर्थ परिवार समाजको प्रारम्भिक आधार हो। प्रत्येक व्यक्तिको जन्म, लालनपालन परिवारबाट नै हुने हुनाले व्यक्तिले आफ्ना व्यवहारका स्वरूपलाई निर्धारण गर्न सकिने हुन्छ। अन्य समुदायमा जस्तै छन्त्याल समुदायमा पनि परिवार एक महत्वपूर्ण संस्थाको रूपमा रहेको छ। हेमजामा बसोबास गर्ने छन्त्याल जातिको अध्ययन गर्दा अधिकांश एकात्मक परिवार रहेको पाइएको छ।

चार्ट नं. २.२

अध्ययन क्षेत्रमा बसोबास गर्ने छन्त्यालहरूको पारिवारिक संरचना




*स्रोत : हेमजा, स्थलगत भ्रमण, २०७५।०८।०७*

माथि देखाइएको तथ्याङ्कअनुसार अध्ययन क्षेत्रका कुल ४५ घरधुरीमध्ये ३० घरधुरी एकल परिवार र १५ घरधुरी संयुक्त पारिवारिक संरचनागत स्थितिमा रहेको देखिन्छ। यस तथ्याङ्क अनुसार हेमजामा एकात्मक परिवार भएको घरधुरी संख्या बढी रहेको अध्ययनमा पाइयो।

# परिच्छेद - तीन
# पोखराको हेमजाका छन्त्याल जातिको सामाजिक अवस्था

## ३.१ सामाजिक अवस्था

कास्की जिल्ला पोखरा महानगरपालिकाको उत्तरी भागमा पर्ने हेमजा पोखराको कृषि क्षेत्रमा अग्रणी ठाउँ हो । यो वरिपरि डाँडाकाँडा र बिच भागमा सम्म परेको, विद्युत, पानी, सञ्चार आदिको सुविधायुक्त शान्त र मनोरम ठाउँ हो । यहाँ विभिन्न धर्मावलम्बीहरू साथै विभिन्न जाति जनजातिको पनि बस्ती रहेको छ । विभिन्न झरना, छहरा, हरिया डाँडाकाँडा, खोलानालाले यस ठाउँलाई अझै मनोरम र सुन्दर बनाएको छ। यसै क्रममा पोखरा महानगरपालिका वडा नं. २५ माथिल्लो हेमजास्थित म्याग्दी चोकका ४५ घरधूरी छन्त्यालहरू द्वन्द्वकाल यता वा विभिन्न समस्याको बावजुद म्याग्दीको गुर्जाखानी र बागलुङ छोडेर हेमजाको यस क्षेत्रमा आई बसोवास गरेको र हेमजामा म्याग्दीबाट आएको छन्त्यालहरूको बसोबास भएको ठाउँलाई म्याग्दी चोक नामाकरण गरिएको पाइन्छ ।

यस अध्ययनमा छन्त्यालहरूको सामाजिक अवस्थालाई उजागर गर्ने प्रयास गरिएको छ । छन्त्यालहरूले आफ्नो पहिचान र संस्कारका कुराहरूमा धेरै ख्याल राख्ने गर्दछन् । हेमजामा मिश्रित खालको बसोवास रहेको छ । समाजमा अन्य जनजातिसँग पनि सामाजिक एवं आर्थिक सम्बन्ध सुमधुर रहेको पाइन्छ। यस क्षेत्रका छन्त्यालहरू खड्का, घरब्जा, तघब्जा, पुराने, घ्याप्चन, बूढाथोकी आदि थर तथा उपथर रहेको पाइन्छ। आफ्नो जातभित्रका विभिन्न थर तथा उप थरहरू बिच अत्यन्त प्रगाढ सम्बन्ध रहेको हुन्छ। यस ठाउँमा फरक फरक ठाउँबाट आएका भए पनि यहाँको एक आपसमा सम्बन्ध वा जन्म, विवाह, मृत्यु, संस्कार आदि कार्यहरूमा पनि आफ्नो पहिचान बलियो बनाएर बसेका छन्। त्यसै गरी अन्य जातिहरू पनि छन्त्यालहरूले मनाउने चाडपर्वमा पनि सामूहिक रूपमा भेला हुने र रमाइलो गर्ने गर्दछन्। खानी पछि वैदेशिक रोजगारीमा धेरैको संलग्नता भएकोले यिनीहरूको आर्थिक स्थिति बलियो नै छ। अन्य जातिहरूसँग पनि सुमधुर सम्बन्ध राखी आफ्नो जातभित्र कसैलाई पनि कुनै खालको समस्या पऱ्यो भने आफू सक्दो सहयोग गर्ने उनीहरूको जातीय स्वभावलाई अत्यन्त राम्रो मान्न सकिन्छ (छन्त्याल, बमबहादुर अन्तर्वार्ता) ।

मानिस एक सामाजिक प्राणी हो । समाजमा बसोवास गरेर नै मानिसले उच्च स्तरका प्रगतिहरू गरेको हुन्छ । हरेक जाति आफ्नो निश्चित ठाउँमा स्थायी वा अस्थायी रूपमा बसोवास गरेका हुन्छन् त्यस्तै हाम्रो देश नेपालको ५९ आदिवासी जनजाति अन्तर्गत पर्ने छन्त्याल जाति बसोवास गर्ने मुख्य भूमिमध्ये अधिकांश नेपालको पहाडी इलाकामा पर्दछन् । राणाकालमा छन्त्याल जातिको वस्तीलाई ४००० (चार हजार पर्वत) नामले चिनिन्थ्यो (छन्त्याल, २०६१:७७) । बाइसे चौविसे राज्यकालमा छन्त्याल जाति गल्कोटे राजा ठकुरी वंशज मल्ल राज्यका वरिपरिका भू-भागहरूमा अरू समाजसँग अति छ्यासमिसे भएर बसेको पाइन्छ ।

यो जाति देशका विभिन्न भागमा धेरै अगाडि देखि नै बसोवास गर्दै आएको भए तापनि उनीहरू त्यहाँ कहिले देखि बसोवास गर्दै आएका हुन् भन्ने कुराको एकिन खोज तथा अनुसन्धान गर्ने वैज्ञानिक तथा पुरातात्विक सामग्रीको दुर्लभता र आर्थिक कठिनाईका कारण यो कार्य त्यति सजिलो छैन । तर पहिला छन्त्यालहरू खानी खन्ने र खानी सकियो भने अर्को ठाउँमा सर्ने भ्रमणशील जाति हुन् । खानीमा तिर्नु पर्ने करको भार, राम्रो शिक्षाको कमी साथै विभिन्न विपतहरूको सामना गर्नु पर्ने कारणले छन्त्यालहरूले खानी खन्ने पेशा छोडी अन्य पेशा अँगाली वर्तमान अवस्थामा आएर छन्त्यालहरू देशको विभिन्न ठाउँमा आफ्नो वस्ती बसाइ समाज स्थापना गरेका छन् ।

### ३.१.१ परिवार तथा नाता सम्बन्ध

कुनै पनि जातजाति तथा समाजमा वंशानुगत तथा आपसी मैत्री सम्बन्धको आधारमा नाता सम्बन्ध कायम गरिएको हुन्छ । छन्त्याल जातिमा पनि यिनै सम्बन्धको आधारमा नाता कायम भएको पाइन्छ । छन्त्याल जातिको नातावोधक सम्बन्ध खाम भाषामा र केही नेपाली भाषामा छन् । अन्य जातिमा भन्दा यस जातिमा मामाको छोरी र फुपूको छोरा तथा मामाको छोरा र फुपूको छोरी दोहोरै विवाह चल्ने परम्पराले गर्दा अन्य जातिका नाता भन्दा यिनीहरूमा केही भिन्नता पाइन्छ । छन्त्यालहरू मामाकी छोरी आफू भन्दा जेठी भएमा माइजू र आफू भन्दा कान्छी भएमा साली साइनो लगाउँछन् । विवाहित भाउजूले आफू भन्दा कान्छो भाइ पर्नेसँग विवाह गरेमा पनि उसलाई बुहारी नभनी भाउजू नै भन्दछन् (नेपाली साइनो अनुसार बुहारी भन्नु पर्ने हुन्थ्यो) । छन्त्यालहरू पुरुषको रक्त सम्बन्ध अनुसार आफ्नो बाबुको दाइलाई छ्यावौ, भाइलाई कान्छौ, दिदीलाई निनी (नेपालीमा

फुपू) बहिनीलाई फुपू छ्यावौकी श्रीमतिलाई छ्यामा, कान्छौकी श्रीमतीलाई कान्छ्यौ निनी (फुपू) को पतिलाई भ्याङगेन वा मामा भन्दछन् (भक्तबहादुर छन्त्याल, अन्तर्वार्ता) ।

वैवाहिक सम्बन्धअनुसार आमाको भाइ र श्रीमतीको बाबुलाई मामा, मामाकी श्रीमतीलाई वा आफ्नी श्रीमातीकी आमालाई फुपू भन्छन् । महिलाको वैवाहिक सम्बन्ध अनुसार श्रीमानकी आमा (नेपालीमा सासू) लाई फुपू, बाबुलाई मामा नातो लगाउँछन् । छन्त्यालहरूमा आफ्नो सहोदर मामा फुपूका छोराछोरीमा साली भेना र देवर भाउजूको नाता सम्बन्ध हुन्छ भने सोल्टी सोल्टिनीको नाता लगाउँछन् । एउटै उमेरका साली नानीहरू भने आपसमा एक अर्कालाई 'भालै' साइनो लगाउँछन् (लम्साल र थापा, २०५५:५) ।

छन्त्याल जातिमा आफ्नै भाषा प्रयोग गर्दा छोरालाई कोला, छोरीलाई च्हामे र बहिनीको श्रीमान्लाई म्हा पनि भन्दछन् । छन्त्यालहरूको नाता सम्बन्धको विशेषता यस जातिमा माइजू, पुसौ (फुपूको श्रीमान्) जेठाजु भन्ने साइनो हुँदैन (शर्मा, २०५९:८०) । अरू धेरै जसो नेपाली भाषाकै नाताबोधक शब्दहरू पनि प्रयोग गर्दछन् ।

छन्त्याल समुदायमा पितृसत्तात्मक परिवार पाइन्छ । घरको मूली पुरुष भएसम्म पुरुषले नै चाँजोपाँजो मिलाउने गरेको र पुरुष नभएको अवस्थामा महिलाले गरेको र अन्य घरेलु कामकाज सबै जना मिलेर गर्दछन् । सम्पत्तिमा छोरालाई अंशवण्डा गर्ने चलन छ भने छोरीलाई बिहे गरेर पठाउने चलन छ । दाइजो दिने प्रचलन कम देखिन्छ तापनि सक्षम बाबुआमाले छोरीलाई पनि पेवास्वरूप सम्पत्ति दिने चलन छ । बुहारीलाई पनि घरको जिम्मेवारी सम्हाल्न दिने गरिन्छ । छोरी र बुहारीमा भेदभाव पाइँदैन । यसमा छन्त्याल जातिले आफ्नै नातामा बिहे गर्ने चलनले गर्दा छोरी बुहारीप्रति भेदभाव नगरेको पाइयो । यसर्थ पितृसत्तात्मक भए तापनि रेखदेख, नियन्त्रण साथै नेतृत्वमा नारीको पनि उत्तिकै भूमिका रहेको पाइन्छ ।

### ३.१.२ छन्त्याल जातिका थर तथा उप थरहरू

नेपालमा एउटै जातिका पनि विभिन्न थर तथा उप थरहरू रहेको पाइन्छ । थर तथा गोत्रकै आधारमा आफ्ना सगोत्री दाजुभाइ छुट्याउने र बिहेवारीमा आफ्ना दाजुभाइ र सगोत्रीसँग नगर्ने नेपाली परम्परा छ । अन्य जातिहरू जस्तै; छन्त्याल जातिमा पनि विभिन्न थर तथा उप थरहरू छन् । समष्टीमा ती सबैलाई छन्त्याल भनिन्छ । जसको चर्चा तल गरिन्छ ।

(क) **थरहरू**

छन्तेलहरू १२ थरमा विभाजित छन् :-

(१) घरब्जा (२) भलञ्जा (३) तथब्जा (४) झिंराजा (५) बूढाथोकी (६) घ्याप्चन (७) पुराने (८) खड्का (९) घर्ती (१०) डाँडाघरे (११) पोत्लाङ्गे (१२) सिङ्गे

(जगमान, घ्याप्चन, छन्त्याल जातिको भाषाः छन्त्याल खाम भाषा तथा थर उपथरबारे जानकारी, पृ.:५)

कतै छन्तेलहरू १४ थरमा विभाजित भएको उल्लेख पाइन्छ :-

(१) घरब्जा (२) भलञ्जा (३) तथब्जा (४) झिंराजा (५) बूढाथोकी (६) घ्याप्चन (७) पुराने (८) खड्का -९) घर्ती (१०) डाँडाघरे (११) पोत्लाङ्गे (१२) सिङ्गे (१३) मच्छिमेल (१४) स्याङ्जाली (मेचीदेखि महाकाली, २०३१:६३४) ।

**(ख) उपथरहरू :**

१) घरब्जाको उपथरहरू :- कान्छी पाएर, जेठी पाएर

२) भलञ्जाको उपथर - दूध भलञ्जा, काग भलञ्जा, कुकुर भलञ्जा, सिंकी भलञ्जा

३) तथब्जाको उपथर - एघार भाइ, बाह्र भाइ (भक्तबहादुर छन्त्याल, अन्तर्वार्ता) ।

अन्य थरका उपथरहरू फेला नपरेको कुरा जगमान घ्याप्चनले आफ्नो लेखमा उल्लेख गर्नुभएको छ । छन्त्यालहरूको थर तथा उपथर बारे एकरूपता पाइँदैन । होमनाथ सुवेदीले छन्त्याललाई उपरोक्त १४ थरमा विभाजित गरेको पाइन्छ । माथि उल्लेखित १४ थर मध्ये २ देखि ५ सम्मका थर एक मात्र भलञ्जाकै उपथर हुन् । घरब्जाका उपथरहरू जेठी पाएर, माहिली पाएर, कान्छी पाएर । छन्त्याल जातिमा पाइने केही थरहरू अन्य जातिमा पनि पाइन्छ । माथि उल्लेखित खड्का, घर्ती, बुढाथोकी जस्ता थरहरू मगर र क्षेत्रीमा पनि पाइन्छन् (मेचीदेखि महाकाली, २०३१:६३३) । होमनाथ सुवेदीले खड्का छन्त्याल क्षेत्रीबाट खसेका, बुढाथोकी छन्त्याल पन्थी मगरबाट आएका हुन् भनेका छन् । त्यसैले खड्का छन्त्यालका कूल देवताको मूर्तिमा जनैको प्रतीकबारे एकरूपता पाइँदैन । एकरूपता ल्याउन सम्बन्धित पक्षको मुखपत्र ‘छन्त्याल’ मा प्रकाशित थर तथा उपथरलाई नै आधिकारिक मान्नु पर्ने देखिन्छ (सुवेदी, २०३२: १३) । छन्त्यालहरू अक्सर आफ्नै जातिभित्र विवाह गर्दछन् । मामाकी छोरीमाथि आफ्नो पहिलो हक भनेर प्रत्येक छन्त्याल गर्व गर्दछन् (मेचीदेखि महाकाली, २०३१:६३४) ।

### ३.१.३ भाषा

नेपालमा विविध भाषाभाषी बोल्ने मानिसहरू छन् । आफ्नै मातृभाषा हुने जातिहरू मध्ये छन्त्याल जाति पनि एक हो । जसको आफ्नै मौलिक मातृभाषा “छन्त्याल” भाषा छ यसलाई छन्तेल कुरा/खाम कुरा पनि भन्दछन् । खामको सामान्य अर्थ अरूले नबुझ्ने भाषा भन्ने चलन छ । रुकुम, रोल्पा र वाग्लुङ्गको वुर्तिवाङ्ग-ढोरपाटन भित्रमा बस्ने मगरहरूको भाषालाई पनि खाम कुरा भन्ने गरिन्छ । छन्त्यालहरूलाई पूर्वी र पश्चिमी गरी दुई समुदायमा बाँडिएको छ । पूर्वी छन्त्यालहरू मध्ये धेरै जसोले आफ्नो छन्त्याल भाषा बोल्न जानेका छन् भने पश्चिमी छन्त्यालहरूले प्रायः आफ्नो मातृभाषा बिर्सिसकेका छन् । म्याग्दीको कुईने, मंगले, मल्कावाङ्ग तिरका छन्त्यालहरूले भने शुद्ध मातृभाषा बोल्दछन् । हेमजाका छन्त्यालहरू भने एक आपसमा छन्त्याल भाषा बोल्दछन् भने बढी जसो नेपाली भाषा नै प्रयोग गर्दछन् । यसै गरी छन्त्यालहरूले बोल्ने शुद्ध छन्त्याल भाषालाई ‘छन्तेल कुरा’ भनिन्छ । यिनीहरूको दोस्रो वा राष्ट्र भाषा नेपाली नै हो । छन्त्यालहरूको मातृभाषा ‘छन्तेल’ कुरा बोलीचालीमा त प्रायः प्रयोग हुन्छ तर गीतमा भने कहिलेकाहीँ मात्र प्रयोग हुन्छ । (गीतको नमूना परिशिष्ट ३ मा दिइएको छ ।) बूढापाकाहरू छन्त्याल खाम कुरा निसंकोच गर्दछन् भने युवा-युवतीहरूमा यस भाषाको क्रमशः ह्रास हुँदै जान थालेको पाइन्छ । छन्त्याल भाषाको छुट्टै लिपी भने छैन । यस भाषालाई अन्य भाषासँग तुलना गरेर हेर्दा झण्डै ८०% शब्दहरू थकाली र गुरुङ भाषासँग मिल्दाजुल्दा देखिन्छन् भने करिब ५ प्रतिशत शब्दहरू खाम मगर भाषासँग मिल्दाजुल्दा देखिन्छन् । (नमूना परिशिष्ट २ मा दिइएको छ ।) छन्त्याल भाषाका नातावोधक शब्दहरू प्रायः नेपाली भाषाबाटै लिएको पाइन्छ भने केही नातावोधक शब्दहरू छन्त्याल भाषाकै मौलिक शब्दहरू पनि छन् । जस्तो छन्त्याल भाषामा ठ्याक्कै, कान्छो, निनी, ठ्यामा, भन्याङ्गेन नातालाई नेपाली भाषामा क्रमशः जेठा बा, कान्छा बा, फुपू, जेठी आमा, फुपाजू भनिन्छ (लम्साल र थापा, २०५५:२१) ।

आजभोलि छन्त्याल भाषा प्रयोग गर्नेहरूको सङ्ख्या घट्दो छ । यो भाषा जानेका बूढापाकाहरू घट्दै जानु र युवा युवतीहरूले आफ्नो मातृभाषा प्रयोग गर्न संकोच मानेर नेपाली, अंग्रेजी भाषाको प्रयोग गर्नु, छिमेकीहरू अन्य भाषाभाषी समुदायका हुनु, सबैको साझा भाषा नेपाली भएकोले नेपाली भाषा बढी हुनु, एक ठाउँबाट अर्को ठाउँमा बसाइ सरेर जाँदा आफ्नो भाषा अरूले नबुझ्ने भएकोले नेपाली भाषाकै प्रयोग बढी भई आफ्नो मातृभाषा प्रयोगमा नआउनु यो भाषा प्रयोग गर्नेहरूको जनसङ्ख्या नै कम हुनु आदि

कारणले गर्दा आजभोलि यो भाषा संकटमा परेको देखिन्छ। छन्त्याल भाषाको जगेर्ना गर्न विभिन्न समारोह साथै संस्कृति उत्थान हुने किसिमको कार्यक्रम तय गरी एकआपसमा छन्त्याल भाषा बोलेको पाइन्छ। यस जातिअन्तर्गत कुनै पनि आधिकारिक पत्रपत्रिका, शब्दकोश, सीडी/भीसीडी आदि नभएको कारण भाषामा परिमार्जन पाइएको छैन।

### ३.१.४ भेषभूषा

मानिसको भेषभूषालाई भौगोलिक अवस्था, आर्थिक अवस्था, सामाजिक संस्कार, धार्मिक मान्यता आदिले प्रत्यक्ष प्रभाव पारेको पाइन्छ। सानो देश नेपालभित्र यहाँको धरातलीय स्वरूप, आर्थिक तथा सामाजिक संरचना, धर्म, संस्कृति, चालचलन, रहन-सहन, भेषभूषामा विविधता पाइन्छ। विभिन्न विविधताका बाबजुद पनि प्रत्येक जातिका आफ्नै मौलिक पहिचान हुने किसिमका चालचलन, भेषभूषा, परम्परा र रहन-सहनहरू छन्। जसले सम्बन्धित जातिलाई परिचित गराउन मद्दत पुऱ्याएको हुन्छ। यसर्थ कुनै पनि जातिको पहिचान गराउन सहयोग पुऱ्याउने साझा पोशाकलाई त्यस जातिको मौलिक भेषभूषा मानिन्छ। यस्ता भेषभूषाको प्रयोग अन्य समयमा भन्दा कुनै विशेष चाडपर्व, मेलाजात्रा, परम्परागत जातीय संस्कार, उत्सव आदिको अवसरमा गरिन्छ। जसले सम्बन्धित जातिको संस्कृतिको प्रतिनिधित्व गरेको हुन्छ। विदेशमा दौरा, सुरवाल, कोट र कालो टोपीले नेपालीहरूको प्रतिनिधित्व गरेको हुन्छ र नेपालीपनको झलक दिएको हुन्छ।

छन्त्याल जाति पोखरा महानगरपालिका वडा नं. २५ माथिल्लो हेमजा म्याग्दी चोकमा मात्र नभएर पोखराको विभिन्न ठाउँहरूमा छरिएर बसेका छन्। स्थान विशेष, पुस्ता पिँढीका पोशाकमा विविधता भए तापनि यिनीहरूको संस्कृति झल्काउने मौलिक पोशाक भने साझा छन्। छन्त्याल पुरुषहरूले परम्परागत पोशाकको रूपमा भाङ्ग्रा (सिस्नुको वा अल्लोको पुवाबाट बनेको कपडा), खादी पटुका, सुतिको कछाड, भोटो, फेटा, पुवाबाट बनेको दोचा, जुत्ता हर्दुब्लो (भेडाको ऊनबाट बनेको कामलाको/राडीको कोट), घुम (पानी आउँदा ओढ्ने बाख्राको ऊनबाट बनेको कपडा) को प्रयोग गर्ने तथा कम्मरमा खुकुरी भिर्ने गर्दछन्। महिलाहरूले गुन्यू चोलो, मजेत्रो, टेकी (गुन्यू माथि लगाउने तीनकुने आकारको कपडा), घलेक (बर्को) निलो पटुका, लुँगी, मखमली चोलो, साडी, ब्लाउज लगाउँछन्। ( छन्त्याल जातिको मौलिक भेषभूषा सहितको फोटो परिशिष्ट ४ मा दिइएको छ) भाङ्ग्रा, घुम, काम्लो हर्दुब्लो महिला-पुरुष दुवैले ओड्न प्रयोग गर्दछन् (हेमजा आमा समूहकी

अध्यक्ष सरिमा छन्त्यालले आफै बुनेको फोटो परिशिष्ट नं. ४)। ग्रामीण भेकका छन्त्यालहरू आफूले लगाउने दोचा-हर्दुब्लो, भाङ्ग्रा, घुम आफैले बुनेर लगाउँछन् यस काममा यिनीहरू स्वाबलम्वी छन्। शहर प्रवेश गरेका केही व्यक्तिले अझै पनि चर्खा चलाएको पाइन्छ। यस जातिको परम्परागत र मौलिक पोशाक भए तापनि समयको परिवर्तन र आधुनिकता सँगै छन्त्याल पुरुषहरूले दौरा, सुरुवाल, कोट, इष्टकोट, टोपी, सर्ट, पाइन्ट, सूट, ज्याकेट र महिलाहरूले फ्रक, म्याक्सी, साडी, ब्लाउज, कुर्ता, सलवार, सर्ट, पाइन्ट, टिसर्ट आदि पनि लगाउँछन्। बालकको छेवर (चूडाकर्म) पुटपुटाउ गर्दा टोपी, फेटा र सेता कपडाहरू लगाइदिन्छन् भने बालिकालाई उमेर पुगेपछि विजोर वर्ष पारेर गुन्यू चोलो (झ्यामा, चोलो) दिने परम्परा पनि छ। यस भन्दा पूर्व छोरीहरू गुन्यू चोलो लगाउँदैनन्। छन्त्याल जातिले वरखी वार्न र सेतो लुगा लगाउन अनिवार्य छैन। सधवा र विधवा महिलाको भेषभूषामा पनि भेद्भाव गरेको देखिदैन। यिनीहरूले ब्राह्मण, क्षत्रीले जस्तो रातो लुगा भन्दा कालो रङ्गको लुगा लगाउन बढी मन पराउँछन् (कल्पना छन्त्याल, अन्तर्वार्ता)।

गरगहनामा छन्त्यालहरूले सुन, चाँदी, मुगा आदिका गहनाहरूको प्रयोग बढी गर्छन्। जुन अन्य जातिमा पनि छ। पुरुषको तुलनामा महिलाहरूले गरगहनाको बढी प्रयोग गर्दछन्। पुरुषहरूले औँलामा सुनको औंठी, गलामा सिक्री, हातमा घडीको प्रयोग गर्छन्। यस जातिका महिलाहरूले चाडपर्वमा वा विशेष समारोहमा पैसाको माला कानमा सुनको च्याम्टे, ढुंग्री, सुन, रिङ, गलामा मुगा तुथो र ठिम्राको माला, चाँदीको पैसाको माला (हमेल), पोते, तिलहरी, सिक्री, हातमा चुरा, सुनका चुरी, चाँदीका रैयाँ, वाला सुनको औँठी, नाकमा सुनको फुली, लाहुरे फुली, मुन्द्री, बुलाकी लगाउँछन्। यिनीहरूले शिरमा शिरवन्दी पनि लगाउँछन्। म्याग्दी मङ्गले खानीका छन्त्यालनीहरूले सुनको यार्लिङ, रिङ्ग, मुन्द्री, बुलाकी पनि लगाउँछन् (लम्साल र थापा, २०५५: २९-३०)। (छन्त्याल जातिको गरगहना र पहिरनमा सजिएका युवायुवतीको फोटो परिशिष्ट-४ मा दिइएको छ)

हिजोआज समय सापेक्ष नयाँ-नयाँ डिजाईन र आधुनिक गरगहनाको प्रयोग सँगै कानमा सुनको ढुङ्ग्री, माडवारी गलामा सुनको सिक्री, जन्तर, झुम्का आदि सबै प्रकारका नयाँ डिजाइन र आधुनिक गरगहनाको प्रयोग गरेको पाइन्छ। हेमजाका छन्त्याल जातिहरू विशेष समारोहहरूमा भने परम्परागत मौलिक गरगहना प्रयोग गर्न रुचाउँछन् जसले संस्कृतिको संरक्षण र निरन्तरतामा पनि टेवा पुऱ्याउँछ। भने अन्य अवस्थामा पोते, नाकमा फुली एवं विभिन्न रंगका चुराहरू लगाउने गरेको पाइन्छ (स्थलगत भ्रमणबाट)।

### ३.१.५ खानपिन

मानिसको खानपिनमा भौगोलिक अवस्था, उत्पादन, आर्थिक अवस्था, सामाजिक अवस्था, धार्मिक मूल्य मान्यता आदिले प्रभाव पारेको हुन्छ। लेकाली भू-भागहरूमा बस्ने छन्त्यालहरूको खानामा विविधता पाइन्छ। तापनि यिनीहरूको खानामा जाँड, रक्सी र मासुको बढी प्रयोग भएको देखिन्छ। "अतिथि सत्कार, चाडपर्व, जन्मदेखि मृत्युसम्मका सबै उत्सव र संस्कारहरूमा जाँड, रक्सी, मासुको प्रयोग गर्छन्। मृतकको नाममा नुन बारे पनि रक्सी खानुपर्छ। यिनीहरू पितृलाई पनि रक्सी चढाउँछन्" (छन्त्याल, नन्दबहादुर, अन्तर्वार्ता)।

खाद्य परिकारमा स्थानीय उत्पादनको प्रत्यक्ष प्रभाव परेको देखिन्छ। धानको प्रशस्त उत्पादन हुने ठाउँहरूमा बसोवास गर्ने छन्त्यालहरूले दाल, भात, तरकारी, माछा, मासु, फुल, दूध, दही, घिउ, हरिया सागपात आदिको प्रयोग बढी गर्छन्। धान नफल्ने लेकाली भागहरूमा बस्ने छन्त्यालहरू गहुँ, जौ, मकै, कोदो, फापरको ढिडो, मकैको आटो -च्याख्ला) टिमुरको छोप, मासु, दूध, दही, फुल, हरिया सागसब्जी, गेडागुडी आदिको प्रयोग बढी गर्दछन्। राँगा, भैँसी, सुँगुरको मासु छन्त्यालहरूले खाँदैनन्। सुँगुर त छुन पनि हुन्न भन्ने मान्यता रहेको छ। (छन्त्याल, नरमानसँग अन्तर्वार्ता) यिनीहरूले हाल भात तरकारीको पनि प्रयोग गर्छन्। दालभात तरकारी त नेपालकै साझा खाना हो। यिनीहरूले भुटेको पिठोबाट बनाएको ढिडो गेडागुडीको बेडौला बनाएर खान बढी मन पराउँछन्। पहिलेका बुढापाकाहरूले ढिकी प्रयोग नगरी काठको ओखल र मुसलले धान कुट्ने जाँतोलाई जमिनमा नगाडी छालामाथि राखेर पिस्ने, चकमक, झुलो र दर्शन ढुंगाको प्रयोगबाट आगो बाल्ने बत्ती बाल्न सिठा र दियालोको प्रयोग गर्ने गर्थे (सुवेदी, २०३२:१७)।

हेमजाका छन्त्यालहरूमा समय परिस्थिति अनुसार दैनिक रूपमा मेसिनमा कुटेको चामल, दाल वा रेडिमेड बोरामा उपलब्ध दाल, चामल, च्याख्ला, दही, दूध, घ्यू, फलफूल, माछामासु आदिको प्रयोग गर्छन्, साथै मम, चाउमिन पनि खानामा प्रयोग गरेको पाइन्छ। तर पनि विशेष चाडपर्व माघेसंक्रान्तिमा तरुल सखरखण्ड, दशैं तिहारमा सेलरोटी, मासुको परिकार, साउनेसंक्रान्तिमा तरकारी, सेलरोटी, पुरी खान्छन् भने दैनिक रूपमा दातलभात, रोटी खान्छन्। भोजभतेरमा दालभात, तरकारी अचारका साथै रक्सी मासुको प्रयोग गरेको पाइन्छ। जन्म, मृत्यु संस्कारमा भने अहिले पनि रक्सी मासुको प्रयोग हुन्छ तर रक्सी मासु नखानेलाई भने कुनै अनिवार्य छैन। यसरी छन्त्यालहरूको खानपानमा आधुनिकताले स्थान लिइएको छ (घरब्जा छन्त्याल, भक्तबहादुर, अन्तर्वार्ता)।

### ३.१.६ विवाह

विवाह एक स्वाभाविक प्रक्रिया हो । विवाहबिना हरेकको जीवन अधुरो रहन्छ । दुई आत्माको सामूहिक समझदारी र सहमतिको बिन्दु नै विवाह हो । वंश वृद्धि गरी मानव अस्तित्व कायम गर्न विवाहले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जुनसुकै तवरबाट विवाह भए तापनि आखिर दुई आत्माबीचको मिलन, दुई भिन्न लिङ्ग बीचको मिलन नै विवाह हो । यति मात्र नभई सुख, दुःख एकआपसमा साटासाट गर्दै सँगै जिउने आधार नै विवाह हो ।

केटा र केटीको दुवैको विवाह गर्ने उमेर आ-आफ्नो देशको कानुनअनुसार तोकिएको छ । पहिले हाम्रो देशमा बाल विवाह गर्ने प्रचलन बढी थियो तर अहिले आएर केटाको उमेर २२-२५ वर्ष र केटीको उमेर २१ वर्षमाथि पुगेको हुनुपर्ने कानुनी मान्यता रहेको छ । अहिलेको कानुनमा दुवै पक्षका अभिभावकहरूले सहमति अनुसार सोभन्दा कम उमेरमा विवाह गरेमा कानुनी रूपमा दण्डनीय नै ठहरिन्छ ।

यसर्थ छन्त्याल समुदायमा विवाह प्रथा केही जातिहरूसँग मेल खाएतापनि विभिन्न समुदायसँग मेल खाँदैन । आफ्नै छुट्टै किसिमको विवाह वा प्रेम विवाहको आधारमा मामाचेला-चेली, फुपूचेला-चेली दुवैबीच सोलीडोली चलाइन्छ । यसर्थ विगत कालमा झै मामा र फूपूको छोरीबीच हकदाबीको बाध्यता छैन । हेमजाका छन्त्याल जातिमा हेर्दा कुनै एक परिवारको तर्फबाट खुसी नभएमा विवाह हुन नसक्ने वातावरण बनिसकेको छ । यसर्थ केटा र केटीको सामूहिक सहमति भएमा परम्परागत चालचलनले कुनै बाधा पुऱ्याउँदैन ( सरीमा छन्त्याल, अन्तर्वार्ता) ।

अध्ययन क्षेत्रको विवाह प्रचलनमा मागी विवाह, प्रेम विवाह बढी प्रचलनमा छ भने बहुविवाह, विधवा विवाह, अन्तरजातीय विवाह पनि रहेको पाइन्छ । यस अध्ययनले के देखाउँछ भने आजभोलि विभिन्न समुदायका बीच घुलमिल भएर बसेकाले नयाँ सोच, शिक्षा, आजकलको महंगी आदि कारणले गर्दा प्रेम विवाहको प्रचलन पनि बढ्दै गएको पाइन्छ ।

तालिका नं. ३.१.६


छन्त्याल जातिमा प्रचलित विवहको प्रकार

| क्र.सं. | विवाहका प्रकार | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १. | मागी विवाह | १०० जना | ५०.०% |
| २. | प्रेम विवाह | ८१ जना | ४०.५% |
| ३. | अन्तरजातीय विवाह | १५ जना | ७.५% |
| ४. | विधवा विवाह | ४ जना | २.०% |
| | जम्मा | २०० जना | १००% |

*स्रोत : स्थलगत अध्ययन ।*

चार्ट नं. ३.१.६

हेमजाका छन्त्याल जातिमा प्रचलित विवाहको प्रकार (प्रतिशतमा)




*स्रोत : स्थलगत अध्ययन ।*

उपर्युक्त तालिका अनुसार हेमजाका छन्त्याल जातिमा प्रचलित विवाह प्रणालीहरूमध्ये सबैभन्दा बढी ५० प्रतिशतले मागी विवाह, ४०.५ प्रतिशतले प्रेम विवाह, ७.५ प्रतिशतले अन्तरजातीय विवाह गरेको पाइन्छ भने २ प्रतिशतले विधवा विवाह गरेको पाइन्छ तर बालविवाह गरेको पाइएको छैन । यदि कलिलो उमेरमा लोग्नेको मृत्यु भई

विधवा भएमा परिवारले वा नातागोताले उसैको इच्छा बुझेर विवाह गराइदिने चलन छ। अन्य जातिसँग पनि विवाह गरेको पाइएको छ। यसर्थ छन्त्याल जातिमा विवाहका केही प्रचलनहरूलाई यहाँ प्रस्तुत गर्न सकिन्छ :

### ३.१.६.१ मागी विवाह

छन्त्याल जातिहरूमा परम्परागत मागी विवाहको बाहुल्यता अझै पनि कायम छ। त्यति मात्र नभई छन्त्याल समुदायमा कतिपय रुढीवादी संस्कार एवम् विचारहरूको संरचना पनि कायमै छ। छन्त्याल जाति भन्दा बाहिरबाट विवाह, लेनदेन भएमा त्यस परिवारलाई सामाजिक कार्यहरूमा सम्मिलित नगर्ने र समाजबाट अलग्याउने पनि गरिन्छ तर समयको मागसँगै केही परिवर्तनहरू भने भएको पाइन्छ (नन्दबहादुर छन्त्याल, अन्तर्वार्ता)। विवाहको लागि प्रथम पटक सोधनी गर्न जाँदा दुलाहा पक्षबाट एक बोटल रक्सी लिएर जान्छन्। विवाहमा दुवै घरका अभिभावकहरूको सहमति अनुसार बाजागाजासमेत लैजाने भएमा बढीमा ५० जना जन्ती लैजाने निधो हुन्छ। त्यसैबेला ६० रोटी (तीन बीस), २० बोटल रक्सी, दुलही दस्तुरसँग पिछा रूपैयाँ लगाउनको लागि रु. एकको नोट वा सिक्का लिएर गइन्छ। एक बोतल रक्सी अलग्गै लगी त्यसलाई पहिला माइतीलाई बुझाइन्छ। यदि बाजागाजा नबजाउने भएमा जन्तीको हकमा बढीमा २५ जनासम्म लैजाने प्रचलन छ। दुलाहादुलहीबिच विवाह गर्दा साधारण फूलमालाद्वारा स्वयम्बर गरी टिकोटालो गरिन्छ। पहिला विवाह गर्दा गरगहना तथा लुगाफाटा माग्ने र दिने चलन भए तापनि सामाजिक असमानताका कारण आर्थिक भार पर्ने भएकाले विकृति उत्पन्न गराउने त्यस्ता परम्परा कुराहरू त्याग्दै गएको पाइन्छ। दुलाहाको तर्फबाट दाइजो माग्ने चलन नभएको हुँदा माइतीले दाइजो दिन चाहेमा स्वइच्छाले दिन सक्ने चलन छ तर छन्त्याल समुदायमा दाइजो प्रथालाई मान्यता दिइदैन (कल्पना छन्त्याल, अन्तर्वार्ता)।

छन्त्यालहरूको मागी विवाह प्रायः गरेर मामाको छोरीसँग हुन्छ। मामाको छोरीलाई फुपूको छोराले लानु सनातन धर्म र अधिकार नै हुन्छ (सुवेदी, २०३२ः १४)। त्यसैले यो जातिमा फूपुको छोरी खोजी-खोजी, मामाको छोरी रोजीरोजी भन्ने परम्परा नै छ। मामा वा फुपूको छोरी माग्दा नदिए भगाएर लान पनि हक लाग्छ भन्ने चलन छ (घरब्जा छन्त्याल, २०५१ः ५१)। माइती भेट्न जाने चलन अनुसार माइती भेट्न जाँदा यदि दुलाहाका बाबुआमा नभएमा निजको दाजु या भाइ र दाजुभाइ पनि नभएमा नजिकका भाइबन्धुलाई

जेष्ठताको आधारमा भेट्ने चलन छ। माइती भेट्न जाँदा जन्तीलाई माइती पक्षका छोरीहरूले सिस्नाले पोल्ने, कमेरो तथा रङपोत लगाइदिने जस्ता उच्छृङ्खल परम्परागत प्रचलनहरूका साथै जन्ती थुनछेक गर्ने चलन कायम थियो तर अहिले आएर यस्ता प्रचलनहरू विस्तारै हटिसकेका छन् (सुनार, २०६६: ३६)। क्षेत्री ब्राह्मणको जस्तो चिना हेराउने, राशी जुराउने चलन भने हुँदैन। माइतीले कोसेली खाइसकेपछि विवाहको कुरा निश्चित हुन्छ र रित पुऱ्याउन केटीलाई माइतीबाट भगाएर लगिन्छ। यदि त्यसैदिन साइत जुरेमा सोही दिन र नसकेमा अन्य कुनै दिन शुभसाईत जुराएर दुलही भित्र्याउँछन्। दुलही भित्र्याएपछि बाबु आमा तथा अन्य मान्यजन दाजुभाइ दिदीबहिनी सबैले वरबधु दुवैलाइृ टीका लगाएर आशीर्वाद दिन्छन् (भक्तबहादुर छन्त्याल, अन्तर्वार्ता)। सबै दाजुभाइ मिलेर रोटी, रक्सी, मासु, भात तथा अन्य खानेकुराको भोजभतेर गरेर रमाइलो गर्छन्। छोरा तर्फबाट पनि दाजुभाइले सहयोगको लागि रित अनुसारको सरियो (दाइजो वा सकाउने जस्तै गरी कर्तालाई दिइने रकम वा वस्तुको नाम) उठाउँदछन् (सुवेदी, २०३२: ११)। छन्त्याल जातिको विवाहमा नौलो विशेषता भनेको यिनीहरूको विवाहमा सिन्दुर पोते अनिवार्य हुन्न विवाहपूर्व नै कुमारी केटीले पोते लगाउन सक्छन्। साथै विवाहमा पञ्चेबाजाको पनि अनिवार्य आवश्यकता हुँदैन। हेमजाका छन्त्यालहरूको विवाहको दोस्रो वा तेस्रो दिनमा दुरान फर्काउँछन्। छोरीलाई सबैले सरियो उठाएर दिने भएकोले दाइजोको परम्परा त्यति छैन। आ-आफ्नो गच्छेअनुसार रकम वा सामान दिने चलन छ तर बाध्यता र कुप्रथाको रूपमा अनिवार्यता भने छैन (कैप्रसाद छन्त्याल, अन्तर्वार्ता)।

हेमजाका छन्त्याल जातिमा दुलाहाको तर्फबाट दाइजो माग्ने चलन नभएको हुँदा माइतीले दाइजो दिन चाहेमा स्वेच्छाले दिने तर छन्त्याल समुदायमा दाइजो प्रथालाई मान्यता दिइँदैन। विभिन्न परम्परागत रुढीवादी परम्परालाई तोड्दै आधुनिकतासँगै धेरै कुरामा परिवर्तन र सुधार आएको पाइन्छ।

### ३.१.६.२ प्रेम विवाह

उमेर पुगेका युवायुवतीहरू प्रेम वा माया प्रितीमा बाँधिएर सँगै बाँच्ने र सुखद दाम्पत्य जीवन बिताउने प्रण गरी स्वयम् केटा र केटी नै मिलेर गरिने विवाहलाई प्रेम विवाह भनिन्छ। बाबुआमाबाट स्वीकार भएमा प्रेमले मागी विवाहको रूप पनि लिन सक्छ। यदि बाबुआमाबाट अस्वीकार भएमा केटाकेटी भागेर गई विवाह गर्दछन्। आजभोलि यो

प्रथा बढेको पाइन्छ। यस प्रथाले केही समयको लागि चिसोपन बढाउँछ। समयको माग र परिवर्तनसँगै रीतिरिवाज र संस्कारहरूमा पनि परिवर्तन आउनु स्वाभाविकै हो। प्रायः छन्त्याल जातिमा मागी विवाह नै प्रचलनमा भएको पाइन्छ। अन्य जातिसँग विवाह भएमा समाजले स्वीकार नगर्ने भएकाले यस जातिमा हुने प्रेम विवाहमा पनि मुख्यतयाः आफ्नै जातिभित्र पर्ने माइती कुटुम्बबिच विवाह गर्ने प्रचलन छ। समयको माग र परिस्थिति अनुसार अहिले आएर अन्य जातिसँगको प्रेम विवाह पनि स्वीकार्य रहेको छ (सरिमा छन्त्याल, भेटवार्ता)।

प्रेम विवाहमा आपसमा मायाप्रेम बसिसकेपछि कुनै मेला पर्वको समय पारी तरुनी तन्नेरीहरू गीत गाउँदा गाउँदै (रोधी) पनि लाने, जाने वा विवाह गर्ने गर्छन् (सुवेदी, २०३२: २२)। यसरी मेला पर्वको अवसर पारेर प्रेम विवाह गर्ने कुराको उल्लेख दिलबहादुर घरब्जाले पनि गर्नुभएको छ (घरब्जा छन्त्याल, २०५१: ३६)। प्रेम विवाह भइसकेपछि माइतीको सल्लाह लिएर ढोगभेट फुकाउन जान्छन्। ढोगभेट फुकाउने वा अन्य कार्यहरू मागी विवाह जस्तै गर्दछन्। प्रेम तथा चोरी विवाह गरेपनि विवाह पछि पनि माइतीसँग सुसम्बन्ध कायम नभएर वा अन्य कारणले तुरुन्त दुरान फर्काउन सकिएन भने बच्चाबच्ची जन्मेपछि मात्र ढोगभेट फुकाउने वा माइती भेट्ने चलनलाई यस जातिमा मावली प्रथा भनिन्छ। मावली भेट्दा पनि विवाहमा झैं नौ बीस रोटी, रक्सी, कुखुरा, खसी लग्नुपर्छ र माइतीले पनि नाचगान गरी रमाइलो गर्छन्। त्यतिबेला पनि आफ्नो गच्छे अनुसारको दाइजो (केही गहना, भाँडाकुँडा) दिने चलन छ (बमबहादुर छन्त्याल, अन्तर्वार्ता)।

यसर्थ समयको माग र परिवर्तित समाजसँगै रीतिरिवाज र संस्कारहरूमा पनि परिवर्तन आउनु स्वाभाविकै हो। आजभोलि केटा र केटीको आपसी प्रेम र समझदारीबाट विभिन्न मन्दिरमा गएर विवाह गर्ने, आफूखुसी प्रेम विवाह, अन्तरजातीय विवाह साथै विधवा-विदुर विवाह पनि गर्ने गरेको पाइन्छ। एकातर्फ यसले समाज परिवर्तनमा क्रान्तिकारी फड्को मार्न सहयोग पुऱ्याएको छ भने अर्कोतर्फ छन्त्याल जातिमा परम्परागत संस्कार र कट्टर मान्यताहरूबीच चुनौतिको विषय बनेको छ तापनि कतिपय परम्परागत संस्कार र प्रचलनहरूमा विस्तारै परिवर्तन आउन थालेको पाइन्छ।

### ३.१.६.३ चोरी विवाह/लतार्ने विवाह (व्याकारवा)

मामाचेली फुपू चेलामा मागे खुसीले नदिएमा वा केही नमान्ने सङ्केत पाएमा

केटाले कुनै मेला, पर्व, घाँस, दाउरा, वनपात गएको बेलामा जबरजस्ती लछारपछार गरी चोरेर लैजाने र सिन्दुर हाल्ने विवाहलाई लतार्ने/हात हाल्ने/छोप्ने/चोरी विवाह पनि भनिन्छ । छन्त्याल जातिको यस्तो विवाह गर्ने संस्कार अलि पुरानो मानिन्छ । यस जातिमा लतार्ने विवाहले मान्यता पाउनुको मुख्य कारण मामाकी छोरी माथि हक लाग्छ भन्नु हो । यसर्थ मामाकी छोरीलाई जबरजस्ती खोसेर विवाह गर्ने पद्धतिलाई स्वयम् छन्त्याल जातिले पनि अस्वाभाविक मान्दैनन् । मामाचेली फुपूचेला माग्दा खुसीले नगए लतार्ने गर्दछन् ( सुवेदी, २०३२:२२) ।

केटाको केटीसित ज्यादै मायापिरती भएमा सासुससुरा (मामा, माइजू) को घरमा नै गएर खेतीपातीमा सघाएर, माइतीको मन जितेर केटीलाई पुनः फर्काउने प्रयास गर्छन् । यस विवाहमा "मरे फाल्ने बाँचे पाल्ने" भनी केटीलाई जबरजस्ती खोसेर लैजान्छन् । दुवै पक्षबीच झगडा पनि हुन्छ (सुवेदी, २०३२: ११) । छन्त्याल जातिले 'छोप्ने विवाह' मगर जातिको 'केटी छोप्ने' विवाह परम्परासँग मिल्दोजुल्दो छ (घरब्जा, छन्त्याल, २०५१: ३६) । यस विवाहको चलन आजभोलि पुरानो भएकाले यो प्रथा छन्त्याल जातिले विकृतिको रूपमा लिएको र विस्तारै हराउँदै गएको छ । हेमजाका छन्त्याल जातिमा यस किसिमको विवाह प्रथा अहिले पाइँदैन ।

### ३.१.६.४ अन्तरजातीय विवाह

छन्त्याल जातिले अन्य जातिसँग विहेबारी गर्नु नै अन्तरजातीय विवाह हो । यस जातिमा परम्परागत रूपमा यस विवाहलाई मान्यता नदिए तापनि हाल यस किसिमको विवाहलाई पनि मान्यता दिएको पाइन्छ (सरिमा छन्त्याल, अन्तर्वार्ता) ।

यसर्थ छन्त्याल जातिको मौलिक परम्परा र संस्कृति जोगाउने काममा विवाह प्रथाले पनि सहयोग पुऱ्याएको छ । खासगरी कास्की जिल्ला हेमजाका छन्त्यालहरूले प्रायः मागी विवाह वा प्रेम विवाह कायम गरेको पाइन्छ । विशेष गरी हेमजामा बसोबास गर्ने छन्त्याल जातिले अन्तरजातीय विवाह अन्तर्गत क्षेत्री, गुरुङ, मगरसँग पनि विवाह गरी दाम्पत्य जीवन चलाएको पाइन्छ । यस क्षेत्रका छन्त्यालहरूले अन्तरजातीय विवाह गरेतापनि आफ्नो एक अर्काको परम्परा र संस्कृति जोगाउने काममा ठूलो भूमिका खेलेका छन् । अन्य जाति तथा भाषाभाषी समुदायको बिचमा बसेर पनि हेमजा कास्कीका छन्त्यालहरूले आफ्नो जातीय अस्तित्व परम्परा र मौलिक संस्कृतिलाई जोगाएर राखेका छन् जसलाई एउटा प्रशंसनीय मान्नुपर्छ । यसमा विवाह प्रथाले पनि निकै सहयोग पुऱ्याएको देखिन्छ ।

# परिच्छेद : चार

# हेमजाका छन्त्याल जातिको सांस्कृतिक अवस्था

## ४.१. सांस्कृतिक अवस्था

हेमजाका छन्त्याल जातिका विभिन्न संस्कारहरू एवम् जन्मदेखि मृत्यु संस्कारसम्मको सन्दर्भलाई हेर्दा पुराना आफ्ना मूल्यमान्यताहरूलाई यथावत राखी केही ठाउँ विशेष र परिस्थितिअनुसार परिवर्तन मात्र गरेको पाइन्छ। उनीहरूको लवाइखवाई, भाषा, भेषभूषामा पनि परिवर्तन देखिए तापनि विशेष समारोह तथा कार्यक्रममा छन्त्याल जातिले आफ्नो पहिचानलाई देखाएको पाइन्छ। सांस्कृतिक पक्षमा हेर्दा छन्त्यालहरूको मुख्य चाडपर्व, पूजाआजा, मनोरञ्जन, झाँक्री प्रथा, राँकेसंक्रान्ति/साउने संक्रान्ति, माघे संक्रान्ति आदि मुख्य चाडपर्व हुन्। विभिन्न जातजातिले आ-आफ्नो सामाजिक परम्परा अनुसार चाडपर्वहरू मनाउने गर्छन्। चाडपर्वहरू खासगरी व्यस्त कामकाजपछि थकित मनलाई सान्त्वना र मनोरञ्जन दिन तथा टाढा-टाढाका आफ्ना दाजुभाइ, इष्टमित्रहरूसँग भेटघाट गर्ने माध्यम पनि हुन्। यसमा पनि छन्त्याल जनजातिले मनाउने चाडपर्व, मनोरञ्जन पनि विशेष खालको छ। विभिन्न प्रकारका जनजातिको आ-आफ्नै मौलिक संस्कृति भएको यो मुलुकमा विविधतामा एकता पाइन्छ। यसै क्रममा छन्त्याल जातिको सांस्कृतिक पक्ष वा छन्त्यालले मनाउने मुख्य-मुख्य चाडपर्वको बारेमा चर्चा परिचर्चा गरिन्छ।

### ४.१.१ चाडपर्वहरू

#### ४.१.१.१ माघे संक्रान्ति

माघे संक्रान्ति हेमजाका छन्त्यालहरूको मुख्य चाड हो। यो पर्व प्रत्येक वर्ष माघ १ गते मनाउँछन्। यसै दिनबाट छन्त्यालहरूको आर्थिक वर्ष शुरु हुन्छ (बमबहादुर छन्त्याल, टेलिफोन वार्ता)। छन्त्यालहरू यस दिन नजिकको नदीखोला, धारा आदिमा तामाको धाउ र टिलाकुटी (चामल मासको दाल, तामाको धाउ र पैसा मिलाएको) राखी बत्ती बालेर बगाउने र स्नान गर्ने गर्दछन्। माघ महिनामा पवित्र नदीमा स्नान गर्नाले मुक्ति पाइने विश्वास यहाँका छन्त्याल जातिमा छ। यस दिनमा छन्त्यालहरूको आफ्ना दिदीबहिनीहरूलाई टिका लगाएर दान दक्षिणा दिनुको साथै भोजन गराउँछन्। यस चाडमा मुख्य खाना तरुल

मानिन्छ। उनीहरूले प्राचीन परम्पराअनुसार तरुल, सख्खर उसिनेर कुल देवता र पितृलाई चढाउने र आफूले पनि खाने गर्दछन् (छन्त्याल, २०४४: ९)।

तरुल नहुने ठाउँमा आलुका विभिन्न परिवार तथा खीर रोटी आदि खान्छन्। यदि आफ्ना बाबु आमाको मृत्यु भएको वर्ष छ भने पितृको सम्झनामा उनीहरूको विशेष रूपमा मनपर्ने खाना वा कुनै पेयपदार्थ यसै दिनदेखि छाड्ने वा एक वर्ष पुगिसकेको अवस्थामा छ भने त्यसै दिन कन्याकेटीको हातबाट टीकाग्रहण गरी उक्त छाडेको खाद्य वा पेयपदार्थ फुकाउँछन्। यसर्थ कुनै पनि खाद्यपदार्थ यसै दिनदेखि एक वर्षको लागि छाड्ने वा फुकाउने काम हुन्छ (बमबहादुर छन्त्याल, अन्तर्वार्ता)। छन्त्यालहरू यसै दिनदेखि तारो खेल खेल्न शुरु गर्छन्। यसमा बुढापाका तथा युवाहरू खेल्ने गर्दछन्। यस दिनमा नजिकका महत्वपूर्ण स्थानहरूमा मेला गरी मनोरञ्जन गर्ने गर्दछन्।

### ४.१.१.२ साउने संक्रान्ति/राँके संक्रान्ति

हेमजाका छन्त्यालहरू यस चाडलाई दोस्रो ठूलो चाडको रूपमा मनाउँछन्। छन्त्यालहरूको यो चाड श्रावण महिनाको १ गते पर्छ र यस दिनमा आफ्नो कुल देवतालाई धुप बत्ती गरी मिठोचोखो प्रसादको रूपमा चढाउँछन् (सुवेदी, २०३२: १४)। यस दिनमा कुल देवतालाई रोटी खीर र चोखो एकमाना चामल चढाउने र बेलुका त्यसलाई झिकेर प्रसादको रूपमा खान्छन् (सुवेदी, २०३८: १४)। क्षेत्री ब्राहमणले पनि साउने संक्रान्ति चाड मनाउने चलन छ। यस दिनमा अन्य जातिले जस्तै छन्त्याल जातिले पनि विभिन्न किसिमका रंगीबिरंगी फूल, विभिन्न बोटविरुवाका पात, कुकुरडाहिनो, मकरकाँची, कुरिलो आदि लगायतका विभिन्न प्रकारका झारहरू जम्मा गरी दैलोमा राखी नौ वटा सिठाका तीनवटा मुठामा एक-एक वटा दियालोका कप्टेराहरू राखी लुतो वा राँको फाल्ने सामग्री तयार पारी गाउँ नै उज्यालो हुने गरी सिठा र दियालोको राँको बाली "लुतो-पातो हाँडपिलो सबै लैजाउ ...." भन्दै सबैले एकैसाथ राँको फाल्छन् (सुवेदी, २०३२: १४)। यस समयमा दर्जीहरूले बाजा पनि बजाउँछन्। लुतो फाल्दा लुतो, पातो, रोगव्याधि सबै भागून् भन्ने कामना गरी फाल्छन्। राँको फालने काम सबैको एकैचोटी होस् भन्ने हेतुले साँझ झमक्क परेपछि बन्दुक पट्काइन्छ। राँको फाल्ने क्रममा राँकेबोक्सी घरभित्र पस्न नपाओस् भन्ने हेतुले सबैले आफ्नो घरको ढोका बन्द गर्छन् (नन्दबहादुर घरब्जा छन्त्याल, अन्तर्वार्ता)। यसपछि लुतो फाल्ने/राँको फाल्ने क्रम समाप्त भएपछि खीर, रोटी, मासु, दूध, दही आदि

परिकारहरू आफ्ना कुल र पितृलाई चढाएर खान्छन् । वर्षायामको बाढी पहिरोले बाँच्ने मर्नेको ठेगाना नभएकोले साउने संक्रान्तिमा सबैले नाचगान गरी मिठोमसिनो खाएर रमाइलो गरी मनाउँछन् । सबैले नाचगान गर्ने, गोटा खेल्ने चलन पनि छ र झाँक्रीहरू जम्मा भई झाँक्रीहरूले प्रत्येक ग्रहदशाबारे जानकारी गराउने तथा त्यसवर्षभरि गाउँमा लाग्न सक्ने रोगव्याधिबारे सचेत गराउने काम हुन्छ ।

हेमजाका छन्त्यालहरूले पनि यस दिनमा छोरी, ज्वाइँलाई निम्ता गरी रोटी, रक्सी, मासु खुवाउने र आफ्नो गच्छेअनुसारको दानदक्षिणा दिन्छन् । यस दिनमा चेलीबेटी बोलाई दानदक्षिणा दिने मिठो मसिनो खाने चलन छ। यस दिनमा खेलकुदको आयोजना गरी मनाउने चलन पनि छ। छन्त्यालहरूको यो राँके संक्रान्ति वा साउने संक्रान्ति महत्वपूर्ण चाड भएकोले धुमधामसँग मनाउँछन् । छन्त्यालहरूले तीज भने मनाउँदैनन् तर ब्रत बस्ने चलन भने छ ( घरब्जा छन्त्याल, २०५१:२७) ।

### ४.१.१.३ दशैं

आम हिन्दुहरूले मान्ने गरेको नेपालीहरूको महान चाड दशैं छन्त्यालहरूले पनि अन्य जाति वा समुदायले झैं नै मान्दै आएको पाइन्छ । तर पनि यस जातिले दशैंलाई पृथक तरिकाले मनाउने गरेको पाइन्छ। रामलाई आदर्श पुरुष मान्ने छन्त्यालहरूले दशैं घटस्थापनाको दिनदेखि नै मनाउने गर्दछन् । युवाहरूले परम्परागत रूपमा पिङ चमच्चा बनाउने र युवतीहरूले युवाहरूलाई भैलो खुवाउने चलन पनि रहेको छ। भैलो भन्नाले बेडौला, काँक्राको अचार, बेसार राखेको भात, आलुको तरकारी लगायत भोजन बनाएर नाङ्ला-नाङ्लामा भाग लगाएर खान दिने भोज हो (शर्मा, २०५९: ६०) ।

भैलो खाई युवा युवतीहरू पिङ खेल्दै रोटी रक्सी खाई दोहोरी गीत गाएर रमाइलो गर्दछन् । अष्टमीको दिनमा गाउँका मुखिया/अध्यक्षको घरमा खाँडो पूजा गरिन्छ भने अन्य घरमा नवमीको दिनमा मात्र पूजा गरिन्छ। कालीरात वा कालरात्रिको दिनमा अध्यक्षको घरमा गई विजय भारतका गाथा तथा बेली (लय/भाका) का गीतहरू गाएर जाग्राम बस्दछन् ।

विजयादशमीको दिनमा छन्त्याल जातिले पनि रङविहिन टिका लगाउने प्रचलन छ । विजयादशमीको दिनदेखि मान्यजनहरूको हातबाट पूर्णिमाको दिनसम्म टिकाजमरा लगाइन्छ (क्षत्री, २०७२: ४९) । एकादशीको दिनदेखि पूर्णिमाको दिनसम्म सोरठी नृत्यका साथै प्राय:

गरी गाउँमा कसैले नयाँ घर बनाएको भए उसको घरमा, कसैले परिवारमा छोरा जन्माएको भए उसको घरमा पुटपुटाउ (पुटबधाइ) दिने गरिन्छ। पुटपुटाउ छन्त्यालहरूको दशैंको विशेषता नै हो । पुटपुटाउ जेठो छोरा जन्मिएको उपलक्ष्यमा दशैं वा तिहारको अवसर पारेर गरिन्छ। यसरी पुर्णिमाको दिनसम्म नाचगान रक्सीको मारामार नै चल्दछ। सोरठी नृत्य जुन छन्त्यालहरूको घरमा लागे पनि गाउँलेहरू सबैले आ-आफ्नो घरमा जे-जे छ सोही अनुसार नृत्यटोलीलाई भैलो (दान) दिनैपर्छ। नाचमा धेरै थाकिने हुँदा छन्त्यालहरूले यस्तो रीत बसालेको पाइन्छ (सुवेदी, २०३२: १५)। हेमजाका छन्त्यालहरूमा पनि यो परम्परा कायमै रहेको पाइन्छ ।

### ४.१.१.४ तिहार

सामान्यतया तिहार पर्व पनि अन्य जाति वा समुदायले मान्ने गरेझैं पाँचै दिन मनाइन्छ। भाइटिकाको दिन दिदीबहिनीको हातबाट दाजुभाइले सप्तरङ्गी टिका ग्रहण गर्छन्। दिदीबहिनीले दाजुभाइलाई मिठा-मिठा खानेकुरा लगायत रोटी, रक्सी, मासु खान दिने र दाजु भाइले गच्छेअनुसार दानदक्षिणा दिने गर्दछन्। औंसीको दिनदेखि देउसी भैलो खेली मनोरञ्जन गर्ने गरिन्छ। देउसी भैलोबाट उठेको पैसा समुदायको कल्याणकारी कोषमा राख्ने वा भोज खाने गरिन्छ ।

### ४.१.१.५ धार्मिक आस्था

छन्त्यालहरूले परम्परागत रूपमा हेर्ने हो भने प्राकृत धर्म (प्रकृतिका विभिन्न देवीदेवताहरूमा आस्था राखी मान्ने संस्कार) मान्ने गरेको पाइन्छ। छन्त्यालहरूले आफ्ना पितृदेवहरूलाई (कुलपूजा) मृतआत्माको रूपमा पूजाआजा गर्दै आएको पाइनछ। छन्त्यालहरूले आ-आफ्नो दृष्टिकोणले आफ्नो धर्म मानिआएको पाइन्छ। आजको समाजमा छन्त्यालहरू आफूहरू हिन्दू भनेर भन्न रुचाउँछन् (छन्त्याल, गोविन्द टेलिफोनवार्ता)। छन्त्याल जातिमा धार्मिक सहिष्णुताको भावना छ। हिन्दू धर्मबाट प्रभावित हुनेहरूले हिन्दूधर्म र बौद्ध धर्मबाट प्रभावित हुनेहरूले बौद्ध धर्म मान्ने गरेको पाइन्छ। यसका अलवा उनीहरूले भूमे, बराह मण्डली, सिद्ध आदि देव देवताको पूजा गरेर प्रकृतिपूजक बनी आफ्नो धर्म र संस्कृतिको मौलिक परिचय दिएका छन्। यिनीहरूमा एकातिर गुरङ र थकालीहरूको धर्म एवम् संस्कृतिको व्यापक प्रभाव छ भने अर्कोतर्फ हिन्दूधर्म अन्तर्गत ब्राह्मण-क्षेत्रीको

धर्म एवम् संस्कृतिको पनि त्यत्तिकै प्रभाव परेको छ। जस्तो मामा, फुपू चेलामा विवाह गर्नु, धार्मिक पूजाआजामा धामीझाँक्रीको विधि गर्नु, पितृ वा कुल पूजामा जाँड-रक्सीको प्रयोग गर्नु, तीज नमान्नु, जनै नलाउनु आदि कुरा गुरुङ, मगर, थकालीहरूका संस्कारहरूसँग मिल्दाजुल्दा देखिन्छन् भने दशैं, तिहार, माघेसंक्रान्ति, चैते दशैं, राँके संक्रान्ति जस्ता चाडपर्वहरू हिन्दू संस्कारअनुरूप मान्नु, लासलाई जलाउने वा गाड्ने गर्नु, किरियाकर्म वैदिक विधि अनुसार ब्राह्मणद्वारा पनि गराउनु आदि संस्कारहरू हिन्दू धर्मको ब्राह्मण जातिको धर्म एवं संस्कृति अनुसार पाइन्छ। जे होस् तलको डाटाअनुसार नेपाल अधिराज्यभरमा छन्त्यालहरू हिन्दू धर्म नै बढी मान्ने गरेको पाइन्छ।

हिन्दू - ५६.५९%

बौद्ध - ३९.४०%

क्रिश्चियन - २.५७%

अन्य - १.४४% रहेको छ। यस तथ्याङ्कअनुसार छन्त्यालहरूमा हिन्दू र बौद्ध धर्मको बढी बाहुल्यता छ (Joshna Projet Net). हेमजाका छन्त्यालहरूको भाषा, धर्म, संस्कृति, भेषभूषा परम्परागत छन्। धर्मका हिसाबले अध्ययन क्षेत्रलाई हेर्दा जम्मा २२५ जनामा मा बौद्ध धर्म मानेहरू १२५ जना छन् भने हिन्दू धर्म मान्ने १०० जना रहेका छन्।

**झाँक्रीप्रथा**

छन्त्यालहरूको मुख्य पूजाआजामा कुलपूजा (पितृपूजा), बराहपूजा आदिको अलावा झाँक्री प्रथा पनि छन्त्यालहरूको पुर्ख्यौली प्राचीन उपचारको रूपमा प्रचलित छ (शर्मा, २०५९: ७०-७२)। छन्त्यालहरू पहिलेदेखि नै अत्यन्त शक्तिशाली र तान्त्रिक हुन्थे। छन्त्याल जातिहरूले विशेषगरी परम्परागत रूपमा नै काक्सी-बोक्सी, सिमे-भूमे, दर-देवता, लागो-भागो, वनदेवता आदिमाथि विश्वास गर्दै आएको पाइन्छ। गाउँघरमा कोही बिरामी भए भने त्यसलाई तान्त्रिक विधिअनुसार ओखती मूलो गर्ने गर्थे।

छन्त्याल झाँक्रीहरूले काठको घेरामा घोरलको पातलो छालाबाट बनाइएको ढ्याङ्ग्रो (विशेषखालको काठको गजो) प्रयोग गर्ने गर्दछन्। यसका साथै उनीहरूले एउटा सारो चिल्लो अण्डाआकारमा शिला ढुङ्गा प्रयोग गर्थे। बर्छा, भाला, रुद्राक्ष माला, रिठाको माला, तितेपातीको धूप विभिन्न खालका घण्टाहरू, शिरमा लगाउने कागको प्वाँखबाट बनेको वाखर र अन्य जीवजन्तुका अवयवहरू पनि उनीहरूले लगाएर झाँक्री बन्ने गरेको

पाइन्छ । यसर्थ यस तान्त्रिक विद्याबाट नै ओखतीमूलो गरेर बिरामी निको पारिएको पाइन्छ । दैवी शक्तिमा पनि छन्त्यालहरू बढी विश्वास गर्छन् । यसर्थ बिरामी मानिसको सातो भिक्नेदेखि लिएर मरेपछि सिपो मार्ने (मृत आत्मालाई शान्ति पारी सुरक्षित हुने जस्ता क्रियाकलापहरू झाँक्री प्रथामा गर्ने गरेको पाइन्छ (सुनार, २०६६: ३०) ।

समयको परिवर्तन सँगसँगै रीतिरिवाज र परम्परागत संस्कृतिमा फेरबदल आउनु स्वाभाविकै हो । यसै गरी पोखरा हेमजाका छन्त्यालहरू अहिले आएर झाँक्री प्रथामा कम विश्वास राखी पहिलो प्राथमिकता झाँक्रीलाई नदिई बिरामी भएमा अस्पताल गएर उपचार गर्ने गर्दछन् । छन्त्याल जातिहरूमा शिक्षामा पहिलेको तुलनामा निकै अगाडि बढेको पाइन्छ । यसर्थ रुढिवादी संस्कार र झाँक्री प्रथा अहिले लोप भइसकेको अवस्था छ तर कुइनेमंगले, डाँडाखानी, गुर्जा लगायतका ठाउँहरूमा छन्त्याल झाँक्रीहरू धेरै हुने र दैवीशक्तिमा बढी विश्वास गर्ने गर्दथे ।

यसरी परम्परागत रूपमा एक पुस्ताबाट अर्को पुस्तामा अस्तित्वमा रहँदै आएको झाँक्री प्रथा अहिले लोप भइसकेको अवस्था छ । तरपनि केही छन्त्यालहरू सामान्य तान्त्रिक विद्या र धामीझाँक्रीमा अझै पनि यदाकदा विश्वास गर्ने गर्दछन् । शिक्षाले गर्दा छन्त्यालहरूमा नयाँ सोच र चिन्तनको विकास भइसकेकोले अहिले यो पूर्णरूपमा हटिसकेको पाइए तापनि रुढीगत मान्यताहरू कायम छन् । अध्ययन क्षेत्रमा वर्तमान अवस्थामा हेर्ने हो भने झाँक्रीप्रथा देखिदैन । तापनि हेमजाका छन्त्यालहरूले झाँक्री प्रथालाई पनि मान्यता दिएको पाइन्छ । बिरामी हुँदा धामी/झाँक्री कहाँ पनि देखाउँछन् भने डाक्टरकहाँ पनि लैजाने गर्दछन् । यसर्थ यहाँका छन्त्यालहरू दुवै किसिमको उपचार विधि गर्ने गर्छन् (नरमान घरब्जा छन्त्याल, अन्तर्वार्ता) ।

## ४.२ प्रमुख संस्कारहरू

छन्त्याल जातिमा आफ्नै प्रकारका परम्परागत संस्कार तथा कार्यविधिहरू रहेका हुन्छन् । परिवारमा बालबालिकाको जन्म भएपश्चात् विधिवत परम्परागतसांस्कृतिक मान्यताका आधारमा गरिने शुभकार्य अन्तर्गत विभिन्न संस्कारहरू यस प्रकार छन् :

### ४.२.१ जन्म संस्कार

#### ४.२.१.१ छैंटी

छन्त्याल जातिमा परिवारमा बच्चा जन्मेको छैठौं दिनमा खुशीपूर्वक छिमेकका

युवायुवती तथा बूढाबूढीहरू आएर नाचगान जस्ता रमाइलो कार्यक्रम गरी मनाउने गर्दछन् । बच्चा जन्मेको छैठौं दिनमा भावी आई नवजात शिशुको निधारमा जीवनभरको भाग्यरेखा लेखिदिन्छन् भन्ने परम्परागत मान्यता राख्ने हुनाले उक्त दिन बिहान छन्त्यालहरूको विधिविधानअनुसार चोखो पानी, गाईको गोबर र माटोले घर लिपपोत गरिन्छ । हेमजाका छन्त्यालहरू घर पुछपाछ पारी गहुत छर्केर घर चोखो बनाउछन् र त्यसपछि नवजात शिशुलाई पनि नुवाइधुवाई गरिन्छ । बच्चाको नाममा एउटा थालमा फूलपाती र अक्षता राखी पानसमा बत्ती बालिन्छ र बच्चाको सिरानमा कलम र किताब राखिन्छ ताकि भविष्यमा यो बच्चा पढीलेखी ज्ञानी, गुणी र विद्वान होस् भन्ने प्रचलन यसमा रहेको छ । यसरी छैटी छन्त्यालहरूले विशेष महत्वका साथ मनाउँछन् ।

### ४.२.१.२ न्वारन

बच्चा जन्मेको एघारौं दिनमा छन्त्याल जातिमा न्वारन गर्ने परम्परागत प्रचलन छ । यस दिनमा घर सफासुग्घर तथा लिपपोत गरी बच्चा र आमाको नुवाइधुवाई गरिसकेपछि पुरोहित (भान्जा) बेलाएर विधिपूर्वक गहुँत छर्की सुत्केरी चोखाइन्छ । कुटुम्ब वा ज्वाइँबाट धूप बालिन्छ र बच्चालाई धूपमा धुपाइन्छ । बच्चा जन्मेपछि न्वारन नहुन्जेलसम्म सुतक बारिन्छ । यस समयमा पूजापाठ तथा ब्रत बस्दैनन् र सुत्केरी महिलालाई यस अवधिभर अन्यले छुनुहुँदैन भन्ने मान्यता रहेको छ । ज्वाइँ वा भान्जाबाट धूप बाली धुपाएपछि बच्चालाई उसको बाबु नभए नजिकको १३ दिने भाइहरूमध्ये एक जनालाई बेसारमा रंगाएको पहेंलो पाँच वा सातसरे धागो ज्वाइँ वा चेलीबेटीद्वारा दाहिने हातमा बन्धन बाँधिन्छ । त्यसपछि नवजात, शिशु सन्तान हो भन्ने प्रमाण लाग्दछ । यो प्रक्रिया आफ्नै पुरोहितबाट गराउने गर्दछन् ।

यसै दिनमा ज्योतिषबाट हेराइजुराइ शिशुको नामाकरण हुन्छ, त्यसपछि सुत्केरी हुँदा सामेल भएका सुँडेनीलगायत अन्य छिमेकीहरूलाई बोलाई सामान्य किसिमको भोज खुवाउने चलन छ । त्यस दिनदेखि सुत्केरी घरबाहेकका अन्य दाजुभाइहरूलाई देवताको पूजाआजा वा कुनै पनि शुभकार्य गर्न मिल्छ तर सुत्केरी भएको घरमा २२ दिनसम्म शुभकार्य गर्न बर्जित हुन्छ (बमबहादुर घरब्जा छन्त्याल, अन्तर्वार्ता) ।

#### ४.२.१.३ भातखुवाई

छन्त्याल जातिमा छोरी जन्मे ५ महिनामा र छोरो जन्मे ७ महिनामा भात खुवाइन्छ। भात खुवाउनको लागि उचित तिथिमिति हेराई बच्चाको नाम, वर्ग, जुराएर कन्या केटी वा केटाबाट भात खुवाइन्छ। भात खुवाउँदा नजिकका छिमेकी र नातेदारहरूलाई बोलाइन्छ। निम्तामा आउनेहरूबाट आ-आफ्ना क्षमताअनुसारको बच्चाको लागि कपडा, खेलौना, नगद, गहना आदि उपहारस्वरूप दिने चलन छ। कपडा, नगद, उपहारहरू ठाउँ र अवस्थाअनुसार दिने गरिन्छ (छन्त्याल, २०६१: ७६)।

### ४.२.४ चुडाकर्म (ब्रतबन्ध)

छन्त्याल जातिमा ब्रतबन्ध (छेवर) गर्दा परम्परागत चलन अनुसार ३, ५ वा ७ वर्षमा बिजोर वर्ष पारी बालकको चुल्ठो ज्वाईबाट खौरिइन्छ। छेवर कर्म गर्नेले आफ्नो घरबाट सेतो टोपी, सेतो फेता र सेतै वस्त्र ग्रहण गर्दछ। यसमा पनि घरबाट छिमेकी वा नातेदारहरूलाई निम्तो गर्ने प्रचलन छ। विवाह भएका छोरीहरूलाई पनि विशेष निम्तो गर्ने प्रचलन छ। निम्तामा आउने सबैले दहीचामलको टीका लगाईदिएर इच्छा अनुसारको नगद रुपियाँ उसको हातमा हालिदिने प्रचलन छ। कतै भने सबै भाइहरूबाट तोकिएको रकम उठाई छेवर गर्ने घरलाई दिइन्छ। उक्त छेवर गर्न आर्थिक कठिनाई उत्पन्न नहोस् भन्ने उद्देश्यका लागि राखिएको चलन हो जसले गर्दा खर्चको केही भाग पूर्ति हुन जान्छ।

### ४.२.५ गुन्यूचोली

छोराका चुडाकर्म जस्तै छोरीको गुन्यूचोली दिने चलन छ। ५, ७ वा ९ वर्षमा बिजोड वर्ष पारी पहिलो पटक छोरीलाई गुन्यूचोली दिइन्छ। यसपछि विधिपूर्वक बालिकालाई टीका लगाई गुन्यूचोली पहिराइन्छ। यसमा छोराको जस्तै धेरै खर्च गरिँदैन। नजिकको नातेदारलाई मात्र निम्तो गरी बोलाइन्छ। नेपाली समाजमा छोरा र छोरीलाई हेर्ने भेदभावपूर्ण व्यवहार देख्न सकिन्छ जुन भेदभावपूर्ण व्यवहार छन्त्याल समाजमा पनि देखिन्छ (छन्त्याल, २०६१: ७६)। हेमजामा वर्तमानमा छोरीलाई गुन्युचोली दिने चलन छ। छोराछोरीलाई शिक्षादीक्षा, पालनपोषणमा बराबर अवसर छ। दाइजो प्रथा छैन। अंश पनि छोरीलाई दिने चलन छैन।

### ४.२.६ पुतबधाई/पुटपराउ

पुटपुराउन वा पुतबधाइ भनेको छन्त्याल जातिको एक महत्पपूर्ण उत्सव हो। सहरी क्षेत्रमा बसोबास गर्ने होस् वा ग्रामीण क्षेत्रमा बस्ने छन्त्यालहरूले आ-आफ्नो गच्छेअनुसार आफ्नो संस्कृतिलाई मनाउँदै आएको पाइन्छ। यसर्थ परिवारमा (जेठो) छोरा जन्मिएको उपलक्ष्यमा गाउँलेहरू आएर सोरठी र मारुनी नाचगान गरी वृद्ध तथा युवाहरूको समूहबाट आशिर्वाद दिइने चलनलाई नै पुटपुटाउ/पुतबधाई भनिन्छ (थापा र लम्साल, २०५५: १४)। पुतबधाई गर्ने घरबाट विभिन्न खानेकुरा रोटी, सगुनका साथै नाचगान टोलीलाई इच्छाअनुसार दान दिने प्रचलन छ। घरबाट बालकलाई एक थान फेता गुताइन्छ। बालकको २ देखि ५ वर्षको उमेरमा भातखुवाइपछि र चूडाकर्म अघि रीतिस्थितिअनुसार "सरस्वतीका विभिन्न गीतहरू गाएर, खेती नाच नाचेर, गीत र नाचको हाउभाउसहित बालकलाई आशिर्वाद दिइने संस्कार पुटपुराउ भन्दछन्। आर्थिक अवस्थाअनुसार भव्य बाजागाजासहित पनि पुतबधाइ गर्ने गरिन्छ। यस अवसरमा नातेदारहरू, छोरीहरू लगायत नजिकका सबैलाई निम्तो दिइएको हुन्छ। पुतबधाइ दिने समय विशेष गरेर ५, ७ र ९ वर्ष वा त्यसपछि बिजोर वर्ष पारेर १४ वा १६ वर्षसम्मको समयमा कुनै पनि बेला पुटपराउ दिने चलन छ (पुटपुराउको उपलक्ष्यमा गरिने नाच परिशिष्ट ४:२) (छन्त्याल, केभिन, २०६१: ७७)। हेमजामा पनि ५, ७ र ९ वर्षमा बिजोर वर्ष पारेर पुटपुराउ गरिन्छ। कम उमेरमै छोराको पुटपुरा उगर्दछन्। यस उपलक्ष्यमा मारुनी नाच गरी बालकलाई आशीर्वाद दिने चलन छ (कल्पना छन्त्याल, अन्तर्वार्ता)।

### ४.२.७ चौरासी पूजा

हेमजाका छन्त्यालहरूमा इच्छा हुनेले ८० देखि ८४ वर्षको बीचमा अनुकूल समय र साइतअनुसार जन्म दिन, तिथि महिनाको सुअवसर पारेर चौरासी पूजा गर्ने चलन छ। यिनीहरूको चौरासी पूजा ब्राह्मणद्वारा गराइने भएकाले वैदिक विधिअनुसार नै हुन्छ। चौरासी पूजामा गाडीहरूको सुविधायुक्त ठाउँमा गाडीमा र नभएको ग्रामीण क्षेत्रमा डोला वा ताम्दानामा राखी चौरासी पूजा हुने व्यक्तिलाई नाचगान, बाजागाजासहित घुमाउँछन् भने इच्छा नहुनेको हकमा चौरासी पूजा अनिवार्य छैन (कल्पना छन्त्याल, अन्तर्वार्ता)।

### ४.२.८ मृत्यु संस्कार

जन्म र मृत्यु हरेक प्राणीका निश्चित प्रक्रिया हुन्। मानव एक चेतनशील प्राणी

भएको नाताले जन्मपछि जसरी विभिन्न संस्कारगत प्रक्रियाहरू हुन्छन् त्यसरी नै मृत्युपश्चात पनि संस्कारगत परम्परा हुन्छन् । यो मान्यता हरेक जातिमा आ-आफ्नै मूल्य मान्यता र परम्परागत संस्कार अनुरूप गर्ने गरिन्छ ।

हेमजाका छन्त्याल जातिमा पनि आफ्नै प्रकारको मृत्यु संस्कार रहेको छ । यस संस्कारले नै समग्र छन्त्याल जातिको प्रतिनिधित्व गर्दछ । यस संस्कारलाई यस जातिले सबै जाति सरह दुःखदायी संस्कारको रूपमा लिने गरेको पाइन्छ । यस जातिमा मृत्यु संस्कार हिन्दु संस्कार अनुसार ब्राहमणद्वारा वैदिक विधिअनुसार गराउँछन् भने कसैले प्राकृत धर्म अनुसार आफ्नै ज्वाई वा भान्जाबाट गराउँछन् । हिन्दु धर्मबाट बढी प्रभावित छन्त्यालहरूको मृत्यु संस्कार ब्राह्मणबाट हुन्छ भने कम प्रभावित ज्वाई वा भान्जाबाट हुन्छ । यसमा दानदक्षिणा पनि जोबाट संस्कार सम्पन्न गरायो उसैलाई गर्छन् (बमबहादुर घरब्जा छन्त्याल, अन्तर्वार्ता) । छन्त्याल जातिमा काजकिरिया विधि २ प्रकारले गर्छन्:

### ४.२.८.१ अपूर्ण काजकिरिया विधि

अपूर्ण काजकिरिया बच्चा जन्मेर ज्वारन नगर्दै मृत्यु भएमा ज्वाइँबाट गाईको गहुत छर्की शुद्ध गरिन्छ काजकिरिया गरिँदैन । यदि बच्चाको न्वारन गरिसकेपछि र बालबालिकाको पहिलो पटक दाँत नसाट्दै वा चूडाकर्म, गुन्यूचोली नहुँदै मृत्यु भएमा अपूर्ण काजकिरिया गरिन्छ । जसमा मृतकको १३ दिने दाजुभाइहरूलाई ३ दिन जुठो र ज्वाइँ वा चेलीबेटीबाट ३ दिनमा गहुत छर्की काजकिरिया शुद्ध गरिन्छ । यस ३ दिनभित्रमा कुनै पनि दाजुभाइको शुभ कार्य हुँदैन ।

### ४.२.८.२ पूर्ण काजकिरिया विधि

कुनै पनि बालक तथा बालिकाको चुडाकर्म वा गुन्यूचोली गरिसकेपछि वा पहिलोपल्ट दाँत साटिसकेपछि मृत्यु भएमा पूर्ण काजकिरिया गरिन्छ । अविवाहित युवा तथा युवतीको मृत्यु भएमा मृतकका बाबुआमाले काजकिरिया गर्दछन् । यदि मृतकका बाबुआमा नभएमा दाजुभाइबाट र यी कुनै पनि नभएमा दिदी वा बहिनीले किरिया गर्न चाहेमा किरिया गर्न सक्छन् तर किरिया गर्न नजिकको हकवाला दाजुभाइहरू हुनुपर्छ । यदि कसैको एक भन्दा बढी श्रीमतीहरू भएमा ती जुनसुकै श्रीमतीको मृत्यु भएमा सन्तान नभएको खण्डमा भाइखलक व्यक्ति किरियापुत्री बस्छन् (अध्यक्ष, भक्तबहादुर छन्त्याल, अन्तर्वार्ता) ।

#### ४.२.८.३ दाहसंस्कार तथा अन्त्येष्टि विधि

छन्त्याल जातिमा पूर्ण काजकिरिया विधि व्यक्तिको मृत्यु भएमा मृतकलाई मरेको स्थानमा मट्टी दिइन्छ। मट्टी बाबु वा आमाको मृत्यु भएमा छोराले वा छोरा नभएमा नजिकको दाजुभाइबाट मृतकलाई मट्टी दिइन्छ। मट्टी दिँदा मृतकको सिरानमा बत्ती बालिन्छ। मट्टी दिएको दिनदेखि मृत्यु जुनसुकै समयमा भए पनि सोही दिन गणना गरी काजकिरिया शुद्ध गरिन्छ।

मृतकको शवलाई दुईवटा काठ वा बाँसको बिजोड आँख्ला बाँधी राखिन्छ र शवलाई सेतो वा पहेलो कपडाले ढाकी घाटतर्फ शिर फर्काइ लगिन्छ। मृतकको श्रीमतीले छातीमा हात राखी चुरा फुटाउने र चुल्हो फुकाउने काम हुन्छन्। जसको अर्थ आफ्नो जीवनसाथी देखि सदाको लागि विछोड र विधवा भएको सङ्केत हुन्छ। शवलाई सबैभन्दा पहिला छोराले बोक्नुपर्छ। छन्त्याल जातिको मृत्युमा सम्भव भएसम्म लास लैजाँदा कामीले अगुल्टो समाएर अगाडि लाग्ने, ज्वाइँले खुकुरी समातेर काम्दै हिँड्ने, अन्य मलामीले लास बोकेर घाटमा पुऱ्याउँछन्। घाटमा लैजाँदा सेतो कपडा लामो बनाई बाटो बनाएर लैजाने गरिन्छ (लम्साल तथा थापा, २०५५:१६)। कहीँ कतै लासलाई घरबाट लैजाँदा एकस्वरे शङ्ख पनि बजाउने प्रचलन छ। यसको अर्थ दुःख प्रकट गर्दै अरूलाई जनाउ दिएको सङ्केत बुझाउँछ। शंख बजाउने चलन हिन्दू संस्कारसँग पनि सम्बन्धित छ (छन्त्याल, २०५१: १६)।

शवलाई घरबाट घाटतर्फ लगेपछि मृतकले प्रयोग गरेका लत्ताकपडाहरू चेलीबेटीहरूमध्ये पाका व्यक्तिले घरदेखि टाढा मुर्दाघाटको दिशा पारी कुसेत्रो पोलिन्छ। यस जातिमा शवलाई दाहसंस्कार गर्ने मुर्दाघाटमा लैजाँदा प्रायःजसो महिलाहरूलाई कम सहभागिता गराइन्छ किनकी महिलाहरू मृतकको शोकमा बढी रुने कराउने तथा बेहोससम्म हुने भएकोले ठाउँ हेरी पुरुषको सङ्ख्या कम भएको हकमा मात्र महिलालाई मलामी (सागर) मा सहभागिता गराइन्छ।

शवलाई घाटमा पुऱ्याइसकेपछि जलाउनका लागि 'चिता वा सोला' बनाई चिताको वरिपरि दाहिनेबाट तीनपटक शवलाई परिक्रमा गराई चितामा राखिन्छ। त्यसभन्दा अघि चिता बनाउने ठाउँमा धर्ती माताको नाममा एक रूपैयाँ राखी जमिन किनिन्छ। त्यसपछि मृतकको खर्च भनी एक मुठी वा माना चामल राखिन्छ। शवलाई सबैभन्दा पहिले छोराले र त्यसपछि किरियापुत्रीले दागबत्ती दिन्छन्। त्यसपछि सबै मलामीले जल चढाई शोला धोइन्छ। त्यसपछि ज्वाइँबाट किरिया बस्नेको कपाल उल्टो गरी मुण्डन गरिन्छ। कपाल

मुण्डनपछि नुवाइधुवाई गरी सेतो कपडाको घुम्टो (बात्को) लगाइदिन्छन् । यसपछि ज्वाइँबाट सुनपानी छर्की किरिया बस्नलाई शुद्ध भई बस्छन् । यसपछि किरिया बस्नेलाई कसैले पनि छुँदैनन् । मलामीहरू घर पुग्ने समयमा चेलीबेटीद्वारा दोबाटोमा धूप राखी सुँघाइन्छ र मृतकको घरमा पुग्दा ज्वाइँबाट सुनपानी र गाईको गहुँत छर्किएपछि मलामीहरूलाई खाजा खुवाइन्छ र विधिवत रूपमा १३ दिनसम्म काजकिरिया गर्ने गरिन्छ । सो अवधिभर नुन बार्ने गरिन्छ (कल्पना छन्त्याल, अन्तर्वार्ता) । हेमजामा पनि उपर्युक्त विधिअनुसार नै दाहसंस्कार गरिन्छ ।

### ४.२.८.४ काजकिरिया शुद्ध गर्ने विधि

छन्त्याल जातिमा काजकिरिया शुद्ध गर्दा दुई तरिका अपनाइन्छ । पहिलो ज्वाइँचेला वा भान्जाद्वारा दोस्रो बाहुन (पण्डित) विधि अपनाएर काजकिरिया शुद्ध गर्ने गरिन्छ (स्मारिका, २०५४: १६) । हेमजाका छन्त्यालले यस विधिलाई आफ्नो आर्थिक अवस्था हेरेर काजकिरिया शुद्ध गर्ने गर्दछन् । ब्राह्मण विधि आर्थिक हिसाबले बढी भार हुन जान्छ ।

छन्त्याल जातिमा परिवारमा कुनै पनि व्यक्तिको मृत्यु भएमा मृतकको छोरा वा छोरा नभए नजिकको भाइ खलकबाट तीन दिनमा ज्वाइँ वा भान्जाबाट सुनपानी र गाइको गहुँत छर्किएपछि एघारौं दिनको बिहानसम्म नुन खान हुन्छ तर केही छन्त्याल समुदायमा घरका मुख्य व्यक्तिहरूले १३ दिनमा नुन बार्ने गर्छन् । आमाको मृत्युमा कान्छो छोरा वा बाबुको मृत्युमा जेठो छोरा किरिया बस्छन् । जसलाई कोरा पनि भनिन्छ । कोरामा बस्दा नुन, माछा, मासु, भटमास, कोदो आदि जुठो मानिने चिज बार्छन् । आमाको किरियामा दूध र बाबुको किरियामा बाबुलाई मनपर्ने चिज पनि बार्ने चलन छ (लम्साल र थापा, २०५५: १७) । कसैकसैले ६ दिनमा पनि किरिया सिध्याउँछन् । १३ औं दिनसम्म बस्नुपर्छ भन्ने अनिवार्य छैन । पुरुष किरियापुत्रीले टाउकोको रौ, दाह्री, जुँघा र आँखीभौंको रौ खौरिएर बस्छन् ( घरब्जा, छन्त्याल, २०५१: ३६) । तीन दिनमा ज्वाईँको वा भान्जाको हातबाट गहुँत खाएपछि टाढाका दाजुभाइले जुठो बार्नु पर्दैन ११ औं दिनमा मृतकको आत्माले शान्ति पाओस् भनी सबै दाजुभाइले मृतकको नाममा पानी चढाउँछन् । त्यही चढाएको पानीमा चामल राखी जाँड पकाउने र १३ औं दिनमा धारा/पधँरा/चौतारामा गई पितृलाई त्यही जाँड (रक्सी) चढाउँछन् जसलाई सासको जाँड भनिन्छ । त्यस जाँडलाई अरूले छुन हुँदैन (छन्त्याल, नन्दबहादुर, अन्तर्वार्ता) । उक्त सासको जाँड सहित चढाएका अन्य परिकार कुनै जीवन

आएर छोएमा वा खाएमा पितृले खाएको मानिने विश्वास छ। घर फर्केपछि ब्राह्मणको निर्देशनअनुसार पूजा विधि गर्नुका साथै गाईदान गर्छन् यिनीहरूको बरखी तेह्र दिनको दिन पनि फाल्न सक्छन्। भेट्न आउने चेलीबेटीले सगुनको रूपमा रक्सी रोटी लिएर आउँछन् ( स्मारिका, २०५४: १३)। यस जातिमा जुठो परेको बेलामा पनि रक्सी प्रतिबन्धित हुँदैन बरु किरियापुत्री बाहेक अरूले मृतकको नाममा रक्सी खाएर नाचगान गर्छन् (सुवेदी, २०३२: १३)। कहींकतै अकालमा मृत्यु हुनेहरूको लागि सिपो मार्छन् (मरेको प्रेतको निमित्त) सिपो मार्दा ३ जना धामीहरू राखी पुतली जस्तो सिपो आएर चिम्नुमा पस्छ। त्यहाँ पातीको मुन्टो हल्लिएपछि धामीले हो ................. गर्छ। अरूले हलो, करुवा, सिस्नो बालुवा फुँगोमा राखेर कोदोको गेडा लिई दगुर्दै गएर दोबाटोमा गाड्छन् (भक्तबहादुर छन्त्याल, अन्तर्वार्ता)। यस विधिले भूतप्रेत सियो पस्दैन र मृत आत्माले दुःख दिँदैन भन्ने जनविश्वास छ।

किरिया सकिएको दिनमा नातागोता, सबै इष्टमित्र र मलामीलाई बोलाइन्छ मासु, भात, जाँड रक्सी खुवाउने गर्छन् (घरब्जा, छन्त्याल, २०५१: ३६)। चेलीबेटीको हकमा एकजोडा कपडा दिने चलन छ। चेलीबेटीले पनि गहुँत छर्केर बरखी फुकाई दिन्छन् भने छोरी बुहारीलाई माइती दाजुभाइले नयाँ कपडा दिएर तेल फुकाई दिने चलन छ (थापा, लम्साल, २०५५: १७)। छन्त्याल जातिको मृत्यु संस्कारमा सक्नेले तेह्रौं दिनमा आफ्नो क्षमता अनुसार सेज्जेवान गर्ने, धोतीला पोल्ने (कपडाको टालोमा पैसा बाँधेर दिने) र ब्राह्मणलाई गौदान गर्छन्। यिनीहरूको मृत्यु संस्कारमा 'टाक' (काजकिरिया उठाउने सहयोग) उठाउने चलन छ (बमबहादुर छन्त्याल, अन्तर्वार्ता)।


छन्त्याल जातिको मृत्यु संस्कारमा पाइने मुख्य विशेषता पुरुषको मृत्यु संस्कारमा बोको वा कुखुराको भाले, महिलाको मृत्यु संसकारमा बाख्री वा पोथी कुखुरी काटी फोक्सो निकालेर तेह्रौ दिन वा शुद्ध हुने दिनमा भेट्न आउने दाजुभाइलाई उक्त फोक्सो छुन लगाई जाँडरक्सी खान दिन्छन्। त्यही फोक्सो छोएर जाँड रक्सी खाने प्रथालाई काट्टो खाने ( मा......... कुडम) भनिन्छ (छन्त्याल, २०५१: ५७)। छन्त्याल जातिको मृत्यु संस्कारमा विविधता पाइन्छ। कसैले ब्राह्मणद्वारा वा कसैले आफ्नै भान्जा वा ज्वाइबाट किरिया शुद्धी गराउँछन्। ब्राह्मणद्वारा किरिया गराएमा किरिया गराउने ब्राह्मण किरिया नसकिञ्जेल अन्य कुनै देवकार्यमा संलग्न हुन पाउँदैनन् (सुवेदी, २०३२: १३)।

हेमजाका छन्त्याल जातिको मृत्यु संस्कारमा यस जातिमा आजको युगमा अवस्था हेरी ३, ५, ७, ९, १३ दिनसम्म किरिया बार्ने चलन छ। हिन्दू संस्कारअनुसार यस अवधिमा

किरियापुत्रीलाई कसैले पनि छुन हुँदैन। शुद्ध हुने दिनमा आफन्त मलामी बोलाई भोज खुवाइन्छ। अर्को थरीका छन्त्यालहरू बुद्धिष्ट विधि र संस्कारअनुसार पनि मृत्यु संस्कार गर्ने चलन रहेको पाइन्छ। ठाउँ, विशेष, परिस्थिति अनुसार फरक-फरक पाइन्छ (कैप्रसाद छन्त्याल, अन्तर्वार्ता)।

हेमजाका छन्त्याल जातिको अध्ययन अनुसन्धानका क्रममा कुल ४५ घरधुरीमध्ये १५ घरधुरीमा लिइएको तथ्याङ्क अनुसार हेमजाका छन्त्यालको कुल जनसङ्ख्या २२५ मा ब्राह्मणद्वारा र भान्जा वा ज्वाइँचेलाद्वारा काजक्रिया शुद्ध गर्ने विधिको तथ्याङ्क विवरण यस प्रकार रहेको छ :

हेमजाका छन्त्याल जातिको काजकिरिया शुद्ध गर्ने विधि




*स्रोत : स्थलगत भ्रमण, २०७५*

माथिको वृत्तचित्रबाट बाहुन विधिद्वारा काजकिरिया शुद्ध गर्नेहरूको सङ्ख्या जम्मा ५६ वा २५ प्रतिशत रहेको छ भने ज्वाइँचेला विधिद्वारा काजकरिया शुद्ध गर्नेको सङ्ख्या १६९ वा ७५ प्रतिशत रहेको छ। आजको परिवर्तनशील अवस्थामा आफ्नै ज्वाइँचेला वा भान्जाबाट नै काजकिरिया शुद्ध गर्ने चलन रहेको छ। यो विधिबाट काजकिरिया शुद्ध गर्दा सस्तो र सहज पनि पर्न आउँछ।

## ४.३ मनोरञ्जन

मनोरञ्जन हरेक जातिले आ-आफ्नै किसिमले गर्ने गरेका हुन्छन्। यसै सन्दर्भमा

आधुनिक युगमा आएर छन्त्याल जातिले विभिन्न चाडपर्व, धर्म र संस्कारहरू सँगै मनोरञ्जन लिइरहेका हुन्छन् । यसर्थ रेडियो, टेलिभिजनबाट पनि हेमजाका छन्त्यालहरूले मनोरञ्जन लिन्छन् । यसको अलावा प्राचीन खेलकुद विभिन्न नाचगानबाट पनि मनोरञ्जन प्राप्त गर्दछन् । यसै क्रममा छन्त्यालहरूको मनोरञ्जन गर्ने किसिमको खेल वा नाचहरू यहाँ प्रस्तुत गरिन्छः :

### ४.३.१ तारो हान्ने खेल

छन्त्यालहरूको तारो हान्ने खेल पनि फुर्सदको समय मिलाएर खेलिने एक परम्परागत लोकप्रिय खेल हो । प्रायः गरेर यो खेल छन्त्यालहरूले मनोरञ्जनका लागि खेल्ने गर्दछन् । हरेक वर्ष माघे संक्रान्ति वा साउने संक्रान्तिको दिनबाट यो खेल शुरु गरिन्छ ( बमबहादुर छन्त्याल, अन्तर्वार्ता) ।

यस खेलमा दुईवटा समानान्तर उचाई र चौडाई भएका फल्याक झण्डै ३० मिटरदेखि माथिको दुरीको फैसलामा त्यसलाई सिधै जमिनमा खनेर नढल्ने किसिमले सोझो गरी गाडिन्छ । बिचमा सानो झण्डै ६ सेन्टिमिटरको गोलाकार खोल (फलामको घेरो) भनिन्छ । त्यो दुवै फल्याकको बीच भागमा पर्ने गरी जडान गरिन्छ । यो खोल कुनै-कुनै समाजमा ठूलो आकारमा एउटै फल्याकमा दुई वटासम्म सानो र ठूलो गरी मिल्ने आकारमा जडान गरिएका हुन्छन् । गजिङ (एकप्रकारको बलियो चोया) जसमा फलामको तिरभित्र विभिन्न साइजका सरहरू अटाउने गरी लाम्चो र गोलाकार बनाइएको हुन्छ । चरा तथा कुखुराका प्वाँखहरूलाई सरको टुप्पो भागमा गमको सहायताले टाँसिन्छ । बाँसको धनु र तारोको आवश्यकता पर्दछ । विशेष तारो पुवाको धागोबाट बनाइन्छ । साथै हातमा बचाउको लागि रुमाल बाँधिन्छ । तारो हान्नमा प्रयोग गर्ने आवश्यक सामग्रीहरूमा यिनै पर्दछन् ।

यस खेलमा खेलाडीको सङ्ख्या यतिसम्म हुनुपर्छ भन्ने यकिन हुँदैन । दुई वा दुईभन्दा बढी खेलाडी हुनुपर्छ । दुई जनादेखि माथि बढीमा ४ जनासम्म एक टिममा खेलाडीहरू भएमा टिम उत्तम हुन्छ । उमेरको हिसाबले युवाहरू र उमेर पुगेकाहरू बिचमा भिन्नाभिन्नै ठाउँमा तारो हान्ने काम हुन्छ । एक व्यक्तिले एक पटकमा दुईवटा सर मात्र तारोमा प्रहार गर्न पाउँछ । टिमहरूमा विभाजन गरिसकेपछि बेग्लाबेग्लै समूहमा प्रतिस्पर्धा शुरु हुन्छ । खेल शुरु हुनुभन्दा पहिला बाजीको लागि रकम तोक्ने काम हुन्छ र खेलको

विषयमा पनि रकम तोकिएको हुन्छ। बाजीको लागि कुनै पनि एउटा निश्चित सङ्ख्या तोकिन्छ। त्यसपछि सबै टिमका खेलाडीहरूले आफ्नो टिमको पालामा पालैपालो क्रमशः तारोमा वाण प्रहार गर्छन्। हरेक टिमको टोलीको तारोमा वाण लागेको सङ्ख्या गणना हुन्छ। जुन टिमले सबभन्दा पहिले तोकिएको सङ्ख्या सर तारोमा प्रहार गर्न सकछ त्यस टिमले बाजी जित्छ। यदि एकै पटक वा एकभन्दा बढी टिमहरूले तोकिएको सङ्ख्यामा एकै दोहोरमा पुऱ्याउन सफल भएमा त्यो बाजी बराबरीमा गनिन्छ। जित्ने टिमहरूले बाजी पाउँदैन। पुनः बाजी दोहोराइन्छ कसैको हारजीत मानिदैन। अर्कोपटक तोकिएको रकम जित्ने टिमले पाउँछ।

तारो (वाण) प्रहार गर्दै जाने क्रममा जुन व्यक्ति तारोको बीच भागमा रहेको खोलभित्र सर प्रहार गरी पसाउन सक्छ। त्यो व्यक्तिलाई आफ्नै टिमका सदस्यहरू सहित सम्पूर्ण खेलाडीहरूको तर्फबाट तोकिएको रकम दिइन्छ (छन्त्याल, २०६१: ७१)। यदि एकपटक वा एकभन्दा बढी खेलाडीहरूले सर खोलमा प्रहार गर्न पुगेमा दुवै खोल पसाउने व्यक्तिहरूलाई सबैको तर्फबाट बराबरी तोकिएको रकम दिनुपर्दछ। जति व्यक्तिले एउटै दोहोरमा खोल पसाले पनि बेग्लाबेग्लै समान हिसाबमा रकम पाउँछन्। खोल पसाउने व्यक्तिलाई फूलमालाद्वारा स्वागत र उसको व्यक्तित्वको सत्कार गरिन्छ। पूरा रकमको केहीप्रतिशत कोषमा जम्मा हुन्छ र बाँकी रकम जित्ने व्यक्तिले पाउँछ (सुनार, २०६६: २७-२८)।

तारो हान्ने खेल मुख्यतया माघे संक्रान्तिको दिनबाट वा साउने संक्रान्तिको दिनबाट शुरु गरेतापनि फुर्सदको समय सदुपयोग गरी मनोरञ्जन गर्न समय-समयमा यो खेल खेल्ने चलन छ। यो खेलमा रक्सी पिउँदै रमाइलोसाथ खेल सम्पन्न गरिन्छ। मदिरापान गर्ने आदतमा नहुनेले पनि यो खेल सम्पन्न गर्छन्। यो तारो हान्ने खेलको पनि आफ्नै उद्देश्य छ। पुर्खाहरूले अरूसँग लडाइँ गर्नुपर्दा तथा जनावरहरूको सिकार गर्नुपर्दा धनुवाणको प्रयोग गर्दथे। वाण तथा काठलाई राख्न बेग्लै बाँसको ढुङ्ग्रो बनाइएको हुन्छ र ती काँणहरू त्यस ढुङ्ग्रोभित्र सुरक्षितसाथ राखिन्छ र चाहिएको समयमा ढुङ्ग्रोबाट काँण निकाली दुश्मन तथा जनावरहरूमाथि वाण प्रहार गरी आफूलाई सुरक्षित गर्न सकिन्छ।

छन्त्याल जातिका मानिसहरू अधिक बसोबास गर्ने ठाउँहरूमा यो तारो हान्ने प्रचलन यथावत छ। कतै आफ्नो समाजमा मात्र यो खेल खेल्न सक्षम नभएमा समाजसँग मिलेर प्रत्येक वर्ष तारो (वाण प्रहार गर्ने) खेल खेल्छन्। आफ्नो प्राचीन खेल भएकोले

आधुनिक सभ्यतासम्म आइपुग्दासम्म यो खेल उत्तिकै महत्वपूर्ण रहेको पाइन्छ। नेपाल छन्त्याल संघ कास्कीको भवनमा पनि तारो हान्ने खेल मैदान रहेको छ। यसबाट पनि अघिल्ला र पछिल्ला दिनहरूमा तारो हान्ने खेल सञ्चालन गरिँदै आइरहेको छ। आधुनिक युगमा यो खेल त्यति नखोलिएतापनि हेमजा लगायत कास्कीका छन्त्यालहरू विशेष अवसरमा फुर्सदको समयमा तारो हान्ने खेल मनोरञ्जनका लागि खेल्ने गरेको पाइन्छ (भक्तबहादुर छन्त्याल, अन्तर्वार्ता)।

मनोरञ्जन मानव जीवनको एक महत्वपूर्ण कार्य हो। चाडपर्व तथा सुखका क्षणहरूमा छन्त्यालहरू आनन्दपूर्वक हाँसखेल गर्दछन्। अन्य समुदायको जस्तै माघेसंक्रान्ति, साउने संक्रान्ति छन्त्यालहरूको मुख्य चाडपर्व पर्दछन्। यसलगायत दशैँ, तिहारमा सोरठी नाच गरी तिहारको औँसीको दिनदेखि हरिबोधनी एकादशीको दिनसम्म देउसीभैलो खेल्ने गरिन्छ। उनीहरको भोजमा रक्सी, मासु अनिवार्य हुन्छ साथै अन्य चाडपर्वमा परिवार तथा आफन्त साथीभाइ मिलेर भोजको आयोजना गरी मनाउँछन्। यस जातिको प्रमुख विशेषता सोरठी र मारुनी नाच पनि पर्दछ। परिवारमा जेठो छोरा जन्मिएको उपलक्ष्यमा पुटपुटाउ नाच पनि यस जातिको मुख्य विशेषता नै मानिन्छ। यसरी छन्त्याल जातिहरू पनि विभिन्न धर्म संस्कृतिसँगै रमाएर मनोरञ्जन गर्दछन् (बमबहादुर छन्त्याल, अन्तर्वार्ता)। यसका अलावा विभिन्न चाडपर्वसँगै माघेसंक्रान्ति/साउनेसंक्रान्तिमा आफ्ना चेलीबेटी बोलाएर रमाइलो गरी भोजभतेर गर्दछन्। मनोरञ्जनमा भलिबल, डोरी तान्ने खेल, छेलो हान्ने जस्ता थुप्रै खेलहरू खेली एकआपसमा मनोरञ्जन गर्दछन्। यसका साथै हेमजाका महिला छन्त्याल प्रतियोगितामा सामेल भएर पनि खेलहरू खेल्दछन्। यसर्थ विभिन्न सांस्कृतिक परम्परा साथै आफ्नो मौलिक सामाजिक पहिचानहरूको उजागार गर्ने छन्त्याल जातिले आफ्नो जनजाति पहिचानके इतिहासलाई अगाडि बढाएको पाइन्छ।

### ४.३.२ नाच

सोरठी र मारुनी नाच : हेमजाका छन्त्यालहरूको पनि सोरठी र मारुनी नाच विशेष प्रकारको नाच हो। यो नाचमा केटाकेटीको कपडा लगाएर कम्मरमा मादल भिरी टाउकामा फेटा लगाएर घुमी-घुमी नाच्छन्। यो नाच छन्त्यालहरू विशेष गरी दशैँमा नाच्ने गर्दछन् भने अन्य समय छोराको पुटपुराउमा आशीर्वाद दिन र माघेसंक्रान्तिको दिनमा मनोरञ्जनका लागि यो नाच गरिन्छ (कल्पना छन्त्याल, टेलिफोन वार्ता)।

# परिच्छेद - पाँच

# हेमजाका छन्त्याल जातिको आर्थिक तथा शैक्षिक अवस्था

## ५.१ जीविकोपार्जनको स्थिति

प्राचीन समयमा खानी नै छन्त्यालहरूको जीवन निर्वाह र आम्दानीको प्रमुख स्रोत थियो । खानीभन्दा पहिला शिकार गर्ने क्रममा छन्त्यालहरूले खानी पत्ता लगाई खानी खन्ने काम गरेका थिए । खानी सञ्चालनको शुरुका दिनमा छन्त्यालहरूको आर्थिक अवस्था राम्रो थियो । निश्चित भौगोलिक क्षेत्रमा स्वतन्त्रपूर्वक खानी खनेर प्राप्त तामाबाट प्रशस्त आम्दानी गरेका थिए । तामाबाट घरेलु भाँडाकुँडा, कृषि औजार, गरगहना साथै हातहतियार बनाउँथे । ठेकेदार वा व्यापारीलाई बिक्री गर्थे । तत्कालीन समयमा छन्त्यालसँग तामा धेरै भएकोले खाद्यान्न विनिमय गर्नुपऱ्यो भने तामा र अन्न लेनदेन गरेको विश्वास गरिन्छ ( छन्त्याल, २०७१: १२५) । त्यसै गरी नन्दबहादुर छन्त्यालका अनुसार 'पुर्खाहरूले धेरै तामा उत्खनन गरेकाले अन्नसँग साट्नुपऱ्यो भने तुलोमा अन्न र तामा बराबर जोखेर साट्ने गर्थे । तसर्थ त्यस समयमा खानी खन्नु एउटा आकर्षणको पेशा थियो । आर्थिक सम्पन्नताको कारण यस जातिको पुर्खाहरूले खानी पेशालाई जातीय पेशा बनाएका थिए भन्न सकिन्छ ( छन्त्याल, नन्दबहादुर : अन्तर्वार्ता) ।

राज्यले वार्षिक रूपमा 'भेजा' (कर) लिन थालेपछि यस जातिको आर्थिक अवस्थामा नकारात्मक असर पुग्न थालेको पाइन्छ । शाहकाल वा राणाकालमा सरकारले प्रतिनिधि, कर्मचारी र ठेकेदार खटाएर सकेसम्म बढी भेजा उठाउन थाल्यो एकातिर खानीबाट तामा कम उत्पादन हुने र अर्कोतिर सरकारलाई चर्को भेजा तिर्नुपर्ने अवस्थाले भेजा तिरेर न्यून रूपमा बाँकी रहेका तामा बिक्री गरी जीवन निर्वाह गर्न कठिन हुँदै गयो । राणाकालमा कुनै वर्ष त भेजा प्रति घरधुरी ५ देखि १२ धार्नीसम्म वार्षिक रूपमा बुझाउनुपर्ने बाध्यकारी नियम कायम भयो । यस परिस्थितिवश छन्त्याल जातिको आर्थिक अवस्थामा धक्का पुग्यो । खानीको आरम्भमा आर्थिक रूपले सम्पन्न र धनी छन्त्याल जाति अन्यायमा विपन्न र गरिब बन्न पुगेको सत्य सबै अग्रज बुढापाकाहरू स्वीकार्दछन् । यसरी गरिबी बढेपछि विभिन्न कन्दमुल र जङ्गली सागसब्जी खाने क्रममा अल्लोको जरा खाने मरेका र सिस्नुको जरा

खाने मानिसहरू बाँचेका थिए । एकातिर तत्कालीन राज्यले बिना लगानी चर्को भेजा उठाएर राजस्व वृद्धि गर्ने नीति लिएको र अर्कोतिर खानी सकिँदै जानाले छन्त्याल पूर्वजहरूको आर्थिक सपन्नतालाई कायम राख्न नसकी विभिन्न पेशाहरू अपनाएको पाइन्छ (छन्त्याल, नन्दबहादुर, अन्तर्वार्ता) । ती पेशाहरूलाई विस्तृत रूपमा वर्णन गरिन्छ :

### ५.१.१ परम्परागत पेशा

#### ५.१.१.१ शिकार

आदिकालमा मानिसले शिकारलाई नै आफ्नो जिविकाको साधन बनाएका थिए। छन्त्यालका पनि शुरुको पेशा शिकार भएको र शिकार गर्दागर्दै यिनीहरू खानी पेशामा लागेको कुरा होमनाथ सुवेदीले पनि उल्लेख गरेका छन् (सुवेदी, २०३२: २१) । शिकारको पिछा गर्दागर्दै यिनीहरूले खानी भेट्टाएको र एउटा मृगको शिकार गर्न पिछा गर्दै जाँदा मृगले टेकेको पाइलाले बाहिरी माटोको तह उप्किएर तामाको घाउ देखिएपछि उनीहरूले खानी खन्न शुरु गरे (पन्त: २०५३: ३०) । छन्त्यालहरूको शुरुका पेशा शिकार थियो भन्ने कुराको पुष्टि वर्तमान समयमा पनि यिनीहरूले तारो हान्ने खेल (ताराविलो) उत्सवको रूपमा खेल्छन् भने कतिपय छन्त्यालका घरमा हाल पनि धनु र धोक्रो पाइन्छ। नेपाल छन्त्याल संघ कास्की नदीपुर-३ मा पनि तारो हान्ने खेल खेल्छन् । यसरी पुष्टि हुन्छन् कि त्यति बेला यिनीहरूको जीवन शिकारमा नै निर्भर थियो तर आजभोलि मानव सभ्यताले आधुनिकतातर्फ फड्को मार्नु, वनजङ्गलको ह्रास, शिकारमा प्रतिबन्ध, सहरीकरण आदिका कारणले पनि शिकार पेशामा ह्रास आएको पाइन्छ। आजभोलि शिकार जीविकाको लागि नभई फुर्सदको सदुपयोग र मनोरञ्जनको साधनको रूपमा मात्र सीमित रहेको छ तर सहर बजारमा छदै छैन भन्ने पनि हुन्छ ।

#### ५.१.१.२ खानी

छन्त्यालहरूको पुर्ख्यौली पेशा खानी खन्ने भएकोले खनेल वा आग्री पनि भनिन्छ। खानी खन्ने समयमा छन्त्यालहरूको आयस्रोत निकै राम्रो भएको मानिन्छ। आफ्नो जीविकोपार्जनको रूपमा खानी यिनीहरूको मुख्य पेशा नै थियो । यिनीहरूले कहिलेबाट खानी खन्न लागे भन्ने एकीन छैन तापनि एकजना विदेशी लेखकले यिनीहरू छयान्टु पास प्रवेश गरेदेखि नै खानी खन्न थालेको कुरा उल्लेख गरेका छन् । यसर्थ छन्त्यालहरूको पुर्ख्यौली पेशा खानी खन्ने भएको कुरा निर्विवाद छ। स्वयम् छन्त्यालहरू पनि आफ्नो

पुर्ख्यौली पेशा मुख्य गरी खानी भएको कुरा बताउँछन् (भक्तबहादुर छन्त्याल, अन्तर्वार्ता)। छन्त्यालहरू खानीका विशेषज्ञ नै मानिन्थे। सरकारी धन, ऐलानी तथा निजी जग्गामा पनि यिनीहरूलाई खानी खन्ने अधिकार थियो (पन्त, २०५३: ३६)। खानी खन्दै जाँदा कसैको घरआँगनमा खानीको लाइन परेमा पनि खानी नरोक्नु भन्ने आदेश जारी भएको थियो (थापा र लम्साल, २०५५: १३)। यसर्थ खानी नै छन्त्यालहरूको मुख्य पेशा थियो र आयस्रोत नै खानी खन्ने थियो। तत्कालीन समयमा पनि आफ्नो पसिनाको उचित मूल्य पाउन सकेको देखिदैन। यसको फाइदा छन्त्यालले भन्दा थकालीले लिएको देखिन्छ किनकि छन्त्यालहरूले खानी खन्थे। उनीहरूले निकालेको धाउ कामीले पगालेर भाँडाकुँडा बनाउँथे र त्यसको खरिदबिक्री गर्ने मध्यस्थको भूमिका थकालीहरूले गर्थे। खानी खन्नेताका बालक, वृद्ध नभनी सबै खानीमा लाग्नुपर्थ्यो। यदि काम नगरेमा रातको चार आना र दिनको आठ आनाको दरले दण्ड तिर्नुपर्थ्यो (सुवेदी, २०३२: २२)। पहिरो जाँदा खानी खन्ने र धाउ निकाल्ने सुविधा हुने छन्त्यालहरूको लागि जमिन र पहरा वरदान थियो। खानी खनेबापत छन्त्यालहरूले परिवारका सदस्य सङ्ख्याको आधारमा प्रति परिवार सरदर वार्षिक ५ धार्नी तामा नै भेजा (कर) तिर्नुपर्थ्यो (पन्त, २०५३: ३३)।

खानीका पहाड, पर्वत, पहराहरूमा पनि खन्नुपर्ने भएकोले छन्त्यालहरू खानीका अतिरिक्त पहरा काट्ने काममा पनि सिपालु मानिन्छन् (मेचीदेखि महाकालीसम्म, भाग ३)।

छन्त्यालहरूले भेजाको रूपमा तामाका भाँडाकुडा बुझाउनुपर्ने साथै सरकारलाई चर्को भेजा तिर्नुपर्ने र समयक्रम अनुसार खानीबाट पर्याप्त धातु निकाल्न नसक्नु खानी सकिएर बन्द हुँदै जानु तर भेजा भने तिरिनै रहनुपर्ने बाध्यता आदि कराणले यिनीहरूको परम्परागत पेशा संकटमा पऱ्यो। भेजाको रूपमा तामाका भाँडाकुँडा बुझाउनुपर्ने अनिवार्यताले गर्दा घरमा तामाका भाँडाकुँडा समेत आफ्नापुर्खाले गुमाउनुपरको दुःखेसो स्वयम् छन्त्यालहरू पोख्छन् (बमबहादुर छन्त्याल, अन्तर्वार्ता)।

यसर्थ आफ्नो पुर्ख्यौली पेशा खानीबाट पलायन हुन बाध्य भएर आर्थिक रूपमा खेतीपातीमा संलग्न भएको देखिन्छ। वि.सं. १९८५ मा तत्कालीन प्रधानमन्त्री मोहनशमशेर राणाको पालादेखि चर्को कर तिर्नुपर्ने, तामा कम निस्कने कारणले खानी खोजाइको काम बन्द गरी छन्त्यालहरू अन्य जातिहरूको जस्तै कृषि पेशामा समहित भएको, भारत तथा ब्रिटिस सेनामा भर्ती हुने गरेको, केही वर्ष अघिदेखि जापान, कोरिया, अमेरिका, अस्ट्रेलिया, युके, आयरल्यान्ड, खाडी मुलुकमा रोजगारीका लागि र पढ्नका लागि जाने गरेका छन्।

### ५.१.२ आधुनिक पेशा

#### ५.१.२.१ कृषि तथा पशुपालन

खानी पेशाबाट अलग भएपछि छन्त्यालहरूले कृषि तथा पशुपालनमा लागे। तत्कालीन समयमा यिनीहरू खानी पेशा छोडी कृषिमा लाग्दा त्यसबेलाको उर्वराभूमि प्रायः उपयोगमा आइसकेकोले यिनीहरूले बाँकी रहेका पाखा, पखेरा, जङ्गल, लेक नजिकका सबैले छाडेका भूभागहरूलाई आफ्नो बसोबास स्थल बनाएर त्यसैमा खेतीपाती गर्न थाले ( पन्तः २०५३ः ३३-३४)। खेतीपाती गर्ने जमिन त्यति उर्वर नभएको लेकाली भेकमा चिसो मौसम हिमपात, सिंचाई सुविधाको कमी बाँदरको भय आदि कारणले खेतीपाती पनि व्यवसायिक र आत्मनिर्भरतामुखी रहेन, निर्वाहमुखी रह्यो।

खानी खन्ने पेशाबाट छन्त्यालहरू पशुपालनतर्फ लागे जहाँ गौचरन वा बुकी छ त्यस्तो ठाउँमा पशुपालनको सम्भावना बढी हुने भएकोले गाई, भैंसी, भेडा, बाखापालन गरेर दूध, घिउ उत्पादन गरी बिक्री वितरण गर्न थाले र आफ्नो जीविका गरे (सुवेदी, २०३२ः १४)। त्यतिबेला 'जसका भैंसी उसको वन जसका छोरा उसको धन' भन्ने भनाइ थियो। छन्त्यालहरूले प्रशस्त भैंसी, हुलका हुल भेडाबाखा पाल्ने गर्थे र यसबाट घिउ, खसी, बोका बिक्री गर्दथे (पन्त, २०५३ः ४१)।

हेमजाका छन्त्यालहरूले पनि फुर्सदको समयमा खाली रहेको जग्गामा वा जग्गा भाडामा लिएर तरकारी खेती गर्ने गर्दछन्। पुरुषहरू प्रायः वैदेशिक रोजगारीका लागि जाने गरेका छन्। कुकुरलाई पहिले भेडा, बाखाको बथानमा हिडाउँथे भने आजकल घरको रक्षाका लागि पाल्ने गर्दछन्। हेमजाका महिला छन्त्यालहरूले कुखुरा पालन गरेर पनि आफ्नो जीविकोपार्जन गरेको पाइन्छ।

#### ५.१.२.२ उद्योग तथा व्यापार

खेतीपातीको काम सकेर फुर्सदको समयमा छन्त्यालहरू सानातिना घरेलु उद्योग पनि सञ्चालन गर्दछन्। हेमजाका छन्त्यालहरूमा पनि प्रायः घरमा एउटा तान देख्न पाइन्छ। फुर्सदको समयमा भेडा, बाखाको ऊनबाट राडी, पाखी, काम्ला, गलैचा, हर्दुब्लो, घुम तथा अल्लोको पुवाबाट भाङ्ग्रा, दोचा बुनेर प्रयोग गर्ने तथा बढी भएमा बिक्री वितरण गरेर आफ्ना आवश्यकता पूरा गर्छन्। प्रायः महिलाहरूले घरको काम सकेर फुर्सदको समयमा आफ्नो समयको सदुपयोग गरी आफ्ना आवश्यकताहरू पूरा गर्दछन् (सरिमा छन्त्याल, अन्तर्वार्ता)।

छन्त्यालहरूले बाँस, निगालोको डोका, डाला, डाली थुन्से, चित्रा, मान्द्रा, भकारी, सोली, नाम्लो, दाम्लो बुनेर प्रयोग गर्ने, मेला वा जात्रामा लगेर बिक्री वितरण गर्ने गर्दछन् ( पन्त, २०५३: ४१) । छन्त्यालहरू जङ्गली जडीबुटीको सङ्कलन र बेचबिखन तथा वनका काठबाट हलो, जुवा, हरिस काटी आफ्ना घरेलु आवश्यकता पूरा गर्ने तथा बेचबिखन गरेर केही आम्दानी गर्छन् । यिनीहरू आफ्ना कतिपय घरेलु आवश्यकता पूरा गर्ने मामलामा स्वावलम्बी पनि छन् । वनजङ्गलको विनाशको कारण निगालोको उत्पादनमा ह्रास आएको छ भने अर्कोतर्फ भेडाबाखाको चरन क्षेत्रमा ह्रास आएको कारण ऊनको बाँसको उत्पादनमा घट्न जाँदा वा सहरी क्षेत्रमा बसाइँसराई गरी विस्थापित भएको कारण उद्योग तथा व्यापारमा ह्रास आउनुका साथै ग्रामीण घरेलु उद्योग तथा व्यापारमा पनि कमी आएको पाइन्छ ।

व्यापार गर्ने खास व्यापारिक जातिहरू छन्त्याल होइनन् । खानी खन्ने समयमा पनि यिनीहरूले निकालेका धातुहरू खरिद बिक्री गर्ने काम थकालीले गर्ने त्यसबेलासम्म यिनीहरूलाई व्यापारको राम्रो ज्ञान थिएन । हिजो आज पनि कतिपय छन्त्यालहरूले आफ्नै बसोबास स्थलमा नै सानोतिनो व्यापार तथा होटल व्यवसाय गरेका छन् भने पुर्ख्यौली ठाउँ छोडेर आएका छन्त्यालहरू पनि कास्कीका विभिन्न ठाउँमा होटल तथा व्यापार व्यवसायमा संलग्न भएका छन् र उनीहरूले आफ्नो मुख्य पेशा नै व्यापार व्यवसाय बनेको छ । छन्त्याल जातिमा आयुर्वेदिक औषधिमा जानकारी राख्ने कतिपय व्यक्तिहरूले घरेलु रूपमा पाइने औषधि सङ्कलन गरी उपभोग गर्ने समेत गरेको पाइयो (बमबहादुर छन्त्याल, अन्तर्वार्ता) ।


### ५.१.२.३ नोकरी तथा अन्य पेशा

समयको परिवर्तनसँगै छन्त्यालहरूको आय र रोजगारीको स्रोतमा परिवर्तन आएको छ । कतिपय छन्त्यालहरूको आयको प्रमुख स्रोत नोकरी बनेको छ भने स्वदेशी सरकारी रोजगारीमा यस जातिको खासै पहुँच पुग्न सकेको छैन । यिनीहरू नेपालको जङ्गी निजामति तथा शिक्षण पेशामा नगण्य मात्रामा संलग्न छन् । वैदेशिक रोजगारीबाट भने यिनीहरूले प्रशस्त आय आर्जन गरेका छन् । यिनीहरूको आर्थिक जीवनमा परिवर्तन ल्याउनमा ब्रिटिश तथा भारतीय भर्ती केन्द्रले पनि अहम भूमिका खेलेको छ । विगतमा कतिपय छन्त्यालहरूले आफ्नो थर परिवर्तन गरी थापा, पुन, राना लेखाएर भारतीय तथा ब्रिटिश सैनिक सेवामा कार्यरत थिए । यसरी थर परिवर्तन गरेर भर्ती हुने परम्पराले आफ्नो जातिको जनसंख्यामा नै

ह्रास हुन आएको कुरा स्वयम् छन्त्यालहरू पनि स्वीकार्छन् (क्या. नन्दबहादुर घरब्जा छन्त्यालबाट प्राप्त जानकारी)।

भर्तीका अलावा छन्त्यालहरू वैदेशिक रोजगारीका लागि भारत, बेलायत, अमेरिका, जापान, कोरिया, जर्मनी, हङकङ, सिंगापुर, अष्ट्रेलिया, ब्रुनाई, मलेशिया, थाइल्याण्ड, साउदी अरब, कुवेत, कतार, बहराइन आदि मुलुकमा गएर नोकरी गरी प्रशस्त आय आर्जन गरेका छन्। वैदेशिक रोजगारीमा लागेकाहरूको आर्थिक जीवनमा सकारात्मक परिवर्तन पाउन सकिन्छ। यसर्थ वैदेशिक रोजगारीमा जाने सहरतिर पलायन भएका छन्। हेमजाका छन्त्यालहरू पनि गाउँमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार आदि सुविधाको कमीको कारण सहरमा बसाइँ सरेका हुन्। यसरी खानीपछिको छन्त्यालहरूको मुख्य पेशा कृषि तथा पशुपालन भएतापनि हेमजाका छन्त्यालहरूको मुख्य पेशा जागिर, व्यापार व्यवसाय र वैदेशिक रोजगार रहेको छ। हेमजामा छन्त्यालहरू प्रायः भारतीय पेन्सनर, कोरिया, साउदी अरब, दुबई, कतार, मलेशिया, जापान, अष्ट्रेलिया, अमेरिका आदि देशहरूमा जाने गरेको र महिलाले घरको चुलोचौकोदेखि खेतीपातीको काम गर्ने र फुर्सदमा घरेलु उद्योग जस्तो अल्लोको धागो काट्ने, झोला, सुईटर आदि बुनेर आफ्नो पुर्ख्यौली पेशाको पनि उजागर गर्ने जस्ता काम गर्दछन् (नरमान घरब्जा छन्त्याल, अन्तर्वार्ता)।

हेमजाका छन्त्याल जातिको पेशागत विवरण




*स्रोत : स्थलगत भ्रमण, २०७५*


उपर्युक्त विवरणअनुसार अध्ययन क्षेत्रको स्थलगत भ्रमणबाट प्राप्त जानकारीअनुसार विश्लेषण गर्दा सबैभन्दा बढी ७५ जना कृषिमा, ७० जना वैदेशिक रोजगारमा, १५ जना नोकरीमा, १५ जना व्यापारमा संलग्न रहेका छन् । हेमजा अध्ययन क्षेत्रको जनसंख्या २२५ जनामा ५ वर्षभन्दा मुनिक बालबालिका गरेर १५ जना र ८० वर्ष माथिका ३५ वृद्ध जना रहेको पाइन्छ । ७५ जना जति सक्रिय जनसङ्ख्या रहेको हेमजामा मलेसिया, दुबई, कतार, युके, जापान, अस्ट्रेलिया, हङकङ आदि देशमा वैदेशिक रोजगारीका लागि गएका छन् भने हेमजामा बसोबास गर्ने छन्त्यालहरू व्यापार व्यवसाय, शिक्षक-शिक्षिका, बैंक तथा वित्तीय संघसंस्थामा काम गरेको पाइन्छ । कृषि पेशालाई व्यावसायिक रूपमा लिएको पाइँदैन ।

तत्कालीन द्वन्द्वकालको समयमा म्याग्दीको गुर्जाखानीबाट विस्थापित भएर पोखरा हेमजाको म्याग्दीचोकमा बसोबास गरेका छन्त्यालहरू बाटोघाटोको सुविधासँग घरेलु कामकाज साथै कृषि पेशा र वैदेशिक रोजगारीलाई नै आफ्नो मुख्य पेशा ठानेको पाइन्छ ( कल्पना छन्त्याल, अन्तर्वार्ता) ।

## ५.२ शैक्षिक अवस्था

पोखरा महानगरपालिका वडा नं. २५, हेमजामा बसोबास गर्ने छन्त्यालहरूको शैक्षिक अवस्थालाई मध्यनजर गर्दा पहिलेको तुलनामा छन्त्यालहरूले आफूलाई शैक्षिक रूपमा बलियो बनाई आज राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा पनि आफ्नो छवि बनाउन सफल भएका छन् । शैक्षिक स्तर तीव्र गतिमा माथि उकासिएको नमानिए तापनि कमै मात्रामा भए पनि शैक्षिक स्तर माथिल्लो तहसम्म पुगेको पाइन्छ । यस अध्ययनलाई हेर्दा ७० प्रतिशत मानिसहरू साक्षर रहेको पाइन्छ । हाल आएर यस जातिमा डाक्टर, इन्जिनियर लगायत उच्च शिक्षा हासिल गरेका छन् (कैप्रसाद छन्त्याल, अन्तर्वार्ता) ।

**हेमजाका छन्त्यालहरूको शैक्षिक स्थिति**




*स्रोत : स्थलगत भ्रमण, २०७५*

उपर्युक्त तथ्यङ्क हेर्दा महिला पुरुष समेत गरी उच्च शिक्षा ५५ जना, १०+२ मा ४० जना, एसईई सरह २५ जना, साक्षर मात्र ७५ जना र निरक्षर ३० जना रहेका छन् । यसै गरी यस अध्ययनमा भारतीय सेनामा भर्ती साथै वैदेशिक रोजगारीको सिलसिलामा जाने क्रमले गर्दा सबभन्दा बढी साक्षर रहेको अध्ययनमा पाइयो र यस अध्ययन अनुसार महिलाको तुलनामा पुरुषको उच्च शिक्षा बढी रहेको पाइन्छ ।


### ५.२.१ पुरुषको शैक्षिक अवस्था

यस क्षेत्रमा छन्त्यालहरूलाई हेर्दा शिक्षाको क्षेत्रमा पुरुषको भन्दा महिलाको शैक्षिक स्तर माथि रहेको पाइन्छ । यस क्षेत्रमा विभिन्न सरकारी तथा निजी विद्यालयहरू रहेको ठाउँमा सरकारी तथा निजी विद्यालयहरूमा नै छन्त्यालहरू आफ्नो बालबच्चा पढाउने गर्दछन् । यसैक्रममा यस क्षेत्रको अध्ययनमा पुरुषको भन्दा महिलाले नै उच्च शिक्षासम्म हासिल गरी देशविदेश पढ्नका लागि २५ जना महिला/पुरुष गएको पाइन्छ । महिला र पुरुष दुवैले आयआर्जनका दृष्टिमा आफ्नो भूमिका निर्वाह गरेको पाइन्छ (नरमान घरब्जा छन्त्याल, अन्तर्वार्ता) । छन्त्याल जातिमा योजना बनाउने, परिवार सञ्चालन गर्ने, निर्णय लिने सम्पूर्ण काम वा जिम्मेवारी पुरुषमा पनि छ ।

### ५.२.२ महिलाको शैक्षिक अवस्था

यस क्षेत्रमा महिलाको शैक्षिक अवस्थालाई हेर्दा पुरुषभन्दा महिला शिक्षित भएको पाइएको छ। यसरी हेर्दा यो शैक्षिक स्तरमा पहिलेको भन्दा सुधार आएको छ।

हेमजाका छन्त्यालहरूमा पुरुष र महिलाको शैक्षिक अवस्था




*स्रोत : स्थलगत भ्रमण, २०७५*

उपर्युक्त अनुसन्धान क्षेत्रमा लिइएको तथ्याङ्क अनुसार हेमजाको ४५ घरधुरीमा २२५ जनसंख्या रहेको पाइन्छ। यसमा महिलाको जनसंख्या १२५ र पुरुषको जनसंख्या १०० रहेको छ। (जसमा बालक वृद्ध सबै गरेर) सोही अनुसार जनसंख्याको आधारमा साक्षरदेखि उच्च शिक्षासम्म १०५ जना महिला र साक्षरदेखि उच्च शिक्षासम्म ९० जना पुरुष रहेका छ। जुन कुरालाई तल तालिकामा देखाइएको छ :

| विवरण | जनसंख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ९० जना (१०० जनामा) | ४७% |
| महिला | १०५ (१२५ जनामा) | ५३% |

*(स्रोत : स्थलगत भ्रमण, २०७)*

# परिच्छेद - छ
# निष्कर्ष

यस अध्ययनबाट निकालिएका निष्कर्ष छन्त्यालहरूको ऐतिहासिक, सामाजिक, सांस्कृतिक र आर्थिक पृष्ठभूमिमा आधारित छन् र अनुसन्धानको सिलसिलामा उत्तरदाताले व्यक्त गरेका अमूल्य विचार तथा अध्ययनका क्रममा निकालिएका निष्कर्षहरूको आधारमा सुझावहरू प्रस्तुत गरिएका छन् ।

नेपाल जातिगत दृष्टिले हेर्दा विभिन्न जातजाति, जनजाति भएको राष्ट्र हो । यस्तै धार्मिक, राजनीतिक तथा सामाजिक आदि जुनसुकै दृष्टिकोणले पनि नेपाल विविधताले भरिएको छ ।

नेपाल यसै कारण नेपाल विभिन्न संस्कृति, संस्कार र परम्परा भएका विभिन्न जातजातिको फूलबारी हो । देशको भौगोलिक स्थिति अनुरूप विभिन्न ठाउँमा विभिन्न थरी जातिहरू पुस्तौपुस्ता देखि बस्दै आएका छन् । ती जातिहरूको रहन-सहन, बानी-व्यवहार, भेष-भूषा, भाषा-भाषी, मूल्य-मान्यता आफ्नै किसिमका छन् । यस अन्तर्गत पनि कुनै जाति, समुदाय वा वर्गले विकासको प्रतिफल उपयोग गरी आफ्नो जीवन स्थिति सुधार्ने मौका पाएका छन् भने कुनै समुदाय पिछडिएको वा राज्यको पहुँच भन्दा बाहिर रहेको अवस्थामा जीवनयापन गरिरहेका छन् ।

नेपालका जनजातिहरू मध्ये छन्त्यालहरू पनि नेपालको आदिवासी जनजाति अन्तर्गत पर्दछन् । समग्रमा भन्दा छन्त्यालहरूका पुर्खा, यिनीहरूको शारीरिक वनावट आदिले गर्दा मङ्गोलियन परिवार अन्तर्गत हुनाले नेपालको उत्तरी क्षेत्रबाट नै आएको सहजै अनुमान लगाउन सकिन्छ । अध्ययन गरिएको हेमजा, म्याग्दी चोकमा रहेका ४५ घर मध्ये छन्त्यालहरूको कूल जनसङ्ख्या २२५ मध्ये पुरुष १०० र महिला १२५ जना रहेका छन् । छन्त्याल समुदायमा परिवारको नेतृत्व महिला पुरुष दुवै मिलेर गर्ने गर्दछन् । अहिलेको अवस्थामा पुरुषहरू धेरै विदेश गएको अवस्थामा महिलाले नै सबै अभिभारा लिएको पनि पाइन्छ । अहिलेका छोरीहरू विभिन्न सहकारी, बैंक तथा वित्तीय संस्थामा आफूलाई संलग्न गराएको पाइन्छ । यस क्षेत्रका छन्त्यालहरूले आफ्नो मातृभाषाको प्रयोग गर्नुका साथै आफ्नो संस्कृतिप्रति बढी आकर्षित भएको पाइन्छ ।

छन्त्यालहरूको धर्म सम्बन्धमा मतमतान्तर पाइए तापनि यहाँका छन्त्यालहरूले बौद्ध धर्म मान्ने गर्दछन् । यिनीहरूको जन्म, संस्कार, विवाह, मृत्यु संस्कार बौद्ध तथा हिन्दू संस्कारअनुसार गरिए तापनि यहाँका छन्त्यालहरू आफूलाई बौद्ध भन्न रुचाउँछन् । छन्त्याल जातिमा मूलतः मागी, भागी तथा प्रेम विवाह नै कायम रहेको पाइन्छ । विवाहको उमेर सरदरमा केटाको २५, ३० वर्ष र केटीको उमेर २०-२५ वर्ष रहेको पाइन्छ ।

सर्वेक्षण, अन्तर्वार्ता, अवलोकन विभिन्न पत्रपत्रिका, उपलब्ध अभिलेखहरूको अध्ययन विश्लेषणबाट छन्त्याल जातिको स्थिति सम्बन्धी निष्कर्षमा पुग्न सकिएको छ ।

१) मङ्गोल समुदायबाट आएका छन्त्यालहरू आफ्नो छुट्टै किसिमको भाषा, धर्म, संस्कृति भएको जनजाति हुन्, जसको गुरुङ, थकाली, तामाङ, मगरको संस्कृतिसँग मिल्दोजुल्दो रहेको छ ।

२) पोखरा-२५ हेमजा, म्याग्दी चोकमा बसोबास गर्ने छन्त्यालहरू पर्वत, म्याग्दी, बागलुङबाट आएर म्याग्दीचोकमा मूल थलो बनाई बसोबास गर्दै आएका छन् ।

३) छन्त्यालहरू नेपाल अधिराज्यभरमा १२००० को हाराहारीमा र कास्की जिल्लामा ८०० जति र कास्कीको हेमजामा २२५ जनसंख्या बसोबास गरेको पाइन्छ ।

४) यस जातिले आफ्नो भाषा, संस्कृति, धर्म जोगाउन छन्त्याल संघमार्फत विभिन्न राष्ट्रिय सम्मेलन महाधिवेशन गर्दै आएका छन् ।

५) यस जातिको खानी उत्खननबाट निकालिएका तामाको धाउ र ताम्रपत्रको विश्लेषणले ऐतिहासिकताको परिचय दिएको ।

६) मूल थलो 'छयान्टुङ्ग' रहेको र 'छयान्टुङ्ग' बाट स्थानविशेषको आधारमा छन्त्याल भएको पाइनु ।

७) उचित शिक्षा, शहरी जीवनशैली, सुविधायुक्त ठाउँ, रोजगारी आदिका लागि आफ्नो ठाउँबाट बसाइसराई गरेर आएको पाइन्छ ।

८) एकात्मक परिवारको बाहुल्यता रहेको पाइन्छ । बौद्ध धर्मको प्रभाव ।

९) यस क्षेत्रका छन्त्यालहरू खड्का, घ्याप्चन, पुराने, बुढाथोकी आदि विभिन्न थर तथा उपथरमा रहेका छन् ।

१०) महिलाको अवस्था सन्तोषजनक नै सम्पत्तिमा समान हकको व्यवस्था नभए पनि शिक्षा साथै पालापोषणमा समान अवसर दिने गरेको र घरको जिम्मेवारी साथै घरव्यवहार चलाउन पनि महिलाको स्थान पुरुष सरह नै पाइयो ।

११) विरामी भएको अवस्थामा धामीझाँक्री वा डाक्टर दुवैकहाँ लैजाने गरेको पाइयो ।

१२) विवाहमा मागी विवाह ५० प्रतिशत र प्रेमविवाह ४०.५ प्रतिशत रहेको र अन्तरजातीय विवाह ७.५ प्रतिशत र विधवा विवाह पनि २ प्रतिशत रहेको पाइन्छ ।

१३) विभिन्न सांस्कृतिक पक्षको जगेर्ना गर्ने उद्देश्यले मुख्य चाडपर्व माघेसंक्रान्तिमा विभिन्न खेल (तारो हान्ने खेल, सोरठी वा मारुनी नाच) साथै खेलको आयोजना गरी मनोरञ्जन लिने गर्दछन् ।

१४) यस क्षेत्रका छन्त्यालहरूमा परम्परागत संस्कृतिप्रति आस्था राख्दै लवाईखवाई, रहनसहन, भाषा, भेषभूषा, बोलीचालीमा परिवर्तन भएको पाइन्छ ।

१५) मृत्य संस्कारमा ज्वाइँचेला विधिद्वारा किरिया शुद्ध गर्ने प्रचलन बढी रहेको पाइन्छ ।

१६) आर्थिक स्तर उकास्न परम्परागत पेशा छोडी वैदेशिक रोजगार, नोकरी, व्यवसाय साथै कृषि पेशामा लागी आफ्नो गुजारा चलाएको पाइन्छ। यसका साथै महिलाहरूले घरको कामकाजको साथै फुर्सदमा अल्लो र सिस्नुबाट धागो निकाली त्यसाट हर्दुब्लो, झोला, भाङ्ग्रा, स्वीटर बुनेर बेच्ने गरेको पाइयो ।

१७) महिलाको जनसंख्या १२५ जना रहेकोमा महिला साक्षर १०५ जना र पुरुषको जनसंख्या १०० जना रहेकोमा पुरुष साक्षर ९० जना रहेको छ। यस अध्ययनलाई हेर्दा महिलाको शैक्षिक अवस्थामा पनि सुधार आएको छ ।

१८) समूहमा मिलेर बस्ने छन्त्यालहरू एकआपसमा भेट्दा छन्त्याल भाषा (खाम भाषा) मा र अन्य समयमा नेपाली भाषामा नै कुराकानी गर्दछन् ।

१९) पानी, बत्ती, यातायात, सञ्चार व्यवस्थित भएको मनोरम ठाउँमा बसेका छन्त्यालहरूको सोझोपन, सामूहिक भावना, एकआपसको सामीप्यताले गर्दा आफ्नो संस्कृतिप्रति सचेत रहेको पाइन्छ ।

**सुझावहरू**

आगामी दिनहरूमा अन्य जातिको जस्तै छन्त्याल जातिको पनि सामाजिक, सांस्कृतिक पक्षका बारेमा थप अध्ययन गर्नुपर्ने र आर्थिक, शैक्षिक पक्षका बारेमा थप अध्ययन अनुसन्धान गर्न सरकारी पक्षको ध्यान पुग्नुपर्ने देखिन्छ। यिनीहरूको मौलिक, सांस्कृतिक पक्षको उजागर गर्नुपर्ने जरुरी रहेको छ। यस जातिको पनि विभिन्न पक्षका बारेमा थप अनुसन्धान गरी विस्तृत व्याख्या विश्लेषण गरिनु आवश्यक देखिन्छ ।

# सन्दर्भ सामग्री-सूची


अधिकारी, सूर्यमणि (२०५३), *पश्चिम नेपालको खस अधिराज्य,* कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि. ।

कार्की, ज्ञानबहादुर (२०६८), *नेपालमा जातपात तथा छुवाछूतको इतिहास,* काठमाडौँ : एसिया पब्लिकेशन्स प्रा.लि. ।

गुरुङ, चन्द्रमणि (२०६७), *तमु जातिका कथा र व्यथा,* पोखरा : सु. चन्द्रमणि गुरुङ ।

गुरुङ, हर्क (ई. २००४), *राष्ट्रियता र जनजाति,* काठमाडौँः साझा प्रकाशन ।

गौतम, हरिकृष्ण (२०७५), "पश्चिमेली मञ्च", *नागरिक दैनिक,* पत्रिका ।

छन्त्याल, केभिन झिंराजा (२०६१), *मेरा दृष्टिमा छन्त्याल जाति,* काठमाडौँ : नेपाल छन्त्याल संघ ।

छन्त्याल, गोविन्द (२०७१), "छन्त्याल जातिको इतिहासः एउटा पाटो", छन्त्याल पहिचानका आयाम, काठमाडौंः चिण्डो बुक्स ।

छन्त्याल, दिलबहादुर घरब्जा (२०५१), *छन्त्याल भाषामा कुराकानी,* काठमाडौंः जयन्ती घरब्जा छन्त्याल ।

-------- (२०५५), *ख्योमा,* काठमाडौंः नेपाल छन्त्याल संघ ।

छन्त्याल, हरिचन (२०७१), "छन्त्याल जातिको पुर्ख्यौली पेशा खानीको ऐतिहासिक नालीबेली", *छन्त्याल पहिचानका आयाम,* काठमाडौंः चिण्डो बुक्स ।

*नेपालको अन्तरिम संविधान-२०६३,* काठमाडौँ : पिनाकल पब्लिकेशन प्रा.लि. ।

*नेपालको संविधान-२०७२,* काठमाडौँ : पश्चिम सेती प्रकाशन प्रा.लि. ।

पन्त, शास्त्रदत्त (२०५३), *धवलागिरिका छन्त्याल,* बागलुङः निउरा प्रकाशन ।

पुन, यामबहादुर (२०७१), *पहिचानको आन्दोलनः छन्त्याल जातिको सन्दर्भ,* काठमाडौंः चिण्डो बुक्स ।

बज्राचार्य, धनबज्र (२०५३), *लिच्छविकालका अभिलेख,* काठमाडौंः नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि. ।

*मेचीदेखि महाकाली,* भाग-३ (२०३१), काठमाडौंः श्री ५ को सरकार सञ्चार मन्त्रालय, सूचना विभाग ।

लम्साल, जगत्नाथप्रसाद र थापा दिनबहादुर (२०५५), "छन्त्याल भाषा (खाम कुरा) एक अध्ययन", (लघु शोधपत्र) ।

विष्ट, डोरबहादुर (२०२०), *सबै जातको फूलबारी,* काठमाडौं: साझा प्रकाशन ।

वैद्य, तुलसीराम, त्रिरत्न मानन्धर र शंकरलाल जोशी (१९९३), *सोसल हिस्ट्री अफ नेपाल,* न्यू दिल्ली: अनमोल पब्लिकेशन प्रा.लि. ।

शर्मा, जनकलाल (२०३९), *हाम्रो समाज एक अध्ययन,* काठमाडौः साझा प्रकाशन ।

शर्मा, नरेन्द्र (२०३७), *नेपाली जनजीवन,* काठमाडौं: साझा प्रकाशन ।

सुवेदी, होमनाथ (२०३२), "छन्त्याल जाति एक परिचय", *रूपरेखा,* काठमाडौं : वर्ष १ अंक १५, असोज ।

www.ddckaski.gov.np (23 February, 2018)

joshuaproject.not (25 February, 2018)

## अप्रकाशित शोधपत्र, प्रतिवेदन :

क्षत्री, फणिन्द्र (२०७२), "लमजुङ जिल्ला सिन्दुरे गा.वि.स. का दुरा जातिको सामाजिक तथा आर्थिक पक्षको एक अध्ययन" (अप्रकाशित शोधपत्र), पोखरा : पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभाग ।

भट्टराई, प्रकाश (२०५९), "कास्की जिल्लाका गाइने जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवर्तन" (अप्रकाशित शोधपत्र), पोखरा: पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभाग ।

शर्मा, तेजराज (२०५९), "म्याग्दी जिल्लाका छन्त्याल जाति संक्षिप्त अध्ययन" (अप्रकाशित शोधपत्र), पोखरा: पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभाग ।

सिलवाल, विनोद (२०५८), "सार्की जातिको सामाजिक, आर्थिक तथा सांस्कृतिक परिवर्तन" (अप्रकाशित शोधपत्र), पोखरा : इतिहास तथा संस्कृति विभाग, पृथ्वीनारायण क्याम्पस, इतिहास तथा संस्कृति विभाग ।

सुनार लोकबहादुर (२०६६), "छन्त्याल जातिको सामाजिक सांस्कृतिक तथा आर्थिक अवस्था, म्याग्दी जिल्ला बेनी बजारको एक समाजशास्त्रीय अध्ययन" (अप्रकाशित शोधपत्र), बागलुङः महेन्द्र बहुमुखी क्याम्पस ।

## अन्तर्वार्ता लिइएका महानुभावहरू :

खड्का, छन्त्याल, कल्पना (३०), सचिव, हेमजा आमा समूह, २०७५/०८/०५ ।

छन्त्याल, नन्दबहादुर (६०), वरिष्ठ सदस्य, नेपाल छन्त्याल संघ कास्की, २०७५/५/२२ ।

छन्त्याल, कैप्रसाद (६५), भारतीय पेन्सनर, पोखरा-२५, हेमजा, २०७५/०५/२२ ।

छन्त्याल, नरमान (५६) भारतीय पेन्सनर, पोखरा-२५, हेमजा, २०७५/०५/६

छन्त्याल, बमबहादुर (६७) सचिव, नेपाल छन्त्याल संघ कास्की, २०७५/५/२५ ।

छन्त्याल, भक्तबहादुर (६५) अध्यक्ष, नेपाल छन्त्याल संघ, कास्की २०७५/०२/२५ ।

छन्त्याल, भलम्जा 'समय (५३), सदस्य, हेमजा आमा समूह, २०७५/०८/०५ ।

छन्त्याल, सरिमा (५०) अध्यक्ष, हेमजा आमा समूह, २०७५/०८/०५ ।

## परिशिष्ट-१

## नेपालका प्रमुख जातिहरू

### नेपालका जनजाति र तिनीहरूको जनसङ्ख्या

| क्र.सं. | जात/जाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मगर | १६२२४२१ | ७.१० |
| २ | गुरुङ | ६८६००० | २.३९ |
| ३ | थारु | १५३३८७९ | ६.७० |
| ४ | तामाङ | १२८२३०४ | ५.६० |
| ५ | नेवार | १२४५२३२ | ५.५० |
| ६ | राई | ६३५१५१ | २.७९ |
| ७ | लिम्बू | ३५९३७९ | १.५८ |
| ८ | धानुक | २१९८०८ | १.०० |
| ९ | शेर्पा | १५४६२२ | ०.०५ |
| १० | घर्ती/भुजेल | ११७५६८ | ०.५२ |
| ११ | कुमाल | ९९३८९ | ०.४४ |
| १२ | राजवंशी | ९५८१२ | ०.४२ |
| १३ | सुनुवार | ९५२५४ | ०.४२ |
| १४ | माझी | ७२६१४ | ०.३२ |
| १५ | दनुवार | ५३५२९ | ०.२३ |
| १६ | चेपाङ (प्रजा) | ५२२३७ | ०.२३ |
| १७ | सत्याल (सतार) | ४२६९८ | ०.१९ |
| १८ | झाँगड | ४१७६४ | ०.१८ |
| १९ | गन्गाई | ३१३१८ | ०.१४ |
| २० | थामी | २२९९९ | ०.१० |
| २१ | धिमाल | १९५३७ | ०.०९ |
| २२ | भोटे | १९२६१ | ०.०८ |
| २३ | याख्या | १७००३ | ०.०७ |

| | | | |
|---|---|---|---|
| २४ | दराई | १४८५९ | ०.०७ |
| २५ | ताजपुरिया | १३२५० | ०.०६ |
| २६ | थकाली | १२९७३ | ०.०६ |
| २७ | पहरी | ११५०५ | ०.०५ |
| २८ | छन्त्याल | ९८१४ | ०.०४ |
| २९ | बोटे | ७९६९ | ०.०४ |
| ३० | ब्राबु/बरामु | ७३८३ | ०.०३ |
| ३१ | जिरेल | ५३१६ | ०.०२ |
| ३२ | दुरा | ५२६४ | ०.०२ |
| ३३ | मेचे | ३७६३ | ०.०२ |
| ३४ | लेप्चा | ३६६० | ०.०२ |
| ३५ | किसान | २८७६ | ०.०१ |
| ३६ | राजी | २३९९ | ०.०१ |
| ३७ | व्यासी | २१०३ | ०.०१ |
| ३८ | हाचु | १९२१ | ०.०१ |
| ३९ | कोचे | १४१९ | ०.०१ |
| ४० | वलुङ | ११४८ | ०.०१ |
| ४१ | मरडी | ५१४४३ | ०.०२ |
| ४२ | राउटे | ६५८ | ० |
| ४३ | ह्योल्मो | ५७९ | ० |
| ४४ | कुश्वारिया | ५५२ | ० |
| ४५ | कुसुण्डा | १६४ | ० |

*स्रोतः केन्द्रीय तथ्याङ्क विभाग राष्ट्रिय जनगणना २०६८*

| क्र.सं. | जनजाति समूह | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | क्षत्री | ४३९८०५३ | १६.६० |
| २ | बाहुन | ३२२६९०३ | १२.१८ |
| ३ | मगर | १८८७७३३ | ७.१२ |
| ४ | थारु | १७३७४७७० | ६.५६ |
| ५ | तामाङ | १५३९८३० | ५.८१ |
| ६ | नेवार | १३२१९३३ | ४.९९ |
| ७ | कामी | १२५८५५४ | ४.७५ |
| ८ | मुसलमान | ११६२५५ | ४.३९ |
| ९ | यादव | १०५४४५८ | ३.९८ |
| १० | राई | ६२०००४ | २.३४ |
| ११ | गुरुङ | ५२२६४१ | १.९७ |
| १२ | दमाइ/ढोली | ४७२६२३ | १.७८ |
| १३ | ठकुरी | ४२५६२३ | १.६१ |
| १४ | लिम्बू | ३८७३०० | १.४६ |
| १५ | सार्की | ३७४८१६ | १.४१ |
| १६ | टेली | ३६९६८८ | १.४० |
| १७ | चमार/हरिजन/राम | ३३५८९३ | १.२७ |
| १८ | कोटी/कुसुण्डा | ३०६३९३ | १.१६ |
| १९ | मुसहर | २३४४९० | ०.८९ |
| २० | कुरर्मी | २३११२९ | ०.८७ |
| २१ | सन्यासी/दशनामी | २२७८२२ | ०.८६ |
| २२ | धतुक | २१९८०८ | ०.८३ |
| २३ | दुसाध/पासवान/पासी | २०८९१० | ०.७९ |
| २४ | राउटे | ६१८ | ०.०० |
| २५ | नुराङ्ग | २७८ | ०.०० |
| २६ | कुसुण्डा | २७३ | ०.०० |
| २७ | अन्य (छन्त्याल समेत) | २८२३२१ | १.०७ |
| | **जम्मा** | २,६४,९४,५०४ | १००.०० |

*जम्मा २०६८ (२०११) जनगणना अनुसार*

## परिशिष्ट-२

## छन्त्याल भाषाको नेपाली, थकाली, गुरुङ र खाम नगर भाषासँग तुलना

| नेपाली | छन्त्याल | थकाली | गुरुङ | खाममगर |
|---|---|---|---|---|
| छोरा | कोला | झ्रू | झ | डाजा |
| छोरी | च्हामे | झमे | च्हमे | डाजा |
| मानिस | म्ही | म्ही | भि | म्ही |
| मुख | सुङ | सुङ | सु | हेय |
| हात | या | या | यो/या | कही |
| भात | काल | कन् | कै | को |
| दाल | पैटो | पैटो | पैटो | दाल |
| मासु | स्या | स्य | स्य | स्याक्सी |
| केराउ | कल्ला | टङ्कर | टाङक | केराउ |
| चरा | मिमी | नेमे | नम | बासा |
| हिड्पो | त्हाराई | त्हम | व्हाराई | स्वाके |
| पिउनेछ | थुवामु | थुकैमेजी | थुम्मु | हुमोतो |
| छ | मु | मु | मु | ले |
| मु | ना | ङ | ङ | ङ |
| आँखा | मी | मी | मि | मी |

*(शर्मा, तेजराज, २०५९:*

## परिशिष्ट-३

# छन्त्याल जातिमा प्रचलित गाइने गीतका केही हरफहरू

### यानीमाया गीतको नमुना

केटा : चिन्नेलाई पो सिरीखण्ड या....नी....मा....या,
नचिन्नेलाई काठ
तिमीसँग माया लाउने इच्छा मलाई या....नी....मा....या,
के पऱ्यो र जात

केटी : जीवन मइले दिन दिन्छु या....नी....मा....या,
राख्छ भने साथ
विचार तिमीले गरी हाल या....नी....मा....या,
छन्त्याल हाम्रो जात

केटा : नचिन्ने थियो, चिनी हाल्यो, या....नी....मा....या,
गर्छु मैले, प्रित
मनमा लाग्ने खुल्दुली या....नी....मा....या,
छापी धिन्छु छन्त्याल जातको गीत

केटी : मन त मेरो बालोई, बालोई या....नी....मा....या,
वर्ष पुग्यो असी
छन्त्याल जात पनि स्यानो होइन, या....नी....मा....या,
नराखम् है पछि ....

## खेली गीतको नमुना

शुरुमा

नाच्ने गाउने आयो भने गुन्द्री मान्द्री विछ्याऊ ।

नाच्ने गाउने आयो भने दही चामल भिजायो ।

झरुका झरुका टीकिया लायो निधारै भयो उज्यालो

सुनको सँगार, रूपको दुवार उघार त उघार धरिमको दुबार

बीचमा

दुवैर वरिषको वीरमलो राजा तीनैर वरिषको रानी ।

आफैर औतारी नीरमलो राजा दिनमा दिन हलकनै लाग्यो ॥

सातैर वरिषको नीरमलो राजा आठैर वरिषको रानी

आफैर औतारी वीरमलो राजा दिनमा दिन हलकनै लाग्यो ।

अन्त्यमा

पूर्वबाट आएको चिठी आफै रानी हेरल

सयमा चिठी बाँचीमा बाँची अफै रानी धुरुधुरु रुन्छ

दशै र वरिषको वीरमलो राजा एघार वरिषको रानी विहे कर्मको

बस बाबै, बस आमै, मयालु चेली चली जान्छु ।

## छन्त्याल भाषाको गीत

छन्त्याल - च्याई-च्याई कोपिला खाई फूलिशिर
चु जोवन क्हिरा हिन् था ह्यारो भूलिशिर

नेपाली - सानो-सानो कोपिला आयो फुलेर
यो जीवन तिम्लाई हो नजाऊ भुलेर

छन्त्याल - मि-मि पासरी नाकाराकै खनिरी
हया बर्खामा सरी

नेपाली - चरी पासैमा
म रुँदै कहाँ जाने बर्खा मासैमा

छन्त्याल गीत, समय भलञ्जा छन्त्याल, भेटवार्ता
छन्त्याल तन्नेरी, तिहिम निय झिंखानी घ्याङय अन्तररी
छन्त्याल नन्देरी, घर हाम्रो झिंखानी वनको बिचमा

परिशिष्ट-४

तस्वीरहरू



छन्त्यालहरूको मूल थलो म्याग्दी जिल्लाको गुर्जाखानी गाउँ, फोटो सौजन्यः प्रकाश थापा, पृथ्वीनारायण क्याम्पस, पोखरा



छन्त्यालहरूको सांस्कृतिक पुटपुराउ नाच



छन्त्यालहरू सांस्कृतिक पोशाकमा साथमा शोधकर्ता



हेमजाका छन्त्याल सरिमा छन्त्याल राडीपाखीको लागि धागो बुन्दै साथमा शोधकर्ता



हेम्जाका छन्त्यालहरू सांस्कृतिक पोशाकमा



म्याग्दीका छन्त्यालहरू सांस्कृतिक पोशाकमा, फोटो सौजन्य : तेजराज शर्मा



छन्त्याल पुरुषहरू सांस्कृतिक पोशाकमा



छन्त्याल महिलाहरू सांस्कृतिक पोशाकमा



छन्त्याल जातिका मौलिक घरेलु सामग्रीहरूको अवलोकन गर्दै शोधकर्ता



म्याग्दीमा रहेको छन्त्याल जातिको

प्राचीन रोचा



छन्त्याल जातिले तयार पारेको

राडीपाखी, अल्लोको धागो, कम्बल





प्राचीन कालमा छन्त्यालहरूले प्रयोग गर्ने भाँडाकुँडाहरू

## हेमजा-२५, म्याग्दीचोकमा बसोबास गर्ने छन्त्याल जातिको सामाजिक/सांस्कृतिक, शैक्षिक एवम् आर्थिक पक्ष

### एक अध्ययन

प्रश्नावली

घरमुलीको नाम, थरः-

लिङ्गः-

धर्म :-

मुख्य पेशा :-

उमेर :-

शिक्षा :-

सहायक पेशा :-

१) बिरामी हुँदा कसलाई देखाउनुहुन्छ ?

क) धामी/झाँक्री   ख) डाक्टर   ग) दुवै

२) छन्त्याल जाति भएकोमा आफूलाई कस्तो महसूस गर्नुहुन्छ ?

क) राम्रो   ख) नराम्रो   ग) दुवैले

३) तपाईलाई आफ्नो पुर्खाका बारेमा केही थाहा छ ?

क) छ   ख) छैन

४) तपाईको जीवनको शुरुदेखि हालसम्म तपाईको समाजमा के-के परिवर्तन भए जस्तो लाग्छ ?

क) शिक्षा   ख) स्वास्थ्य   ग) रोजगारी

५) प्रचलित चाडपर्वहरू कसरी मनाउनु हुन्छ ?

क) सामूहिक रूपमा   ख) पारिवारिक रूपमा

६) तपाईको मुख्य चार्ड के हो ?

क) दशै   ख) तिहार

ग) माघेसंक्रान्ति   घ) पुस पन्ध्र

७) तपाईको समुदायमा अहिले कुन विवाह प्रणाली प्रचलित छ ?

क) भागी विवाह   ख) मागीविवाह   ग) प्रेमविवाह   घ) विध्वा

८) आफ्नो जात बाहेक अन्य जातसँग विवाह गर्नु हुन्छ कि हुँदैन ?

क) गर्छौं ख) गर्दैनौं

९) एक आपसमा कुन भाषाको प्रयोग गर्नुहुन्छ ?

क) नेपाली ख) मातृभाषा ग) दुवै

१०) तपाईहरू कुन धर्म मान्नु हुन्छ ?

क) हिन्दू ख) बौद्ध ग) क्रिश्चियन घ) अन्य

११) तपाईको मुख्य पेशा के हो ?

क) कृषि ख) पशुपालन ग) व्यापार

घ) नोकरी वैदेशिक रोजगार

१२) तपाईको सबैभन्दा बढी खर्च के मा हुन्छ ?

क) खाना ख) शिक्षा ग) स्वास्थ्य

१३) तपाईहरूको समाजमा अर्काको जग्गा कमाउने प्रचलन छ कि छैन ?

क) छ ख) छैन

१४) आर्थिक अवस्था पहिलाभन्दा परिवर्तन आउको छ कि छैन ?

क) छ ख) छैन

१५) तपाईको वार्षिक उत्पादनले आफ्नो घरपरिवारको आवश्यकता पूर्ति हुन्छ ?

क) हुन्छ ख) हुँदैन ग) बराबर हुन्छ

१६) शिक्षामा महिलाको अवस्था कस्तो छ ?

क) अति राम्रो ख) राम्रो ग) सन्तोषजक

१७) महिलाले घरबाहेक अरु कुन-कुन व्यवसाय वा रोजगारी के गर्छन् ?

क) व्यापार ख) कृषि ग) जागिर

१८) पुरुषको उच्च शिक्षा बढी छ कि महिलाको ?

क) पुरुष ख) महिला

१९) तपाईको बच्चाहरू कुन विद्यालयमा प्राथमिकता दिनुहन्छ ?

क) सरकारी विद्यालय ख) निजी विद्यालय ग) घरमा नै बस्छन्

धन्यवाद !